मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

असुज - साउन, २०५, वर्ष १, अंक ३/४, पूर्णाङ्क १०-११

प्राची

संचेतना द्वैमासिक

हामीले उत्साहले उडाएको सेतो परेवा
धर्मराउँदै खस्छ धरातलमा,
बारूद बारूद गन्हाउँछन् उसका पखेटा
बारूद बारूद गन्हाउँछ, उसको श्वास

- स्व. हरिभक्त कटुवाल

मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन

मानिसको हक खोजिरहेछन् नेपालका उत्पीडित मानिसहरू

प्रहरी ज्यादतीको छानवीन गरियोस्

रु. ५

Complimentary Copy

मानवको लागि मानव अधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

यस पटक

सम्पादकीय	: इच्छा शक्तिको कुरो	
राष्ट्रिय परिवेश	: प्रहरी ज्यादतीको जांच गरियोस्	७
	: सिन्धुको चेलीबेटी व्यापार	
आजको मुद्दा	: प्रलेख व्यवस्था	
अभियान	: अगुवाको स्मृति अगुवाको ...	३०
सतहमा देखिएको कुरा	: छुवाछुतको डरलाग्दो प्रकोप	२२
	: खोटाङको यथार्थ	२९
	: गगनगंजका वादी महिलाहरू	३१
	: जारी प्रथाबाट ग्रस्त जुम्ला	३२
सिमाना पारी	: एउटा सांग्रिला ...	३५
प्रतिध्वनी		२
कृपया क्षमा गर्नोस	: कलहको झर्रो यथार्थ सलह	

र पृष्ठ ४ मा विमल निभाको कविता तथा पृष्ठ २१ मा नारायण ढकालको कथा

वर्ष १,अंक ३,४,५,फागुन-साउन,०४९/अगस्त १९९३

संस्थापक : सुशील-प्रकाश

सम्पादक : कुन्दन अर्याल
कला : रबिन साय्मि
टाइप सेटिंग : किरण माली
पत्राचार : पो.ब.नं. १९२४ काठमाण्डौ

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

... एउटा सानो पंचको व्यवस्था गरिएको थियो, म त्यहाँ उक्लें, प्रहरीहरूले मलाई ताने। एउटा डी.एस.पी.ले मलाई पिट्यो। प्रहरीहरूले झन थपे। बन्दूकका कुन्दै कुन्दाले मेरो टाउको, कन्धट लगायत शरीर भरि बेसरी हाने। जीउ रक्ताम्मे भयो। एक इन्सपेक्टरले पिट्नेहरूलाई रोक्ने प्रयास गरे। म लगायत अन्य ५ जनालाई २० मीटर पर रहेको प्रहरी भ्यानतिर लगियो। त्यो बीचमा उनीहरूले घिसर्दै पिट्दै गरे।

– सांसद, अमिक शेरचन, साउन ५ गतेको घटनाको वर्णन गर्दै शिक्षण अस्पतालमा
(नेपालीपत्र साउन १४ गते)

गोली चल्यो, त्यो जायज ढंगले चल्यो की नाजायज ढंगले चल्यो, चलाउने पर्ने अवस्था थियो कि थिएन, गोली बेठिक ढंगले पनि चल्न सक्छ, त्यो सब जाँच गराउन हामी तयार छौं।
नेपाली कांग्रेसका महामन्त्री महेन्द्र नारायण निधि
(प्रकाश साप्ताहिक साउन ११ गते)

यो झुठा आरोप हो। प्रहरीले आफ्नै देशका आफ्नै दाजुभाईहरूलाई बिथामा किन गोली ठोक्छ ? तोडफोड, ध्वंसात्मक कार्य गर्ने ज्यादती गर्ने जस्ता कृयाकलाप प्रहरीबाट हुन सक्दैन।
– गृहमन्त्री, शेर बहादुर देउवा
वातावरणलाई हिंसक बनाउन प्रहरीको पनि हात रहेको छ कि छैन भन्ने आशयले सोधिएको प्रश्नको उत्तरमा
(सुरूची असार २७ गते)

श्रीमान सम्पादकज्यू

मानवअधिकार सम्बन्धी पत्रिका प्राची संचेतना द्वैमासिक पढ्न पाउँदा ज्यादै खुसी लागेको छ। प्राचीको आवरण पृष्ठको भित्री दुवै पृष्ठहरू त्यसै खालि रख्नु भन्दा मानव अधिकार संबन्धी सामान्य ज्ञान , प्रतियोगितात्मक कोठे पद, जस्ता अरू नयाँ स्तम्भहरू राख्नु पर्‍यो। यो पत्रिका म जस्ता पाठकले सजिलैसंग समयमा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्‍यो।

प्राचीको प्रथम अंकको तुलनामा दोस्रो अंक धेरै स्तरीय भएता पनि अक्षर सम्बन्धी केही गल्ती भेटिएका छन्। जस्तो - प्राचीको अंक २ को पेज २८ मा पहिलो पंक्तिको अन्तिम अनुच्छेदको अन्तिममा ... चाढे चार ... भएर छापिएको रहेछ। सायद यो ... साढे चार ... हुनु पर्छ। अब आगामी अंकमा यस्ता गल्तीहरू सुधारियोस भन्ने चाहन्छु।

घनश्याम पाण्डे
तुलसीपुर न. पा.
वार्ड नं. ११, दाङ।

प्राची संचेतना समयमै अध्ययन गर्न पाइयो। प्रजातन्त्र प्राप्त भइसके पछि पनि नेपालमा रहेका जेलहरूका कारूणिक अवस्था, वन्दीहरूको स्थिति वेश्यावृति र चेलीवेटीहरूको बेचविखन कथा, राजनैतिक प्रतिशोधको हतियार बताइएको सार्वजनिक मुद्दा आदि बारे जानकारी पाउँदा दुःख लाग्नु स्वाभाविक हो। स्वामी अग्निवेशसंगको वार्ताका अतिरिक्त प्रकाश काफ्लेको संभनामा प्रस्तुत संपादकीय स्तरीय रोचक र ज्ञानवर्द्धक छ। अन्य रचनाहरू पनि ज्ञानवर्द्धक छन्।

मानवअधिकार प्राप्त तथा रक्षा गर्न जनतालाई संचेतना प्रदान गर्न आगामी अंकहरूमा पनि यस्तै तथ्य खोजपूर्ण लेख एवं रोचक जानकारीको आशा राख्दछु।

- प्रल्हाद गाउँले
पंचमी-१ गोपेटार
पाँचथर

मानवअधिकारका लागि उपयुक्त संस्कृतिका लागि चेतनाको जागरण फैलाउन अघि बढेको पत्रिका "प्राची" पढें। त्यसमा "श्यामल" जी बाट प्रस्तुत प्रजातन्त्र शिर्षक भएको कविता निकै स्तरीय एवं सोचनीय लाग्यो। कुन्दन अर्यालबाट प्रस्तुत "निर्धक भएर पसेको छैन जेल भित्र मानव अधिकार" निकै जानकारीमूलक सामाग्री भएकोले यसले पत्रिकालाई जीवन्तता प्रदान गरेको छ भने "आजका बिरबल हँसाउने नेताहरू" ले छोटो मिठो भन्ने उक्तिलाई सार्थकता प्रदान गरेको छ।

"सवा सेर गहुँ" को पूरा कहानी भएमा त्यसलाई अन्य अंकहरूमा प्रकाशन गरी दिनु होला। साथमा स्वामी अग्निवेशसंगको अन्तरवार्ता, रामशरण प्याकुरेलको देह व्यपारको कहाली लाग्दो तथ्य एवं समसामचारमूलक "राष्ट्रिय परिवेश", तथा गोपाल गुरागाईबाट संकलित सतहमा देखिएका कुराहरू अन्तर्गत "सार्वजनिक मुद्दा" ले पनि पत्रिकालाई लोकप्रियता प्राप्त गर्न थप योगदान दिएको छ।

आगामी अंकहरूमा बर्मामा भएका मानवअधिकारको हनन् सम्बन्धी लेखहरू, मानवअधिकार प्रतियोगिता तथा रोचक एवं प्रेरक प्रसंगहरू समावेश गर्न पाए राम्रो हुने थियो।

अन्नत पौडेल
दुधे, झपा

प्राचीको सूचना

विविध प्राविधिक कठिनाईहरूका कारण प्राची लामो अन्तराल पछि मात्र प्रकाशित हुँदैछ। आगामि अंक देखि यस्तो कमजोरी प्रकट हुन नदिन हामी प्रयत्नशील रहने छौं। प्राचीको अनियमित प्रकाशनबाट पाठकहरूमा पर्न गएको असुविधालाई हामीले गंभीर ठानेका छौं।

- सम्पादक

इच्छा शक्तिको कुरो

प्रेस ट्रस्ट अफ इण्डियाले हालै भारतमा अझ पनि मानव वली प्रथाको अस्तित्व रहेको तथ्य प्रकाशमा ल्याएको थियो । जमशेदपुर नजिकै इन्दूरमती नामक गाउँमा एकजना बालिकालाई उनको पिताको समेत संलग्नतामा वाण हानी मारिएको तथ्यले मानवअधिकारको कुरा गर्ने सभ्य समुदायलाई नराम्रोसंग गिज्याएको छ ।

इन्दूरमती हाम्रो देशको सीमा भन्दा बाहिर पर्दछ । टाढा पनि पर्दछ । तर त्यहाँको हृदयविदारक घटनाले पार्ने प्रभावलाई सीमाले छेक्न सक्दैन । र त्यस घटनाको उल्लेख गर्नु किन पनि आवश्यक छ भने दक्षिण एशियाका सबै राष्ट्रहरू मानवअधिकारको सवालमा उस्तै उस्तै स्थितिमा रहेका छन् ।

अब• हत्या गोली र राजनैतिक अधिकारको उल्लंघनका घटनालाई छुपाएर राख्न सफल भएका भुटान र माल्दिभ्स समेत विश्व समुदायको आँखामा चढी सकेका छन् । वहुदलीय प्रजातन्त्रको आगमन भईसके पश्चात नेपालमा उल्लेख्य मानवअधिकार उल्लंघनका घटनाहरू घट्ने छैनन् भन्ने विश्वास धेरैको थियो । तर अहिले सम्मको स्थिति हेर्दा त्यसो भन्नै मिल्दैन । अझ दुःखको कुरो त के छ भने पहिलेको तुलनामा निकै प्रगतिशील मानिसहरू शासन सत्तामा पुगे पश्चात परम्परागत मान्यताको आधारमा अडी रहेका विसंगतिहरू पन्छाउने दिशामा समेत केही हुन सकेको छैन ।-

माथि पहिलो अनुच्छेद मै इन्दूरमतीको घटनाको उल्लेख गरियो । त्यस घटनाको उल्लेख यस कारण पनि गरियो की स्वतन्त्रताको ४५ वर्ष पछि पनि भारतमा त्यस्तो घटना घटे जस्तै हामी कहाँ पनि नघटोस् भन्ने दिशामा सचेत हुनु आवश्क छ । पंचायतले रजत जयन्ती विसंगती र विकृतिको आहालमा उभिएर मनाएको थियो । तर वहुदलीय प्रजातन्त्रमा पनि एउटा उल्लेख्य अवधि पार गरि सक्दा पनि सामाजिक सुधारको दिशामा केही गर्न नसकिएको कुरा खद्किदो सत्यका रूपमा रहेको छ ।

देशमा आज पनि कृषि पेशामा हजारौं वधुँवा मजदूर संलग्न छन् । तर तिनीहरूको विमुक्तिका निम्ति हाम्रो संसदमा एउटा विधेयक पनि प्रस्तुत हुन सकेको छैन । सामाजिक र साँस्कृतिक विसंगतीको खाडलमा जाकिएका महिलाहरूको सम्मानमूलक जीवन यापन गर्न पाउने अधिकार आज पनि स्थापित हुन सकेको मान्न सकिने ठाउँ छैन । गाउँ गाउँमा साक्षरता र चेतनाको प्रसार गर्ने उद्देश्यका साथ गैर सरकारी संघ संस्थाहरू पनि कार्यरत छन् । तर राज्य स्तरमा देखा पर्ने इच्छा शक्तिले मात्र त्यस्ता कामहरूलाई वल प्रदान गर्न सक्दछ ।

एमाले नेताद्वय मदन भण्डारी र जीवराज आश्रितका विषयमा प्रचण्डराज अनिलको प्रतिवेदन प्रकाशित भए पश्चात सुरू भएको आन्दोलनका क्रममा प्रहरीको गोलीद्वारा २२ जना निर्दोष नागरिकहरू मारिइ सकेका छन् । र उक्त आन्दोलनका क्रममा सरकारद्वारा भएका ज्यादतीहरू जनताको मनमा वडो नमीठोसंग विझेका छन् । मानवअधिकारको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका निम्ति प्रजातान्त्रिक नेपालको विगत करिव २ महिना निश्चय पनि अत्यन्त दुःखदायी छ । तर हाम्रो सरकारले विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरूद्वारा उक्त गोली काण्डहरूको छानविन गर्न दिएको सुझावलाई पनि लत्याइ दियो ।

संसारभर मानवअधिकारका उल्लंघनकर्ताहरूलाई छूट दिनै हुँदैन भन्ने आवाज उठिरहेको छ । तर हामी कहाँ चर्चित मल्लिक आयोगको प्रतिवेदनलाई अहिलेसम्म धुलोले ढाकेको छ । सरकारले उक्त आयोगको प्रतिवेदनद्वारा त्यस्तो कारवाही हुन नसक्ने भए अर्को आयोगको समेत गठन गर्नु पर्थ्यो । तर मानवअधिकारको निम्ति एउटा असल संस्कृतिको सुरूवात गर्ने क्रममा सरकारले त्यस दिशामा पाइलो बढाउन सकेको छैन । नेपालका मानवअधिकार कार्यकर्ताहरूका निम्ति सबभन्दा दुःखदायी कुरो यही हो ।

हालैको भीषण बाढी र पैह्रोसंगै जोडिएर सरकारी अधिकारी, व्यवस्थापक र मन्त्री समेतका लापरवाहीका कथाहरू सुन्नमा आएका छन् । मन्त्रालयको सुझाव बमोजिमको कुलेखानी विद्युत आयोजनामा कर्मचारीहरूद्वारा भएको त्रुटीका कारण वागमती सिंचाई आयोजना हुँदै सर्लाही र रौतहटमा विनास भएको, मकवानपुर र चितवनमा क्षति भएको कुरा प्रकाशित भएको छ ।

केही कर्मचारीको लापरवाहीका कारण हज्जारौं जनताको बाँच्न पाउने अधिकार जस्तो सबभन्दा आधारभूत अधिकारको उल्लंघन भएको यति ठूलो चर्चा चलि रहँदा पनि सरकार मौन रही रहनु अत्यन्त दुःखदायी कुरो हो । यस्तो अवस्थामा सरकारले बाढी पैह्रोका बारेमा सम्पूर्ण तथ्यहरू प्रकाशमा ल्याउन तुरून्त एउटा आयोग बनाउन आवश्यक छ ।

मानवअधिकार र प्रजातन्त्र एकै सिक्काका दुई पाटा जस्तै हुन् । आजको चेतनशील विश्व समाज बीच कुनै पनि राष्ट्रले छुट्टै टापु जस्तो भएर मानवअधिकारलाई लत्याउन धेरै समयसम्म सक्दैन । ढिलो चाँडो सबै राष्ट्रले समयको प्रवाहसंग बहनै पर्दछ । यस्तो स्थितिमा हाम्रो जस्तो संविधानले मानवअधिकारको उल्लेख्य रूपमा प्रत्याभूति गरेको समाजमा मानवअधिकारको कटौती गरिनु वा त्यस अधिकारलाई सीमित पार्ने प्रयास गरिनु सह्य कुरो हुनै सक्दैन । हिजो मानवअधिकार प्रति प्रतिबद्धता जाहेर गर्ने राजनेताहरू नै आज हाम्रो सरकारको नेतृत्व गरि रहनु भएको छ । तर मानवअधिकारको क्षेत्रमा यहाँ अझै अत्यन्त दुःखदायी समाचारहरू सुनिरहनु परेको छ । मानवअधिकारलाई व्यवहारिक पक्षमा उतार्नका निम्ति सरकारद्वारा दहो इच्छा शक्ति दर्शाउन अब ढिलो भई सक्यो ।

गोरो महाजन

-विमल निभा-

वाशिंगटनको गगनचुम्बी महलको
५५ औं तलामा बस्ने
एउटा गोरो महाजन
म विरूद्ध रच्दैछ
कालो षडयन्त्र

म जब निस्कन्छु
आफनी पत्नी र छोरासंग
बाहिर खुला सडकमा
उसको चश्मा भित्रको नजर
मेरो निरन्तर पिछा गरिरहन्छ
ऊ एकाएक सशंकित हुन्छ
किन स्वतन्त्रतापूर्वक
हिंडडुल गरिरहन्छ
एशियाको
सवभन्दा पिछडिएको मुलुकको
एउटा नागरिक्

एक दिन म गाइ रहेथें
प्रेमको गीत
उसको कम्प्युटरमा बल्न थाल्यो
प्लीक - प्लीक
खतराको बत्ती
र उसले तत्कालै
सांस्कृतिक आदान - प्रदानको
सिलसिलामा
निर्यात गऱ्यो मेरो देशमा
हिंसाको संगीत
प्रेम शब्द पृथ्वीको वातावरण
अनुकूल छैन

उसले आविष्कार गऱ्यो
विषालु ग्याँस
र मिसाई दियो
मेरो घर वरिपरिको वायुमण्डलमा
तर कस्तो आश्चर्य
तैपनि बाँचिरहेछु म
त्यसपछि उसले निष्कर्ष निकाल्यो
गरीब देशका मानिसहरू
विज्ञान विरोधी हुन्छन्

ऊ र म बिच
कुनै सम्बन्ध छैन
तर ऊ प्रत्येक दिन
म विरूद्ध रच्ने गर्छ
नयाँ नयाँ षडयन्त्र
अहिले जब म कविता कोरिरहेछु
ऊ यो महाद्वीपको
एउटा खुंखार तानाशाहलाई
विक्री गरिरहेछ
हातहतियार, गोलीगठ्ठा र बम

ऊ मेरो मात्र होइन
तपाईको पनि शत्रु हो
वाशिंगटनको गगनचुम्बी महलको
५५ औं तलामा बस्ने गोरो महाजन
यो संसारको प्रत्येक मानवको
साझा शत्रु हो। ❑❑



प्रलेख व्यवस्था

मानवअधिकारको कदर गराउने शसक्त माध्यम

- सुशील प्रकाश -

मानवअधिकारको उल्लंघन भएको वा कदर भइरहेको कुरामा राजनीतिक कार्यकर्ताहरू बीच वादविवाद प्रतिवाद हुन सक्दछ। तर मानवअधिकारको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरूले तथ्य-तथ्याङ्कका आधारमा मानवअधिकार स्थितिको आकलन गर्नु नै सर्वथा राम्रो उपाय हो। यही कारण हो आजभोलि कूशल प्रलेख व्यवस्थाका लागि नै कैयन गैर सरकारी संघ संस्थाहरू संचालित छन्। एम्नेष्टी इन्टरनेशनलले हरेक वर्ष विश्वको मानवअधिकार स्थितिका बारेमा मूल्यांकन गर्दै वर्ष पुस्तक प्रकाशित गर्ने गरेको छ। अमेरिकी विदेश विभागले पनि आफ्ना सांसदहरूका निम्ति मानवअधिकार विश्व वर्ष पुस्तक प्रकाशित गर्ने गरेको छ। जाँच परख पछि तयार पारिएको प्रलेख व्यवस्था तत्कालिन अवस्थाका निम्ति परिस्थितिको विश्लेषण गर्नका लागि सबभन्दा आवश्यक तत्व हो। कालान्तरमा त्यस्तै अभिलेख सबभन्दा प्रामाणिक इतिहास बन्दछ।

मानवअधिकार आन्दोलन एउटा निरन्तर चलिरहने प्रक्रिया हो। मानिसलें मानिस भएर बाँच्न शताब्दीऔंदेखि विभिन्न संघर्षहरू गर्दै आएका छन्। उक्त संघर्ष अझै चलिरहेको छ र निरन्तर चलिरहनेछ हाम्रो देशमा पनि मानवअधिकार संरक्षण र विकासका लागि जनताले यस आन्दोलनलाई गति प्रदान गरिरास्वेका छन्।

मानवअधिकार र प्रजातन्त्र एक आपसका पर्यायवाची हुन्। एक बिना अर्काको अस्तित्व रहन सक्दैन। मानव अधिकारको अभावमा प्रजातन्त्र खोक्रो हुन्छ भने प्रजातन्त्रको अभावमा मानवअधिकार लङ्गडो हुन्छ। त्यसैले नै हो नेपालमा प्रजातन्त्र र मानव अधिकार आन्दोलनहरू हातेमालो गर्दै अगाडि बढेका छन्।

जनआन्दोलनको सुरूवातकै हाराहारीमा मूलतः जनतामा मानवअधिकार सचेतनता अभिवृद्धिलाई पुऱ्याउने अभिप्रायबाट स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विभिन्न कार्यक्रमहरू संचालन गर्दै गरेको छ। यो संस्थाले मानव अधिकारको क्षेत्रमा परम्परागत किसिमको कार्यशैली भन्दा पनि देशमा विद्यमान मानवअधिकारका समस्याहरूको खोजी गर्दै तिनलाई उजागर गर्ने अनि ती समस्याहरूको जनसंलग्नताद्वारा समाधान खोज्ने कार्यशैली अघि बढाएको छ। यसै

जाँच परख पछि तयार पारिएको प्रलेख व्यवस्था तत्कालिन अवस्थाका निम्ति परिस्थितिको विश्लेषण गर्नका लागि सबभन्दा आवश्यक तत्व हो। कालान्तरमा त्यस्तै अभिलेख सबभन्दा प्रामाणिक इतिहास बन्दछ।

सन्दर्भमा नेपालमा बाँधा मजदूर सम्बन्धी इन्सेकको अध्ययन प्रतिवेदन अनि विविध महिला समस्याबारेका यसका प्रतिवेदनले समस्याहरू जनसमक्ष प्रस्तुत गरेका छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ इन्सेकको मार्गदर्शक सिद्धान्त हो भने त्यस घोषणापत्रको सर्वव्यापिता र अविभाज्यताका लागि निरन्तर संघर्षरत रहनु यसको घोषित नीति हो। यसैले नै स्वासगरी राजनैतिक र नागरिक अधिकार अनि आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारको समान प्राप्तिका लागि इन्सेक सदैव यस आन्दोलनमा अग्रसर छ र त्यही घोषित उद्देश्यको परिपूर्तिका निम्ति इन्सेकले प्रलेख व्यवस्थाका निम्ति निकै जोड दिएको छ।

एकातिर मानव अधिकार आन्दोलनलाई गति र दिशा दिनका लागि आम जनपरिचालनको आवश्यकता पर्छ भने अर्कोतिर यसको विकास र स्थायित्वका लागि सचेत जनदबावको पनि आवश्यकता पर्दछ। सचेत जनदबाव, जनतामा मानव अधिकारबारेको सचेतन अभियानबाट मात्र सम्भव छ अर्थात् मानवअधिकार शिक्षालाई जनसमक्ष पुऱ्याउन आवश्यक छ। मानवअधिकार शिक्षा कुन तहसम्म आवश्यक छ भन्ने कुरा तय गर्न पनि प्रलेख व्यवस्थाको महत्वपूर्ण भूमिका हुन्छ।

मानवअधिकारको जगेर्ना र विकास जनताको सचेतन संलग्नताबाट मात्र सम्भवै छ र यसका लागि मानवअधिकार सम्बन्धी सूचनाहरू जनतामा निरन्तर पुऱ्याइरहनु आवश्यक पर्छ। मानवअधिकारको स्थितिबारे जति सही सूचना हामी जनसमक्ष पुऱ्याउन सक्छौं त्यत्तिकै हामी जनतालाई यस आन्दोलनमा संलग्न गराउन सक्छौं।

एउटा परम्परागत सोचाइ छ त्यो के भने मानब अधिकारको हनन जहिले पनि राज्यले गर्छ र त्यसैले प्रत्येक मानव अधिकार हननका लागि सरकार वा राज्य दोषी हुन्छ। तर हामीलाई लाग्छ यो भनाइमा सत प्रतिशत सत्यता छैन। निश्चय पनि मानव अधिकार हननका लागि प्रमुख दायित्व राज्य वा सरकारमा जान्छ तर सधै त्यस्तो स्थिति मात्र हुँदैन। धेरै स्थितिहरूमा राज्यभन्दा पनि वा राज्यको संलग्नताको निरपेक्षतामा पनि मानवअधिकार हनन भएको देखिएको छ।

मानवअधिकारको चेतनाको अभावमा जनताबाट जनताकै मानव हकको उल्लंघन भएको उदाहरण खोज्न हामी नेपालीले भन् कतै जानै पर्दैन। नेपालमा मानवअधिकार हनन भएका तथ्यहरूलाई यथार्थमा विश्लेषण गर्ने हो भने हाम्रो सामाजिक बनौट, हाम्रो चेतना स्तर अनि राजनैतिक दलहरूमा रहेको संकीर्णता अहम् र सत्ता उन्माद

अनि मानव अधिकारप्रतिको ओठे भक्तिले गर्दा पनि मानवअधिकार हनन मैरास्वेको स्पष्ट हुन्छ।

जवसम्म हाम्रो राष्ट्रिय अङ्गका प्रमुख इकाईहरूले मानवअधिकारको सम्मानलाई आफ्नो जीवन शैलीका रूपमा अगिकार गर्दैमन् तवसम्म मानवअधिकारको जगेर्ना र विकास गर्न सम्भव छैन। यस्तो स्थितिमा मानवअधिकारबारेमा नियमित अनुगमन हुनु नितान्त आवश्यक छ। हामीलाई राम्ररी थाहा छ पञ्चायत कालमा तत्कालीन सत्ताधारीहरूले वारम्वार नेपालमा मानव अधिकारको ग्यारेण्टी भएको मात्र हैन मानव अधिकारको स्थिति "उत्कृष्ट" रहेको समेत दावी गर्ने गरेका थिए। त्यस्तै जनआन्दोलन सफल भएर देशमा बहुदलीय व्यवस्था आए पश्चात् पनि यहाँको मानवअधिकारको समग्रमा स्थितिप्रति वादविवाद भइनै रास्वेको छ। नयाँ सविधानको निर्माण अनि कतिपय मानव अधिकारलाई प्रत्याभूति गर्ने अन्तराष्ट्रिय कानूनहरूमा नेपालले हस्ताक्षर गरी त्यसप्रति आफ्नो प्रतिबद्धता जनाएको छ। तर यी सव कुरा एउटा विषयगत आधार मात्र हुन्। व्यवहारमा मानव अधिकार कस्तो रहयो यो नै आम जनताको चासोको विषय हो। यसै सन्दर्भमा एकपटक वर्तमान गृहमन्त्रीले नेपालमा मानवअधिकारको स्थिति संसार मै राम्रो भन्नु भएपछि धेरै व्यक्तिहरू मूलतः मानवअधिकारको क्षेत्रमा काम गर्नेहरूका बीचमा छलफल प्रारम्भ भयो। हरेक सत्तापक्षले आफ्नो समयमा मानवअधिकारको स्थितिलाई "उत्कृष्ट" वा "राम्रो" भन्दै जाने हो भने मानव अधिकार आन्दोलन दिशाहीन हुन सक्छ। सत्तापक्षले जे जस्तो स्थितिमा पनि "राम्रो" अनि प्रतिपक्षले जे जस्तो स्थितिमा पनि "अति नराम्रो" भन्ने मात्र हो भने यसको सम्वर्धन र रक्षामा प्रतिकूल असर पार्न जान्छ।

राजनीतिका लागि मानवअधिकार स्थितिको राम्रो वा नराम्रो टिप्पणी गर्ने परम्परालाई तोड्ने जिम्मेवारी मानवअधिकार कार्यकर्ताहरूकै हो। मावअधिकार स्थितिको तथ्यगत प्रस्तुतिद्वारा त्यस्तो प्रचलनलाई धेरै हदसम्म कम गर्न सकिन्छ। हामी कहाँ मानवअधिकार स्थितिको विवाद अलि बढी नै हुने गरेको पाइन्छ। प्रलेख व्यवस्थाको कमीका कारण त्यस्ता विवादहरू तथ्यको धरातलभन्दा पृथक समेत रहेको देखिन्छ। प्रलेख व्यवस्थाको कमी अनि तिनको निश्चित समयावधिभित्र सार्वजनिक प्रकाशनको अभावमा जनताले "कतिखेर कस्तो स्थिति" रहयो भन्ने खोट्याउन सक्दैनन्। अर्थात् उनीहरूले केही राजनैतिक दल वा "स्वार्थवश" आएका प्रस्तुतमै भर पर्नुपर्ने विवशता हुन्छ। यसैकारण ०४९ सालको सुरुतिर इन्सेकले प्रत्येक वर्ष "मानव अधिकार वर्ष पुस्तक" को प्रकाशन गर्ने निर्णय गरेको थियो। तद्अनुरूप वर्ष १९९२ का लागि वर्ष पुस्तकको तयारी शुरू पनि भयो। मानवअधिकार वर्ष पुस्तक नेपालमै यस्तो प्रकारको पहिलोस्वालको प्रकाशन भएकोले सवैको यसतर्फ ध्यान जानु स्वाभाविक हो। पुस्तकमा कमी कमजोरी भएनन् भन्ने किटान गर्न सकिदैन। तर यस कदमले नेपालको मानवअधिकार आन्दोलनमा दूरगामी महत्व राख्ने छ भन्ने गर्व गर्ने अधिकार मसे हामीसंग अवश्य छ।

हामी ३० वर्षको लामो र निर्मम संघर्षपछि प्रजातन्त्रमा प्रवेश गरेका छौं। त्यसैले मानव अधिकारको स्थितिको मापदण्ड-बारे कुरा गर्दा ३० वर्ष शासन काललाई कसरी मापदण्ड मान्न सकिन्छ भन्ने पनि एकाधरिको विचार रहेको छ। यसै परिप्रेक्षन गरी लादिएको तानाशाही र निरंकुश व्यवस्था भएकोले त्यहाँ मानव अधिकारको अपेक्षा गर्न पनि सकिदैन थियो। त्यसैले नेपाली जनताले मानव अधिकारको सुरक्षाका लागि मात्र संघर्ष

> *मानवअधिकार र प्रजातन्त्र एक आपसमा पर्यायवाची हुन्।*

गरेका होइनन्। उनीहरू व्यवस्था नै उखेलेर फर्काने उद्देश्यका साथ आन्दोलनमा लागेका थिए। तर अहिले स्थिति त्यस्तो होइना अहिले मानवअधिकारको प्रत्याभूति भएको मूल कानून छ, निर्वाचित संसद् अनि सरकार छ र पनि यदि मानव अधिकारको हनन हुन्छ भने यसलाई बडो गम्भीरतापूर्वक लिनुपर्छ भन्ने तर्क पनि सचेत समुदायको छ। त्यस्तै संसारका अरू तेश्रो विश्वका मुलुकहरूको दाँजोमा मात्र हैन दक्षिण एशियाका मुलुकहरूको दाँजोमा नेपालमा अपेक्षाकृत रूपमा हिंसा कम भएको र नागरिक हकको संरक्षण भएको भन्ने एउटा तर्क छ भने यसो भनेर सन्तोष मान्ने हैन बरू अरू मुलुक जस्तो हाम्रो मुलुकमा त्यस्तो रोग प्रवेश नगरोस् भनी अहिले नै हामी सतर्क र सचेत हुँदै मानव अधिकारको रक्षा र विकासमा लाग्नु आवश्यक छ भन्ने सोचाइ अरूको छ।

हालसम्मको मानव अधिकारको हननमा को कति जिम्मेवार छ भन्ने कुरामा त्यस समूहाय र मानवअधिकारको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरूले खोट्याउने कुरा हो। तर एउटा कुरा के चाहिं प्रष्ट छ भने हामीकहाँ मानवअधिकारप्रति सम्मान जनाउने स्थितिको श्रृजना मैसकेको छैन। राज्यको विभिन्न अङ्गमा मानवअधिकार सचेतनाको आवश्यकता छ भन्ने यस पुस्तकको प्रकाशनको सिलसिलामा अध्ययन गरिंदा हामीले महसूस गरेका छौं। राज्यले मानव अधिकारप्रतिको एउटा आफ्नो निश्चित धारणा नबनाएकैले गर्दा हामीले कतिपय नकारात्मक अनुभवहरू बटुल्नु पर्‍यो। कुनै जेलमा जेलरले जेलका समस्या बताउने मात्र हैन जेल सुधारका लागि सुझावहरू पनि दिए - जेल निरीक्षण गर्न दिए भने कतिपय जेलरले हाम्रा कार्यकर्ताहरूलाई "तपाईहरूलाई म केही मन्दिन भित्र जान दिन्न - यो मेरो सुरक्षाको प्रश्न हो" भनेर प्रति जवाफ दिए। कतै प्रमुख जिल्ला अधिकारीले मानव अधिकार सम्बन्धी प्रलेख राख्नु राम्रो भन्ने बताउँदै आवश्यक सरसहयोग गरे भने कतै प्रजिअले "तपाई मात्र मानिस भइकाउनु हुन्छ - यातना नदिकन अपराध रोकिदैन" भन्ने दावी समेत गरे। त्यस्तै प्रहरी प्रशासनमा पनि विविध व्यवहार पाइयो। यी तथ्यहरूले नै हाम्रो राज्यको मानव अधिकारप्रतिको स्पष्ट धारणामा अभाव रहेको बोध हुन्छ।

राजनैतिक दलहरूमा पनि मानव अधिकारप्रति विविध दृष्टिकोण भएकोले कुनै घटना "स्वभाविक" हुन पुग्छ भने कसैको दृष्टिमा "ठूलो हनन"। सानो र क्षणिक स्वार्थमा पारिवारिक झैं झगडाले पनि ठूलो राजनैतिक विवाद र टक्करको श्रृजना गरेको छ। त्यति मात्रै नभएर समाजका प्रत्येक अङ्गको तीव्रताका साथ राजनीतिकरण गरिंदै छ जसले गोलिका दिनमा हाम्रो "शान्ति" माथि समस्या नपर्ला भन्न सकिन्न।

यिनै सब पृष्ठभूमिमा इन्सेकले मानव अधिकार वर्ष पुस्तक १९९२ को प्रकाशन गरेको छ। यस पुस्तक प्रकाशनको सिलसिलामा हामीले कतिपय समस्याहरू झेल्नु पर्‍यो। देशको ७५ जिल्लाहरूबाट तथ्याङ्क बटुल्न सबै जिल्लामा स्वयंसेवकहरू पठाउनु पर्ने नै भयो र त्यसका लागि छनौटको क्रममा पनि केही समय लियौं। भौगोलिक विकटताले गर्दा केही जिल्लामा स्वयंसेवकहरूलाई धेरै ज्यादै गाह्रो भयो र बढी समय लाग्यो। जे भए पनि ७५ जिल्लाबाट उपलब्ध भएअनुसारको तथ्याङ्कको आधारमा यी पुस्तक तयार पारेका छौं।

आगामी केही दिन भित्र हामीसंग पहिलो वर्ष पुस्तकको प्रकाशन पश्चात् प्राप्त सुझाव र आलोचनाका ठेलीहरू हुने छन्। र अब हामीसंग हुने गर्ने अर्को कुरा छ - अर्को वर्ष, त्यसपछि अर्को वर्ष अनि अर्को वर्ष पनि वर्ष पुस्तकको सुरुवातको मर्मलाई कसरी निरन्तरता दिइरहने।



[illegible] आन्दोलनका क्रममा भएको जनधनको क्षतिका साथै

प्रहरी ज्यादतीको जाँच गरियोस्

– कुन्दन अर्याल –

पचास साल असार ४ गतेदेखि सुरू भएको बाम आन्दोलन नेकपा एमाले र नेपाली कांग्रेसका बीच सहमति भए पश्चात एक प्रकारले टुंगियो। तर आन्दोलनका अवधिमा भएको दुई दर्जन नागरिकको मृत्युका सम्बन्धमा मानवअधिकारको सामान्य सिद्धान्त अनुरूप पनि गठन हुनु पर्ने कुनै आयोग गठन नहुने भयो। दुईजना राजनेताको शंकास्पद मृत्युको जाँच गराउन एउटा अर्को निष्पक्ष जाँच आयोग गठन गर्नु पर्ने माग एकदम जायज थियो। तर त्यही माग पूरा गराउने क्रममा भएका जनधनको क्षतिको जाँचबुझ गराउनु पनि उत्तिकै आवश्यक छ।

करिब दुई वर्ष अघि सत्तामा पुगेको प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको सरकारको अवधिलाई त्यति लामो मान्न मिल्दैन। तर यस अवधिमा सरकारले दर्शाएकी कार्यशैलीको नमूनाले भने राजनीतिक कहालीकै श्रृजना गरेको छ। कोइराला सरकारको दुई वर्षकै छोटो कार्यकालमा राजधानी मै दुई दुई वटा ठूला ठूला गोली काण्डहरू भए। यसै बीच संसदमा प्रस्तुत भएको "मानवअधिकार उल्लंघनका घटनाहरूको छानविन गर्न सर्वदलीय मानवअधिकार आयोगको गठन गर्नु पर्ने" प्रस्तावलाई समेत स्वारेज गरियो। निर्वाचित सरकार सत्तामा पुगे यता प्रहरीको गोलीद्वारा ठाउँ-ठाउँमा मारिनेहरूको सूची यति लामो हुन पुगेको छ कि प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाद्वारा सत्तामा पुग्नु अघि गरिएका मानवअधिकार सम्बन्धी वाचाहरू अब पूर्णतः धुमिल हुन पुगेका छन्।

मानवअधिकार पात्रोमा उल्लंघनका तथ्यांक निकै भए

प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको एक वर्षे कार्यकालको समीक्षा गर्ने क्रममा धेरैजनाले ०४८ चैत २४ गतेको गोलीकाण्डको उल्लेख गर्दै यस्तै आश्चर्य प्रकट गरेका थिए। – "उक्त गोली काण्डको घटनाले के देखाएको छ भने वर्तमान सरकारले पनि मानवअधिकारको क्षेत्रमा नयाँपनको आभाष पार्न सकेको छैन।" त्यसको एक वर्ष पश्चात प्रधानमन्त्री कोइरालाको दुई वर्षे कार्यकालको "शान्ती सुरक्षा" को समीक्षा गर्ने समयमा पनि त्यस्तै भनाइको प्रासंगिकता टङ्कारो तुल्याउन उद्धत देखिनु भयो।

वाम आन्दोलनको समाप्ति पश्चात कोइराला सरकारको अर्को चरण शुरू भएको मान्नु पर्दछ। र यस चरणमा जनताको मौलिक अधिकारको हनन नहोस् भन्ने कामना गर्न सकिन्छ। तर दुई महिने वाम आन्दोलनमा भएका गैरकानूनी हत्याका सम्बन्धमा चुप रहेर मानवअधिकारको सवालमा सरकार र प्रतिपक्ष दुबै चुकेका छन्। यसअघि मानिसको बाँच्न पाउने अधिकार जस्तो सबभन्दा आधारभूत अधिकारको समेत यति भयंकर उल्लंघन भएको थियो कि देशवासीलाई पञ्चायतकालिन दिनहरूको समेत सम्झना हुन थालेको थियो।

त्यसै बीच अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेष्टी इन्टरनेशनलले सन् १९९२ भर देशव्यापी रूपमा घटेका मानवअधिकार उल्लंघनका घटनाहरूको उल्लेख गर्दै लेखेको थियो। – "राजनीतिक बन्दीहरूको सूत्रका अनुसार तिनीहरूलाई पक्राउ पूर्जी विना नै महिनौं सम्म थुन्ने गरिन्छ। नेपालबाट राजनैतिक र अपराधी थुनुवाहरूलाई प्रहरीले यातना दिने गरेको कुरा पनि

प्रकाशमा आएका छन् । प्रहरीद्वारा गैरकानूनी ढंगले कैयौं नागरिकहरूको हत्या पनि भएको छ ।"

०४८ चैत्र २४ गते काठमाण्डौंमा भएको नरसंहार पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले ०४९ वैशख २५ गते गृहमन्त्रीको राजिनामाको माग गर्दै प्रधानमन्त्री समक्ष १२ लाख हस्ताक्षर पेश गरेको थियो । एमालेको गृहमन्त्रीलाई राजिनामा नगराइ भातै नछुने अठोट र संयुक्त जनमोर्चाको सम्पूर्ण सरकारलाई नै नगिराई सासै नफेर्ने प्रण "चैत २४" को हत्याकाण्ड पुरानो भए जस्तै लाग्ने समयसम्म सेलायो । तर प्रधानमन्त्री र गृहमन्त्रीका "सत्य, सेवा, सुरक्षा" का कर्मीहरूको बन्दूक सुस्ताएन । सरकारको दुई वर्षे कार्यकालमा पछिल्लो वाम आन्दोलन सुरू हुनु अगावै प्रहरीकै गोलीबाट मर्नेहरूको संख्या १६ पुगिसकेको थियो भने सत्ताद्वारा संरक्षित उदण्ड व्यक्तिहरूबाट मारिने नागरिकहरूको संख्या पनि निकै पुगिसकेको थियो । त्यसबीच ०४९ फागुन २६ गते मकवानपुर हाँडीखोला गा.वि.स. का काजीमान काभ्रे प्रहरीको कुटपीटबाट मारिएका थिए ।

प्रजातन्त्रको आगमन पछि पनि नेपालका प्रहरीहरूका लागि गोली अति सस्तो भयो जस्तै लाग्छ । उनीहरूको गोली एक वर्षे दुधे बालकले पनि पचाउनु परेको छ । गत जेठ ९ गते राती ७ बजेतिर रौतहट, औरहियाको मुसहर बस्तीमा प्रहरीहरूले ताण्डव मचाएका थिए । औरहिया चौकीका असई सोखीलाल यादव र हवल्दार तसलीम मियाँले सो गाउँका महिलाहरू माथि हातपात गर्न थाले पश्चात क्रुद्ध भएका गाउँलेहरूमाथि गोली नै चलाइएको थियो । प्रहरीको गोलीबाट २५ वर्षीया राम दुलारी र उनको काखमा रहेको बालकको घटनास्थलमै मृत्यु भएको थियो । आफ्नो दोश्रो वर्षगाँठका अवसरमा प्रधानमन्त्रीले नेपालीलाई त्यही "उपहार" दिनु भएको थियो ।

हत्या र गोलीको यो सिलसिलाको जग त्यसै बेला बसालिएको थियो । जब अर्घाखाँचीका एकजना कम्युनिष्ट, प्रहरीको निहुँ सहितको गोलीले ठहरै भएका थिए । ०४८ असार २३ गते बसीर मियाँ त्यसरी मारिंदा हाम्रा गृहमन्त्रीले संसदको रोष्टममा उभिएर भन्नु भएको थियो । - "हाम्रा प्रहरीहरू अर्जुन होइनन्, यताउता पनि लाग्न सक्छ ।" गैर कानूनी गोलीलाई थप प्राथमिकता त्यस बेला मिल्यो जब बसीरलाई गोली ठोक्ने सब-इन्सपेक्टर तेज बहादुर घिमिरे विभूषित हुन पुगे । उ जस्ता धेरै पुरस्कृत पनि भए र पञ्चायतकालमा मानवअधिकरको घोर उल्लंघन गर्नेहरू पनि ठाउँ ठाउँका कुर्सीमा राखिन थाले ।

०४९ फागुनको अन्तिम साताति सिन्धुली पुगेका मानवअधिकार वर्ष पुस्तक तयारी समितिका डा. राजेश गौतम र सुबोध प्याकुरेल समक्ष प्रमुख जिल्ला अधिकारी रामरतन मिश्रले

मानवअधिकार स्थितिको [illegible]

"सरकारमा बसेकाहरूले बारम्बार मानवअधिकारप्रति वचनबद्धता देखाए तापनि त्यो केवल "ओठे भक्ति" मा परिणत भएको छ । यहाँहरूमा आफू जनताप्रति उत्तरदायी भन्ने भावना भएता पनि आफूलाई प्रहरी/प्रशासनका "हितपोषक" बढी ठान्ने भावना पाइएको छ र यसले गर्दा तल्लो स्तरका जनताले राज्य इकाईद्वारा प्रताडना र निम्न स्तरको व्यवहार गरेको पाइन्छ । अति ग्रामीण र गरीब जनता हुनु, उहाँले उनीहरूले प्रशासनलाई ठाडो आक्रमाथि शासन गर्न सक्नुहुन्छ ।"

नेपालमा पहिलो पटक प्रकाशित "मानवअधिकार वर्ष पुस्तक-१९९२" को निष्कर्षहरू मध्ये महिला नजरमा उपरोक्त कुरा उल्लेख गरिएको छ । जस्तो की उक्त वर्ष पुस्तकको भूमिका मै लेखिएको छ । - "यसमा कहीं मानवअधिकार स्थितिको विवाद भनि बढी मै हुन गरेको पाइन्छ । प्रलेख व्यवस्थाको कमीका कारण त्यस्तो विवादहरू तथ्यको धरातल भन्दा पृथक समेत रहेको देखिन्छ । प्रलेख व्यवस्थाको कमी अनि तिनको निश्चित सरकारी भित्र सार्वजनिक प्रकाशनको अभावमा जनतासँग [illegible] स्थिति" रह्यो भन्ने खोट्याउन सक्दैनन् । अर्थात् उनीहरूले केही राजनैतिक दल वा "स्वार्थवश" आएका प्रचारहरूमा पर्नु पर्ने विवशता हुन्छ ।" र यसै परिप्रेक्ष्यमा अनौपचारिक शिक्षा सेवा केन्द्र (इन्सेक) ले वर्ष पुस्तक प्रकाशित गरी मानवअधिकार स्थितिको प्रलेख राख्ने दिशामा नेपालमा एउटा थप पाइला अघि बढाएको छ ।

स्मारिका साइजमा प्रकाशित ३ सय ७० भन्द बढी पृष्ठ सहितको उक्त वर्ष पुस्तकमा भूमिका बाहेक कूल १० वटा परिच्छेद र ११ वटा अनुसूचीहरू रहेका छन् । परिच्छेद ८ मा पूर्व मैची देखि पश्चिम महाकाली सम्मका मानवअधिकारको स्थितिलाई [illegible] जिल्ला जिल्लामा [illegible] ठाउँमा [illegible] पुस्तकमा परिच्छेद १ देखि [illegible] परम्परा, नेपालमा राजनैतिक [illegible] नेपालको मानव अधिकार [illegible] अभिसन्धिको संक्षिप्त ०४७ र मानवअधिकार [illegible] अन्तर्राष्ट्रिय दस्तावेजहरू, न्यायपालिका [illegible] सार र मानवअधिकार एवं श्री ५ को [illegible] र मानवअधिकार शीर्षकहरू समाहित छन् ।

त्यसै अनुसार [illegible] १ देखि ११ सम्म [illegible] कर्मचारी संघर्ष र [illegible] सन् १९९२ मा मानवअधिकार र विभिन्न [illegible] १९९२ र नेपालको बालबालिका [illegible] र नेपाल, नेपालमा शरणार्थी समस्या [illegible] मजदूर, महिला र मानव अधिकार, आदिवासी [illegible] मानवअधिकार, चिठ्ठी पत्र र कागजातहरू एवं जिल्लामा खटिएका स्वयंसेवकहरूको नामावली तथा "मानवअधिकार उल्लंघन पात्रो-१९९२" शीर्षकहरू समाविष्ट गरिएका छन् ।

प्रत्येक जिल्लाको जनसंख्या, साक्षरता [illegible] भाषा र क्षेत्रफल समेत उल्लेख गरी वर्ष पुस्तक [illegible] मूलक बनाउन खोजिएको देखिन्छ [illegible] जेल, गिरफ्तारी/यात्रा [illegible] अधिकार शीर्षकमा [illegible] र [illegible] राजनैतिक स्वतन्त्रता [illegible] अधिकार, सुगम र निष्पक्ष चुनाव [illegible] र निष्पक्ष न्यायिक [illegible] तथा [illegible] तर्गत [illegible] विवाह, [illegible] सत्य [illegible] यातनाका [illegible] अन्य अमानवीय व्यवहार राखिएको [illegible]

इन्सेकका तत्कालिन [illegible] प्रकाश [illegible] प्रति समर्पित गरिएको वर्ष पुस्तक [illegible] रुपको [illegible] राखिएको छ [illegible] रुपको [illegible] राखिएको छ ।

[illegible] तत्कालीन निर्देशक स्व. प्रकाश [illegible] यस [illegible] पहिलो [illegible] स्थानीय एकाइ [illegible] एक [illegible] सार्वजनिक [illegible] नेपाल [illegible] सल्लाहकार [illegible] सल्लाहकार [illegible] पुस्तक एवं अनौपचारिक [illegible] (इन्सेक) [illegible] प्रसाद शिक्षाकोटी एवं एम्नेस्टी नेपालका सभापति कृष्ण पहाडीले स्व. काफ्लेका योगदानहरूको चर्चा गर्दै वर्ष पुस्तक मानवअधिकार उल्लंघनका घटनाहरूको प्रामाणिक अभिलेख भएको आशय व्यक्त गर्नु भएको थियो ।

भनेका थिए। - "अब शान्ती हुन्छ, धेरै चम्केका थिए।" गोली काण्डका बारेमा सोधपुछ गर्न जाने मानवअधिकार कार्यकर्ताहरूको टोलीलाई त्यस्तो जवाफ दिने प्रमुख जिल्ला अधिकारीहरूमध्ये रामरतन मिश्र एक्लो छैनन्। आज पनि प्रहरी र प्रशासनमा रहेका अधिकांश अधिकारीहरू पञ्चायतकालिन मानसिकताबाटै ग्रस्त छन्।

देशका मानवअधिकार संघ संस्थाहरू शान्ती सुरक्षासंग सम्बद्ध सरकारी निकायहरूमा मानवअधिकार शिक्षाको प्रसार गरिनु पर्ने कुरामा निरन्तर जोड दिइरहेका छन्। तर यस्तो लाग्छ - सरकारलाई न एम्नेष्टी लगायत अन्य अन्तर्राष्ट्रिय मानवअधिकार संघ संस्थाहरूको आवाजको चासो छ, न त नागरिक अधिकारहरूको चिन्ता नै।

मानवअधिकार संरक्षण मंचका केन्द्रीय सदस्य एवं सांसद सुवास नेम्बाङले गत वर्ष फागुन ३ गते राष्ट्रिय सभामा मानवअधिकार आयोग सम्बन्धी एक महत्वपूर्ण संकल्प प्रस्ताव दर्ता गर्नु भएको थियो। "देशको मानव अधिकारको आंकलन, मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सिफारिश गर्न मानवअधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू समेत समाविष्ट रहेको एउटा उच्चस्तरीय सर्वदलीय राष्ट्रिय आयोगको अविलम्ब गठन गरियोस्" भन्ने उक्त संकल्प प्रस्तावमा फागुन २२ गते मतदान हुँदा नेम्बाङका पक्षमा १६ र विपक्षमा २७ मत परेको घोषणा गरिएको थियो। सो प्रस्ताव स्वारेज गरिए पश्चात देशका सबै मानवअधिकार संघ-संस्थाहरूले विरोध जनाएका थिए। र सरकारको त्यस्तो कार्यले मानवअधिकारको सवाल अझ अँध्यारोमा पर्न जाने कुरो उठाएका थिए। त्यस बेला नेपाल मानवअधिकार संगठनका अध्यक्ष ऋषिकेश शाहले एउटा वक्तव्य जारी गर्दै उक्त कार्य बुजुर्गहरूको सदनका लागि अशोभनीय भएको उल्लेख गर्नु भएको थियो।

प्रहरी प्रशासनमा अझै बदलिंदो परिस्थिति अनुरूप काम हुन सकेको छैन भन्ने कुरा दिनहुँ पुष्टि भइरहेका छन्। ०४९ माघतिर मानवअधिकार उल्लंघनका घटनाहरू संकलन गर्न दार्चुला पुगेका एकजना मानवअधिकार कार्यकर्ताले एकजना चर्चित प्रहरी अधिकृतद्वारा स्वयं दिइने गरेका यातनाका दर्दनाक बयानहरू सुन्नु पऱ्यो। जन आन्दोलनका बेला पाटनमा गोली चलाउने प्रहरीका स्वमा चिन्हित ती अभिनेता प्रहरी नायब उपरिक्षकले दिएको यातनाका बारेमा दार्चुला वस्तु गा.वि.स.का नैन सिंह मआरी बताउँछन्। - "मलाई ०४८ जेठ ५ देखि असार ५ गतेसम्म जिल्ला प्रहरी कार्यालय दार्चुलामा धुनी भयानक यातना दिइयो, प्रहरी नायब उपरिक्षक स्वयंले मेरो अण्डकोषमा समातेर यातना दिए।" प्रहरी क्याम्प भन्दा बाहिर फेरको दुनियाँलाई पनि राम्ररी चिनेको एकजना प्रहरी अधिकृत त यस्तो कार्यमा स्वयं अग्रसर हुन्छन् भने अन्य प्रहरीहरूबाट के अपेक्षा गर्न सकिन्छ ? उनले पाटनमा गोली चलाए नचलाएको कुरामा विवाद पनि थियो। तर उनको पनि जनता प्रतिको दृष्टिकोण राम्रो रहेनछ र मानवअधिकारका सम्बन्धमा बाहिरी संसारलाई पनि चिनेका प्रहरीहरूले समेत कुनै चासो राख्नेका रहेनछन् भन्ने कुरा चाहिं प्रष्ट भएको छ।

वास्तवमा हाम्रो सरकारले दुई वर्षसम्म पनि प्रहरी प्रशासनलाई मानवअधिकारको बारेमा सकारात्मक दिशा तर्फ अभिप्रेरित गराउन सकेको त छैन नै त्यस कार्यमा सामान्य पाइलो समेत चाल्न सकेको छैन। यस्तो परिस्थितिमा देश दुनियाँ नबुझेका प्रहरीका हात चिलाउनुलाई के अनौठो मान्न सकिन्छ र ? हाम्रा मन्त्री, प्रधानमन्त्री मानवअधिकार, कानूनी राज्य र बहुदलीय प्रजातन्त्रको भाषण त खुबै गर्नु हुन्छ। तर वहाँहरूले शान्ती सुरक्षाका कर्मीहरूलाई त्यही कुरो बुझाउने कोशिस नै गर्नु भएको छैन।

सरकारको दुई वर्षे कार्यकालमा भएका गोली काण्डहरूलाई सर्सर्ती हेर्दा, ती काण्डहरू केवल प्रहरीका हात चिलाएकोले मात्र घटाइएको अनुभव हुन्छ।

अर्घाखाँची पालीका बसीर मियाँको हत्या नितान्त राजनीतिक कारणले भएको कुरा जगजाहेर भइसकेको छ। पालीका जनता सत्ताधारी पार्टीको पकड भन्दा बाहिर रहेकाले ०४७ कार्तिक देखि त्यहाँ प्रहरी चौकीको पनि स्थापना पनि गराइएको थियो। स.ई. घिमिरेको नेतृत्वमा ०४८ असार २२ गते नै पाली तर्फ लागेको प्रहरी टोलीले ठाउँ ठाउँमा भनेको थियो। - "पालीका केहीलाई ठीक पार्नु परेको छ।" उल्लेखनीय कुरो के छ भने गोली काण्ड घटाईंदा प्रहरीहरू रक्सीले मातेका थिए।

कर्मचारी आन्दोलनका क्रममा ०४८ साउन १५ गते दिक्तेल बजार स्थोटाङमा प्रहरीको गोलीद्वारा १९ वर्षीय मनोज जोशी जुन ढंगले मारिए त्यस बारेमा सावित भइ सकेको छ। - "उनलाई पछाडीबाट गोली लागेको थियो, त्यहाँ गोली चलाउनै पर्ने कुनै जोर जुलुम परेको थिएन।"

दुई महिने आन्दोलनका क्रममा प्रहरीको गोलीद्वारा मारिने नागरिकहरूको नामावली

१. काठमाडौं

१.१ मोहिब कृष्ण बैजु (१६), नया बजार, काठमाडौं, विद्यार्थी

१.२ राजेश भजाचार्य (२०), सँखु, काठमाडौं, विद्यार्थी

१.३ महेश मानन्धर (२६), नया बनेश्वर, काठमाडौं, पेण्टर

१.४ सागर रत्न नापीत (३८), नागेश्वरी, काठमाडौं

१.५ अशोक कर्माचार्य (२३), मजदूर

१.६ राम प्रसाद सापकोटा (२५), कामे, जागीरे

१.७ सुदामा थापा (२१)

१.८ भरत तुलाधर

१.९ सुरेश बस्नाकोटी (१८), घाटिङ

१.१० रविन्द्र श्रेष्ठ

१.११ मनोज गौतम, सामखुसी, काठमाडौं

१.१२ असीम राई (१९), प्रहरी कुटाईद्वारा मारिएको चर्चा व्यापक छ। तर त्यस सम्बन्धमा पुष्टि हुन बाँकी रहेको छ।

२. ललितपुर

२.१ राजमान शाक्य (३८), चकुम्बहाल

२.२ रिता सिलाकार (२४), इसालासु, विद्यार्थी/शिक्षक

२.३ कृष्ण नारायण मानन्धर (३९), हास्रा, खुदा व्यापारी

२.४ अज्ञात

३. चितवन

३.१ कौशल्या सभा (२५)

३.२ बुद्धिमान श्रेष्ठ (२४)

४. नवलपरासी

४.१ पूर्ण परियार (३५)

४.२ याम बहादुर काकी

५. रुपन्देही

५.१ चर बहादुर नेपाली

६. झापा

६.१ डिल्ली प्रसाद शैतान (२४)

७. भक्तपुर, प्रहरीको कुटपीटबाट मारिएका

७.१ विजय लामा (१८)

०४८ माघ ७ गते वाराको सन्तपुर गा.वि.स. वडा नं. ६ का १४ वर्षीय जयदरथ चौधरीको वनपालेद्वारा चलाइएको गोली लाग्नाले मृत्यु भयो। मनिन्छ त्यस बस्त वनपाले कृष्णप्रसाद सापकोटाले हिंस्रक जन्तु आएको ठानी आत्मरक्षाका लागि चलाएको गोलीद्वारा उनको मृत्यु भएको थियो। कति सहज स्पष्टिकरण – झुक्किएर मान्छेको ज्यान लिन पाइने।

०४८ माघ ९ गते रात्री करिब ९ बजेतिर वाराको फत्तेपुर प्रहरी चौकीबाट गएको गस्ती प्रहरीले डुम्वरवाना गा.वि.स. वडा नं. ८ रामघाका २५ वर्षीय लक्ष्मी चौधरीमाथि उनकै घरमा आई गोली प्रहार गरे। चौधरीको घटनास्थलमै मृत्यु भयो। त्यस दिन लक्ष्मी चौधरीका घरमा उनको दाजुकी छोरी र ज्वाईं पाहुना आएका थिए। चारजना राइफलधारी गस्ती प्रहरी चौधरीको आँगनमा पसेर घरमित्र टर्चको चहक देखाएपछि लक्ष्मीका भाई भरत र प्रहरी बीच भनाभन भएको थियो। त्यो बेला प्रहरीले झगडा छुट्याउन आइपुगेका लक्ष्मीको छातीमै गोली प्रहार गरे। रुक्सीले मातेका प्रहरीहरूले भरतमाथि पनि गोली प्रहार गरे। तर उनी बाइते मात्र भए।

०४८ फागुन ९ गते मोरङको सोटामाग गा.वि.स. वडा नं. ३ कर्सिया बजारका सत्य नारायण राजवंशी अचानक प्रहरीको गोलीको शिकार हुन पुगे। यानी थापिरहेका राजवंशीलाई प्रहरी जवान धनेन्द्र तामाङको हातबाट एक्कासी पड्केको बन्दूकको गोली लागेको थियो। कति सस्तो मृत्यु, प्रहरीको हातबाट स्याल स्यालमा पड्केको गोलीले एकजना निमूखा नागरिकले सदाका निम्ति संसार त्याग्नु पऱ्यो।

उक्त गोली काण्डको २० दिन पश्चात सोही जिल्लाको वेलवारीमा फेरी अर्को गोली काण्ड भयो। बस दुर्घटना पश्चात सुरू भएको विद्यार्थी र चालक एवं प्रहरी बीचको किचलो पछि प्रहरीले चलाएको गोलीबाट राजेन्द्र तिमिल्सिनाको घटनास्थलमै मृत्यु भएको थियो। उक्त गोली काण्डलाई नजिकबट देख्नेहरू भन्दछन्। – "हाम्रो प्रहरी प्रशासनको सोझै गोलीको भाषामा समाधान खोज्ने शैलीकै कारण उक्त घटना घटेको थियो।"

०४८ चैत २४ गते काठमाडौंमा ७

२०५० साल साउन ४ गते रुपकमा घटेको गोलीकाण्डको विषयमा जानकारी हासिल गर्न गएको टोलीको प्रतिवेदन

भूतपूर्व जिल्ला विकास समिति रुपकको नगरपालिका जित्न [illegible] २०५० साल साउन ३ गते [illegible] तनावपूर्ण परिस्थितिमा प्रहरीबाटले एक जना निर्दोष नागरिकको जीवन हरण हुन गई [illegible] नियन्त्रणमा लिन सकेन थियो। त्यस दिन त्यहाँ गोली चलाईएको स्थिति, प्रदर्शनकारीहरूको परिस्थिति आदि सबैकुराको विश्लेषण र यथार्थ कुरा मूल्यांकन [illegible] यहाँ कुराको खबर गरेका छौं।

१. घटना विवरण :

१.१ गोली चल्नु पूर्वको अवस्था :

त्यस दिन विहान [illegible] यातायातका साधनहरू उपलब्ध देखिन्थे। [illegible] जिल्लाका प्रमुख जिल्ला अधिकारी [illegible] अनुसार विहान ६–६ बजेसम्म [illegible]

[illegible] पूर्वतर्फबाट [illegible] त्यस दिन [illegible] रुपकमा [illegible] नगरपालिका र [illegible] [illegible] भएको [illegible] [illegible] [illegible] [illegible] [illegible]

[illegible] [illegible] [illegible] [illegible] [

वर्षीय अनिश शाक्य देखि लिएर सरकारकै गुप्तचर कर्मचारी रघुश्याम शर्मा पनि सरकारका लागि खतरनाक ठहरिए। तर सबैलाई राम्रोसंग थाहा छ – त्यसदिन मारिएका उल्लेखित दुईजना सहित आशिष बज्राचार्य, कृष्ण कुमार श्रेष्ठ, लोक नारायण श्रेष्ठ, राजीव रघुवंशी र अर्का एकजनाको मृत्यु मूलतः सरकारको अर्कमन्यता एवं गैर जिम्मेवारीपनको कारण भएको थियो। अनिश शाक्यको मृत्यु भ्यालबाट बाहिर हेरिरहेको अवस्थामा भएको थियो। कृष्ण कुमार श्रेष्ठ र राजीव रघुवंशी बाटो हिंडिरहेका अवस्थामा गोलीको शिकार भएका थिए। नः टोलमा गोली लागेपछि रघुवंशीलाई ज्यूँदै अवस्थामा प्रहरीले बोरामा कोची लगेको थियो।

२१ वर्षीय लोक नारायण श्रेष्ठलाई पुल्चोकमा गोली लागेको थियो। त्यस बखत त्यहाँ गोली चलाउनु पर्ने अवस्था नै नरहेके बताइन्छ।

०४८ फागुन २२ गते सिन्धुलीमा प्रहरीको गोलीबाट अर्की १५ वर्षीया बालिका संझना दहालको मृत्यु भयो। उक्त गोलीकाण्ड पश्चात घटनास्थलमा पुगी फर्किएको मानवअधिकार संरक्षण मंच, अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्हुरेड इन्टरनेशनल र यातना पीडित सरोकार केन्द्रको संयुक्त छानविन टोलीले बताएको थियो। – "प्रहरीले हुल पूर्ण रूपले हटिसके पश्चात गोली चलाएको थियो। गोली अन्धाधुन्ध ढंगले चलाइएको थियो भन्ने कुराको पुष्टि गर्ने आधारहरू धेरै छन्।" गोली लाग्दा दहाल बाटो हिंडिरहेकी थिइन्।

दुई महिने वाम आन्दोलन र मानवअधिकारको प्रश्न

दुई महिने वाम आन्दोलनको क्रममा करिब ५७ सय व्यक्तिहरू पक्राउ परेका थिए र त्यस क्रममा पक्राउ परेको आशंका गरिएका एकजनाको आजसम्म कुनै अत्तोपत्तो छैन। आन्दोलनकारी शक्ति एवं सरकारबीच सम्झौताको दुंगो भइसकेको अवस्थामा पनि वेपत्ता पारिएका व्यक्तिका बारेमा भने कुनै उल्लेख गरिएको छैन।

असार १६ गते काठमाण्डौ जिल्ला प्रहरी कार्यालय हनुमानढोका र प्रहरी पहरागण त्रिपुरेश्वरस्थित प्रहरी हिरासतमा मानवअधिकार टोली अवलोकनार्थ जाँदा त्यहाँ राखिएका

कैदीहरूको रहर यति नै छ ?
सिउँदोको सिन्दूरको उमेर यति नै छ ?
यदि यति नै हो भने फेरि कहिल्ले
न सिन्दूरी लाउँला, न झोले नै पाउँला।

– स्व. शंकर पाठ्वाल
चीर निद्रामा – डिल्ली प्रसाद गौतम

कागजात आग्रह गरेका थिए। तर प्रहरीले उनीहरूको कुरा सुनेनन्। घटनास्थल नजिकैको घरकी गृहणी रमा अधिकारीका अनुसार उनले भात पकाउँदै गर्दा एउटा युवाले उनलाई कन्डै झण्डै नराम्रोसंग लगेका थियो। "युवामा मात्र लागेकोले बचें" – अर्की एकजना आक्रान्तलाई पनि उक्त युवा सामान्य ढंगले लगेको थियो। उनी भन्दछिन। प्रहरी चौकी दमकका लोकेन्द्र बहादुरका अनुसार त्यस बखत घटना स्थलमा कूल ४५ जना प्रहरी र करिब दुई-तीन सय प्रदर्शनकारीहरू थिए। आफूलाई प्रत्यक्षदर्शी बताउने इश्वर राईका अनुसार इन्सपेक्टर सुरेन्द्र बहादुर सिंहले आफैले राइफलको ट्रक डिल्ली प्रसाद तर्फ सोझ्याएका थिए। उनी घटनास्थलबाट पूर्वपट्टिको आफ्नो घरबाट उक्त दृश्य देखेको कुरा बताउँछन्।

बजारको पश्चिमी भागको मूल सडकमा रहेको कसमाई मन्दा करिब १६ फीट पर दुइजनाको अकस्मात मृत्यु भएका एमाले कार्यकर्ताहरूलाई लिएका पर्न के निमित्त गोली चलाइएको प्रहरीको दावी रहेका छ।

२. गोली चलिसके पछिको अवस्था :

२.१ गोली चलाएर प्रहरीले लाइबेलाई उठाएन :

गोली लागेर ढलेका गौतमलाई प्रहरीबलले उठाउनै आवश्यकता पनि ठानेन। गोली चलाएर प्रहरीहरू पश्चिम तर्फ लागे पश्चात त्यहाँ वरपर उभिएका प्रदर्शनकारीहरू ढलेका गौतम तर्फ झुम्मिए। एम्बुलेन्स पठाइयो। तर गौतम तत्कालै दिवंगत भई सकेका थिए। मृतक गौतमको शवलाई प्रदर्शनकारीहरूले आफ्नो कब्जामा लिए। मृत्यु भएको ३६ घण्टा पश्चात मात्र मृतक डिल्ली प्रसादको सनाखत हुन सकेको थियो। ४ महीना दिन डिल्ली प्रसादको मात्र पुत्रवती र पत्नी देवकाद्वारा मात्र उनको सनाखत हुन सकेको थियो। उनको पोष्टमार्टम गराउने क्रममा चिकित्साकर्मी र वाम कार्यकर्ताहरू बीच विवाद पनि भएको थियो। वाम पक्षका अनुसार प्रशासन र सत्ताधारी पक्षले पोष्टमार्टम नगर्न दबाव दिएका थिए। मृतकको सनाखतको प्रक्रिया निकै लम्बिएको थियो। मृतकलाई राजु नेउपाने, राम नेउपाने, माइला मनिले मोती न्यौपाने र रत्नराज अधिकारी आदि अनेक नाम दिइएको थियो तर अन्ततः उनको नाम डिल्ली प्रसाद गौतम रहेको थाहा हुन सक्यो।

२.२ मृतकको ठेगाना बारे प्रशासनलाई थाहा छैन :

साउन ८ गते दिउँसो करिब साढे चार बजे प्रापा प्र. जि. अ. खेमराज पन्तले यस टोलीसंगको कुराकानीमा बताउनु भयो – "अझसम्म मृतकका आश्रितहरूका बारेमा ज्ञात हुन सकेको छैन, केही माहा भएपछि सहतका सम्बन्धमा सोचविचार गर्नेछौं।"

प्रशासनका अनुसार उक्त दिन सो स्थानमा प्रदर्शनकारीहरूद्वारा १३ जना प्रहरीहरू पनि घेरिएका थिए। तर टोलीलाई प्रहरी प्रशासनले एक जना पनि घाइते प्रहरीसंग भेटघाटको प्रबन्ध गर्न सकेन। प्रशासनले उक्त गोली काण्डको नेतृत्व गर्ने दुवै जना इन्सपेक्टरसंग पनि टोलीलाई भेट गराउन सकेन। प्रहरी चौकी दमकका अनुसार उक्त दिन निम्न बमोजिमका प्रहरीहरू घाइते भएका थिए।

१. प्र. स. नि. रमेश पाठक — इलाका प्रहरी कार्यालय दमक
२. प्र. स. नि. राम कुमार राई — इलाका प्रहरी कार्यालय दमक
३. प्र. स. नि. रूद्र प्रसाद खरेल — इलाका प्रहरी कार्यालय फुलबारीया बैलाकुप्पा
४. प्र. स. नि. दिल बहादुर श्रेष्ठ — इलाका प्रहरी कार्यालय फुलबारीया फुलबारीया
५. प्र. ज. धीर बहादुर बुढाथोकी — सदर प्रहरी गुल्म चन्द्रगढी
६. प्र. ज. हिरालाल गिरी — इलाका प्रहरी कार्यालय दमक
७. प्र. ज. श्याम बम्जन — इलाका प्रहरी कार्यालय फुलबारीया बैलाकुप्पा
८. प्र. ज. डिल्ली राज बेग — इलाका प्रहरी कार्यालय दमक
९. प्र. ज. लक्ष्मी कान्त बेग — इलाका प्रहरी कार्यालय दमक

आन्दोलनसंग सम्बद्ध सबै बन्दीहरूलाई अन्यत्र सारिएको थियो । तर त्यस अघि प्रहरी पहरागणको करिब १६ X ७ फीटको अगाडि केही भागमा जाली ठोकिएको एउटा बन्द कोठामा स्वाते बालकहरूलाई राखिएको थियो । उनीहरूका साथमा सडकबाट समातिएका अन्य गैर राजनीतिक मानिसहरूलाई पनि राखिएको थियो । समातिएका स्वातेहरूको स्वास संख्या उपलब्ध हुन नसके पनि उनीहरूलाई थुनाका क्रममा स्वान नदिइएको कुरा थाहा भयो । उनीहरूलाई चिसो भुइँमा त्यसै राखिएको थियो । "यहाँ राखिएका करिब ६०-६२ जनालाई असार १५ गते यहाँबाट लगियो ।" - एकजना प्रहरी अधिकृतले बताएका थिए ।

आन्दोलनका क्रममा हनुमान ढोकास्थित प्रहरी हिरासतमा राखिएका बन्दीहरूको संख्या असार १६ गतेसम्म मात्र १६ भएको कुरा प्रहरीहरूले बताएका थिए । प्रहरी अधिकृत नरेन्द्रकुमार पोखरेलका अनुसार असार १५ गते उनीहरूलाई अन्यत्र लगिएको थियो । वहाँका अनुसार कतिलाई मुद्दा चलाउन प्र.जि.अ. कार्यालय लगिएको थियो र कतिलाई मुक्त गरिएको थियो ।

हनुमान ढोकाका खोर जस्ता साँघुरा हिरासत कक्षहरू एकजनालाई थुन्नका निम्ति बनाइएको देखिन्छ । तर त्यहाँ थुनुवाहरूको चाप बढेको बेला २० जनासम्म थुनिएको पाइयो । अँध्यारो र हावा नछिर्ने खालका ती खोरहरूमा थुनिनु मात्र पनि ठूलो यातना पाउनु हो भन्ने देखिन्छ । आफूलाई असार १२ गते पक्राउ गरिएको बताउने एक युवक त्यहाँ असार १६ गते पनि थिए । उनी आफूलाई पनि आन्दोलनसंग सम्बद्ध बताउँदथे । तर प्रहरीद्वारा उनलाई कसैको उजुरीमा ज्यान मार्ने अभियोगमा पक्राउ गरेको बताइयो ।

असार १६ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संयोजक सुशील प्याकुरेल, मानव अधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य बद्रीप्रसाद स्वतिवडा, नेपाल बाल मजदूर सरोकार केन्द्रका संयोजक गौरी प्रधान र यस पंक्तिकार सहितको एक टोली उपरोक्त हिरासतहरूमा पुगी आवश्यक जानकारीहरू लिएको थियो ।

सात वाम पार्टीहरूद्वारा संचालित आन्दोलनको दौरान पक्राउ परी राजधानीको महेन्द्र पुलीस क्लबमा राखिएका बन्दीहरूमध्ये अधिकांश पक्राउ परेको दिनदेखि उक्त दिनसम्म भोकै थिए । त्यहाँ १२ देखि १४ गतेसम्म पक्राउ परेका ती बन्दीहरूमध्ये ज-जसले आफ्नै खर्चले केही

१०. प्र. ज. नन्दलाल गिरी इलाका प्रहरी कार्यालय दमक

११. प्र. ज. लगन प्रसाद यादव सदर प्रहरी गुल्म चन्द्रगढी

१२. प्र. ह. नेत्र बहादुर जिल्ला प्रहरी कार्यालय झापा

१३. प्र. ज. भीम बहादुर सम्बाहाम्फे इलाका प्रहरी कार्यालय फुलबारीका बैलाडुब्बा

जिल्लाका प्रहरी उपरिक्षक, प्रसिअर र इलाका प्रहरी कार्यालय दमक समेत जम्मा अनुसंधान गरिएका पनि ठोलीलाई नौ थाइते र गोली काण्डको नेतृत्व गर्ने इन्सपेक्टरहरूसंग भेट गराइएन । एसले पहिले उक्त दिन दमकको चहराना द्वारा जिल्ला विकास समितिका सदस्य बलराम गजुरेल लगायत दीपक गिरी, पदम पौडेल, मोहन भिमाल र परशु सजेल थाइते भएको जनाएको छ ।

३. प्रशासन र सत्तापक्षका भनाइहरू :

३.१ नेपाली कांग्रेस सूत्र :

"हून त म साउन ७ गते जिल्ला मात्र यहाँ आई पुगेको हूँ । तर सुनेसम्म चाहीं प्रदर्शनकारीहरूले प्रहरीहरूमाथि ढुङ्गा मुढा गर्ने थालेपछि र ५ जना प्रहरीलाई ढुङ्गालगि सकेपछि प्रहरीहरूले लिनै सम्भार । तर सडकमा डाम्रा बाल्ने प्रदर्शनकारीहरूद्वारा आगोमाथि नै प्रहार हुन थाले पश्चात गोली चलाइएको थियो । भन्नी यानु अचापज हो । तर गोली हान्ने काम ठीक पनीक के भयो भनेर अहिले भन्न सकिन्न । नेपाली कांग्रेसका जिल्लाध्यक्ष दमक नगरपालिकाका सदस्यमा निर्वाचित बद्री ने. १० का सदस्य भीम गुरुङ्गेले ८ वा विहान करिब ८ बजे ठोलासंग दमक बजारमा कुटपिटमा गर्ने बताउनु भयो ।

"गोली चलाउँदा मानुवाहक बस त्यहाँ थिएन, ७ कि. मि. पर उलोवारीमा थियो ।" - कुटपिटको क्रममा बहाँले यो कुरा पनि स्वीकार गर्नु भयो ।

"हून त म आफू पुग्दा थिइन" भनी बहाँले यो पनि बताउनु भयो । "प्रहरीले पहिले लाठी चार्ज गरेका थिए भनी त्यसपछि हवाइ फायर गरेका थिए र प्रहरीद्वारा फायरिङ्ग के बीच अश्रुग्यासको प्रयोग भएको थियो ।"

३.२ लोकेन्द्र बहादुर श्रेष्ठ, सब-इन्सपेक्टर

हाल इलाका प्रहरी कार्यालय दमकका इन्चार्ज लोकेन्द्र बहादुर श्रेष्ठले ठोलीलाई ३ गते विहान करिब ९ बजेतिर कार्यालयमा बोलाए । - [illegible] पटकमात्रैमा [illegible] । [illegible] स्वर दिन ३ बजे [illegible] सफल रहे । [illegible] मएको थियो । [illegible] हटाउने [illegible] । [illegible] आयको एउटा [illegible] छ भन्ने सुनेपछि [illegible] लिन त्यस तर्फ लाग्न [illegible] । [illegible] प्रहरीहरू पनि [illegible] गोली [illegible] ।" - "अब [illegible] फायर कसरी भन्नु ।" - [illegible] अनुसार जिल्ला प्रहरी कार्यालयमा [illegible] नियन्त्रण गर्न [illegible] र [illegible] बहादुर सिंहको [illegible] गरेको [illegible] कार्यवाही गरेको थियो ।

३.३ श्री विजय गुरुङ, प्रहरी उपरिक्षक

"४ र ५ [illegible] हाम्रो गोली के लिए [illegible] । [illegible] गाडीलाई चाहीं सुरक्षा प्रदान गर्ने । हुन त म दमकको [illegible] त्यहाँ थिइन । तर सुने-बुझे अनुसार विहान करिब ११ बजे प्रहरीद्वारा अगाडि पक्राउ [illegible] जना प्रहरीहरू माथी भेडिएपछि [illegible] राउण्ड हवाइ फायर गरिएको हो । अब मानिसलाई लाग्ने सकेपछि [illegible] फायर भन्न नमिल्ने । [illegible] तीस राउण्ड चलाउँदा जम्मा एक जनालाई लाग्नु र [illegible] पनि नहुनुले हवाइ फायर नै हो भन्ने देखाउँछ । हामीले [illegible] भए त एउटा गोलीले दुइजना पनि मर्थे ।" जिल्ला प्रहरी उपरिक्षक श्री विक्रम सम्बाले ८ गते दिउँसो करिब साढे चार बजे ठोलीलाई आफ्ने कार्यकक्ष चन्द्रगढीमा बताउनु भयो ।

"मैले आफैले देखेको त होइन ।" भन्दै बहाँले अगाडि भन्नु भयो - "गोली खाने मानिसको रपत सडकमा पुहिएको थियो । गोली सडकमा रहेको मानिसलाई लागेको थियो ।"

"कानूनले पहिले लाठी चार्ज भने पनि भीड नियन्त्रण गर्दा हामी पहिले अश्रुग्यासको प्रयोग गर्छौं र त्यसपछि लाठी चार्ज गर्छौं ।" - बहाँले त्यस दिन १ सेल मात्र अश्रुग्यास छोडिएको कारण खुलाउने क्रममा भन्नु भयो । बहाँले त्यस दिन हावाको दिशा र [illegible] नगरपालिका [illegible] अघि [illegible] अश्रुग्यास [illegible] गोली [illegible] भन्नु भयो ।

[illegible] प्रहरीमाथि [illegible] कसरी [illegible] गोली [illegible] प्रहरीहरूको [illegible] गर्न [illegible] भन्ने [illegible] भन्नु भयो । - "गोली [illegible] गोली [illegible] ठीक भन्ने [illegible]

मगाउन सके वा परिवारका मानिसबाट केही स्वाने कुरा पाउन सके, उनीहरू बाहेक अधिकांश भोकै रहेका थिए। प्रहरीका तर्फबाट उनीहरूलाई केही स्वान दिइएको थिएन।

दिउंसो साढे दुई बजे त्यहाँ गएको मानववअधिकारका कार्यकर्ता एवं पत्रकारहरूको टोलीले अधिकांश बन्दीहरूले कुटपीटको शिकार हुनु परेको ठहर गरेको थियो। टोलीका सदस्यहरूले फर्किए पश्चात १४ गते राती कोटेश्वर स्थित आफ्नै डेराबाट पक्राउ परेका तीर्थ सुवेदी को आँखीको डीलमा कुटाईको नील डाम स्पष्ट देखेको कुरा बताएका थिए। सुवेदीका साथमा प्रहरीले कल्याण लुइँटेल, विष्णु लुइँटेल, बलबहादुर कार्की, अर्जुन कार्कीलाई पनि पक्रिएको थियो। उनीहरूलाई पक्रिँदा प्रहरीले कल्याणकी पत्नीसंग दुर्व्यवहार

सांसद शेरचन - अस्पतालको शैय्यामा

पनि गरेको थियो। पक्राउ परेका ५ जनालाई पहिले कोटेश्वर थानामा ल्याई पिटिएको थियो। उनीहरूलाई राती १२ बजे पुलिस क्लब ल्याइएको थियो। उनीहरूले त्यसबेला बताए अनुसार पक्राउ पर्दा उनीहरू कोठाभित्र क्यारेम खेली रहेका थिए।

त्यहाँ अधिकांश रूपमा कार्पेट मजदूर वा अन्य मजदूरहरू नै राखिएका थिए। १४ गते राती बालाजुस्थित निकोई उनी धागो कारखानाबाट पक्राउ परेका १० जना र शेरचन ऊन कार्डिङका १३ जना मजदूरहरू पूर्णतः अनभिज्ञ अनुहार लगाएर हलको भुइँमा डराउँदै बसी रहेका थिए। उनीहरूलाई प्रहरीले काम गर्दा गर्दै पक्राउ गरी ल्याएको थियो। सोही झुण्डमा रहेका एकजना दुब्लो पातलो बालकले भनेको थियो। - "मैले बिस्कुट मगाएर खाएँ, अरू केही खान पाएको

हो-हल्ला नै गरे। तर मान्छेलाई लागी सकेपछि मात्र स्थिति नियन्त्रणमा आयो।"

"स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को अधिनमा रहेर गोली चलाइने गरिन्छ।"- गोली चलाउन घटनास्थलमै उपस्थित प्रहरीहरूलाई कसरी अधिकार प्रत्यायोजन गरिएको थियो भन्ने प्रश्नको उत्तरमा वहाँले भन्नु भयो।

३.४ छविराज पन्त, प्र. जि. अ.

"हामी त गोली चलेको १ घण्टा जतिपछि मात्र अथवा १२ बजे विहान तिर त्यहाँ पुगेका थियौं।" कुराकानीको सुरूवात गर्दै ८ गते दिउँसो करिव ५ बजे प्र. जि. अ. छविराज पन्तले टोलीलाई आफ्नै निवासमा बताउनु भयो - "२-४ जना प्रहरी र प्रदर्शनकारीहरू पनि ढल्न थालेपछि गोली चलाइएको हो।"

"प्रहरीद्वारा त्यहाँ अपनाइएको प्रक्रिया ठीकै भएको छ। सबै ठाउँमा प्र. जि. अ. स्वयं पुग्न सक्दैन, नियन्त्रण गर्न आवश्यक प्रक्रियाहरूका सम्बन्धमा पहिले प्रक्रिया मिलाइएको हुन्छ।" - वहाँले थप्नु भयो।

"हामीले पहिले नै एमालेका नेताहरूलाई सडकमा अवरोध खडा नगर्न भनेका थियौं र वहाँहरूले "हुन्छ" पनि भन्नु भएको थियो। तर पछि त्यसो भएन र दमकमा त्यस ठाँउमा प्रहरीले २८ राउण्ड गोली चलाउनु पऱ्यो, १ सेल अश्रुग्यास छोड्नु पऱ्यो। हुन त मान्छेलाई लागी सकेपछि गोली तलैबाट गएको थियो भन्ने प्रष्ट भइसकेको छ। तथापी त्यहाँ हवाई फायर नै गरिएको हो। त्यहाँ त्यतिखेर करिव ३ हजार प्रदर्शनकारी र ५०-६० जना प्रहरी थिए। त्यहाँ फायरिङ्ग बाहेक अर्को उपायले भीड नियन्त्रण नहुने देखिएपछि नै गोली चलाइएको हो। गोली चलाउँदा त्यहाँ इन्सपेक्टर सुरेन्द्र बहादुर सिंह हुनुहुन्थ्यो।

संवेदनशील ठाउँहरूमा दरवन्दी नभए पनि काजमा इन्सपेक्टर पठाउने चलन अनुसार वहाँलाई असार अन्त्य तिर त्यहाँ ल्याइएको हो।" वहाँले भन्नु भयो।

वहाँले कुराकानीकै क्रममा अगाडी बताउनु भयो - " पेट्रोलिङ गरी गरी गाडी चलाउने हाम्रो उद्देश्य थिएन। मोरङ्ग प्रशासनले जिल्लाको सीमासम्म ल्याएर गाडी अड्कीयो भने पछि हामीले ल्याउनु परेको हो। अन्यथाः ८-१० जना यात्रुहरू रहेको नाथे बस त्यति जवरजस्ती गरेर अगाडि बढाउनु पर्ने थिएन। तर उर्लावारीमा त्यही बसका कारण लाठी चार्ज गर्दा पनि मोरङ्ग प्रशासनले सोचेन। जिल्ला कटाइ दिने उद्देश्य मात्र राख्यो।" केही यात्रुहरूलाई त पुलिसकै गाडीमा पनि लगिदिन सकिने थियो भन्ने कुरा पनि वहाँले बताउनु भयो।

४. निचोड

गोली चल्दा घटनास्थलमा डेढ-दुई सय भन्दा बढी प्रदर्शनकारीहरूको जमघट थिएन। त्यहाँ वरपर दमक नगरपालिकाका प्रमूख, उप-प्रमूख लगायतका जिम्मेवार स्थानीय वाम नेताहरू पनि उपलब्ध थिए। त्यहाँ पुगेको ५५ जनाको प्रहरी दलले समझदारीको बाटो पहिल्याउन सक्ने ठाउँ थियो। तर घटना स्थलमा लाठी र अश्रुग्यासलाई भन्दा गोलीलाई नै बढी महत्व दिइएको पाइयो।

"उक्त घटनामा हामीलाई लाठीले घाइते बनायो" भनेर दावी गर्ने खास चोटपटक लागेका घाइतेहरू एक जना पनि देखिएनन्।

प्रहरीले घाइते भनी दावी गरेको प्रहरीहरू पनि घाइते सूचीमा आफ्नो नाम लेखाए पश्चात पुनः आफ्नो काम कारवाहीमा फर्किएको बुझिन्छ।

त्यस दिन घटनास्थलमा जिल्ला प्रहरी कार्यालयबाट मुरली मनोहर सिंह पाण्डेको नेतृत्वमा आएको प्रहरी दलले १ सेल र इन्सपेक्टर सुरेन्द्र बहादुर सिंहको दलले १ सेल गरी जम्मा दुई सेल अश्रुग्यास प्रयोग गरिएको भनिए पनि प्रत्यक्षदर्शीहरू, प्र. जि. अ. र प्रहरी उपरिक्षक पनि १ सेल भन्दा बढी अश्रुग्यास प्रयोग गरिएको चर्चा गरेनन्।

४ गते नै प्रदर्शनकारीहरूद्वारा आयोजित डिल्ली प्रसादको शवयात्रा माथि दमक बजारमै नरेन्द्र प्रसाद खनालको घरबाट कृष्ण कोइराला नामक एकजान युवाले ढुङ्गा हाने पश्चात वातावरण अझ उत्तेजित बन्न पुगेको कुरा पनि थाहा भयो। प्रशासनको गोली, पक्ष विपक्षका नागरिक वीचको अस्वस्थ्य विवादका कारण दमक बजार ७ गते पनि केही तनावग्रस्त रहेको थियो भन्ने बताइन्छ। सोही दिन डिल्ली प्रसादको शव बोकेर गइरहेको एम्बुलेन्सलाई पनि चारपाने स्थित रामचोकमा केही युवाहरूले रोकी एम्बुलेन्स लगिरहेका एमाले कार्यकर्ताहरूमाथि हातपात गरेको घटनाले पनि त्यहाँ तनाव उच्च विन्दुमा पुगेको थियो भन्ने पुष्टि गर्दछ।

कानूनतः गोली चलाउन आदेश दिने अधिकारी प्र. जि. अ. नै हुँदाहुँदै झापाका प्र. जि. अ. आफूले त्यहाँको घटनाका सम्बन्धमा तनाव बढिरहेकै बेला थाहा नपाएको बताउनुले प्रशासनद्वारा त्यहाँ आवश्यक प्रक्रिया नपुऱ्याई, समझदारीको पहल नै नगरी गोली चलाएको प्रतितः हुन्छ। मान्छेको छातीमा लाग्ने गरी "हवाई फायर" गर्ने त्यहाँ उपस्थित प्रहरीको शैलीले मानव अधिकारको ठाडो उल्लंघन गरेको छ।

टोलीसंग प्रशासनले गोली चलाईसकेपछि पनि मानिस ढलेको कुरा धेरै पछिसम्म थाहा नभएको बताउनुलाई टोलीले अत्यन्त गैह जिम्मेवार भनाई ठहऱ्याएको छ।

दमक गोली काण्डका सम्बन्धमा निष्पक्ष

छैन ।" सुन्दर चौधरी नामका ती बालक आफ्नो उमेर १६ बर्ष बताउँदथे । तर मन्त्रीरहनु पर्दैन – सरकारले १४ बर्षसम्मका बालबालिकालाई काममा लगाउन निषेध गरेकोले मात्र ऊ त्यासो भनि रहेको थियो । चौधरीका अनुसार प्रहरीले उसलाई पनि लाठीले हिर्काएको थियो ।

लगनखेलको ढलौट कारखानामा काम गर्ने भगत राजवंशीलाई असार १४ गते बेलुकी ६ बजे लगनखेलबाट पक्राउ गरिएको थियो । उनी सिनामंगलस्थित लक्ष्मी साहुको गलैंचा कारखानामा काम गर्ने मजदूरहरूमध्येका एक थिए । ती मजदूरहरू मन्दै थिए । – "एउटा फुच्चे पनि परेको थियो । तर छुट्यो ।" वास्तवमा उनीहरू १४ वर्षमुनिका देखिन्थे ।

सुनाकोठीका प्रकाश महर्जनलाई पनि असार १४ गते मंगलबजारमा पक्रिइएको थियो । उनको एउटा खुट्टा प्रहरीले लाठी प्रहारद्वारा क्षतिग्रस्त भएको थियो । उनीसँगै विजयकुमार श्रेष्ठलाई पनि ४ बजेतिर बाटो हिंडिरहेकै अवस्थामा पक्राउ गरिएको थियो ।

कुपण्डोलस्थित महानगरी होटलमा काम गर्ने सिन्धुपाल्चोकका चेतनाथ भट्टराई (३२) लाई असार ११ गते विहान एमालेका स्थायी कमिटी सदस्य वाचस्पति गौतमसँगै जुलुसमा हिंडिरहेको अवस्थामा पक्राउ गरिएको थियो । पक्राउ गरिएको दिनदेखि उनलाई न त प्रहरीले केही खान दिएको थियो न त उनको परिवार वा साथीभाई कतैबाट कोही आएका थिए । "यहीं साथीभाईसंग बाँडचुँड गरेर खाँदैछु ।" – वरपर रहेका आफू जस्तै बन्दीहरूलाई देखाउँदै उनले बताएका थिए ।

प्रधानमन्त्रीले भियना जानुअघि गत जेठ २६ गते "मानवाधिकार र नेपाल प्रहरी" विषयक गोष्ठीको उद्घाटन गर्नु भएको हलमा राखिएका रामजी परियार ध्वाँ ध्वाँ रोइरहेका थिए । नयाँ सडकको ह्युमन टेलर्समा काम गर्ने मिलन सुब्बा मानवाधिकार कार्यकर्ताहरूलाई देख्ने बित्तिकै भन्दै थिए । – "मलाई जुलुसबाट पक्रिइएको होइन, काममा जाँदा पक्रिइएको हो ।" उनी आफ्नो टेलर्सको फोन नं. बताउँदै थिए । ज्यामी काम गरेर

स्वाने जय बहादुर साई र श्याम कुमार राईलाई रानीपोखरी नेरबाट पक्राउ गरिएको थियो ।

बल बहादुर विश्वकर्मा र बुद्धि तामाङ १४ वर्ष नन्नाघेका बालकहरू जस्ता देखिन्थे । उनीहरूले आफ्नो उमेर बढी बताएका थिए । बौद्ध टुसालस्थित हिसी डोल्मा कार्पेट कारखानामा काम गर्ने ती दुईजना लगायत ५ जनलाई असार १४ गते बेलुकी ९ बजेतिर पक्राउ गरिएको थियो । उनीहरूलाई कम्मतउण्ड भित्रैबाट पक्राउ गरिएको थियो ।

वीर बहादुर तामाङ डराएर राम्रोसंग कुरुकानी गर्न पनि सकिरहेका थिएनन् । उनी काठमाण्डौमा अरूको घरमा काम गरेर बस्ने गर्दथे । उनी आफ्नो मालिकको नाम र टेलिफोन नम्बर पनि बताइरहेका थिए । उनलाई असार १२ गते दिउँसो असनमा सिलाई तालिम लिन गएको बेला वीर अस्पताल अगाडिबाट गिरफ्तार गरिएको थियो ।

स्वम्बध्वज कार्की वसको खलाँसी थिए । उनी आफ्नो गाडीको नम्बर पनि बताइरहेका थिए । उनलाई असार १२ गते १२ बजेतिर वसपार्कमा राखिएको गाडी भित्रैबाट समातिएको थियो । गोठाटारका कृष्ण मुरारी दहललाई असार १२ गते काठमाण्डौ नगरपालिका अगाडिबाट पक्राउ गरिएको थियो ।

औखलढुङ्गाका अहीराज गुरूङ आई.एस्सी. प्रथम खण्डको फिजिक्सको जाँच दिन कै निम्ति राजधानी आएका थिए । तर १२ गते पक्राउ परे र उनको असार १४ गतेको परीक्षा छुट्यो ।

सरस्वती क्याम्पसका मोहप्रसाद बजगाई लगायत सुजन श्रेष्ठ, निरंजन श्रेष्ठ, राजु श्रेष्ठ र कृष्णमुरारी दहालको असार १५ गते आई.कम.को बिजनेशको परीक्षा रहेको थियो । त्यस्तै राजुबाबु थापा, रमेश मिञ्जार आदि विद्यार्थी पनि आफ्नो पढाई बिग्रिएको चिन्ता गरिरहेका थिए । तरूण मा.वि.का विद्यार्थी राजु रिमाल र कान्तिपुर मा.वि.का सुनिल लामा पनि स्कूल छुटेकोमा दुःखी देखिन्थे ।

प्रहरी नायब महानिरिक्षक रामकाजी वान्तवाले त्यसबेला बताए अनुसार त्यहाँ कूल ९४ बन्दी रहेका थिए । तर टोलीले त्यहाँ १३४ जना बन्दी रहेको पाएको थियो । वहाँका अनुसार असार

संयुक्त राष्ट्र संघीय विश्व मानवअधिकार सम्मेलन, भियना १९९२

[illegible]

भियना सम्मेलनमा हामी के
मनेर गइरहेका छौं ?

[illegible]

हामी भियना सम्मेलनमा के मन्न गइरहेका छौं भन्ने विषयलाई लिएर खास गरेकन श्री ५ को सरकारले विशेष अभिरूची देखाएको प्रति हामी ध्यानाकर्षण भएको छ । गत जेठ २० गतेका दिन परराष्ट्र मन्त्रालय मार्फत माननीय गृहमन्त्री तथा कानूनमन्त्रीद्वयको निमन्त्रणामा एक भेटघाट कार्यक्रम सम्पन्न भयो । उक्त अवसरमा मानवअधिकारवादी संस्थाहरूको प्रतिनिधिमण्डलले "मानवअधिकारको नाममा खुराफाती गर्ने तपाईहरूलाई "स्वागत छ" भन्दै भियना सम्मेलनमा सरकार र गैरसरकारी संस्थाहरूको "एउटै आवाज" हुनु पर्ने कुरामाथि गृहमन्त्रीले जोड दिनु भयो । मानवअधिकार संस्थाहरूको प्रतिनिधिमण्डलले पनि हिजो एकैसाथ आन्दोलनमा लागेर आज सत्तामा पुग्ने बित्तिकै सबै कुरा बिर्सिएर मानवअधिकारको उल्लंघन कार्य जारी राख्नु भएकोमा माननीय गृहमन्त्रीज्यूलाई "धन्यवाद" दिन पछि परेन । गृहमन्त्री श्री वीर बहादुर देवपाले सालगरिकन भियनाका लागि तयार भइरहेको वेलामा मानवअधिकार सम्बन्धी गैरसरकारी संस्थाहरूले प्रतिवेदन तयारीले हेर्नी निमित्त दबाबको भाव प्रयोग गर्नु भयो । प्रतिनिधिमण्डलले भियनामा प्रस्तुत गर्ने थोरथा तथा मुसुकमित्र व्यक्त गरिरहेका धारणाहरू फरक नहुने भी र [illegible] मानवअधिकारवादी संस्थाहरूमाथि अन्यायपूर्ण [illegible] दिएका अधिकार र १५ वटा मन्त्री बसी संयुक्त राष्ट्र संघीय संस्थाहरूमार्फत नेपाली जनतालाई प्राप्त अन्तर्राष्ट्रिय मानवअधिकारहरूको [illegible] गर्न [illegible] गर्ने नसकिएको [illegible] अनुरोधलाई दिन उपरी गहुन [illegible] दिएको थिए । गैरसरकारी संस्थाहरूले प्रतिवेदन भियना जानुपूर्व सरकारबाट "सेमरो" गराउनु पर्ने कुरामाथि प्रतिनिधिमण्डलको [illegible] आपत्ति थियो । परराष्ट्र मन्त्रालयका प्रतिनिधि [illegible] भेटघाटपछि गृहमन्त्रीज्यूले बसेर भेट्ने [illegible] कुरामाथि गहन [illegible] गराउनु [illegible] कुरामा [illegible] गराउनु [illegible] थिए तर [illegible] त्यसबारे अरू कुनै सूचना मिलेको छैन ।

हाम्रा सुझावहरू

कुराकानीका अवसरमा माननीय मन्त्रीद्वयसमक्ष प्रतिनिधिमण्डलले तिनै कुराहरूलाई जोडदार रूपमा अगाडि सार्यो जुन कुराहरू समितिको राष्ट्रिय प्रतिवेदनमा प्रतिबिम्बित हुने छन् तथा भियना सम्मेलनका अवसरमा उठाइने छन् । ती सुझावहरू संक्षेपमा यस प्रकार छन् :

१. संविधान प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न आवश्यक कानूनहरूको [illegible] (जस्तै [illegible] पनि [illegible] दिन [illegible] पुराना [illegible] अन्यथा [illegible] दिनु पर्ने [illegible] व्यवस्था गरेको छ [illegible] कानून [illegible] छैन ।

२. [illegible] मानवअधिकार [illegible] अन्तर्राष्ट्रिय [illegible] प्रतिवेदन [illegible] उल्लंघन [illegible] आरोपित [illegible] पनि कार्यान्वयन गर्नुपर्दछ ।

३. [illegible] पनि [illegible] अवसरमा [illegible] भयो । [illegible] मानवअधिकार [illegible] गरेको [illegible] थिए तर [illegible] मानवअधिकार [illegible]

१४ गते सतीसम्म त्यहाँ पक्राउ परेका ४७१ मध्ये ४१० जनालाई छोडीसकिएको थियो । बाँकी ९५ लाई कार्वाही गरिने भएको थियो भने ६६ जना अनुसन्धानका निम्ति राखिएका थिए ।

वान्तवाका अनुसार पक्राउ गरेर ल्याइएका मध्ये निर्दोष देखिन आएकाहरूलाई तत्काल छोड्ने गरिएको थियो भने बाँकी रहेकाहरूलाई कर्फ्यू तोड्ने वा दुंगामुडा गर्ने दुई मध्ये एक अभियोग लगाइने गरेको थियो । तोडफोड र दुंगामुढा गर्ने भनिएकाहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गत कार्वाही गर्ने गरिएको कुरा बताइएको थियो ।

वान्तवाले त्यसबेला बताए अनुसार आन्दोलनका क्रममा काठमाण्डौका सडक बालक वा स्वातेहरूलाई त्रिपुरेश्वर स्थित प्रहरी कार्यालयमा थुनिएको थियो ।

पुलिस क्लबमा थुनिएका प्रदर्शनकारीहरूसंगको ०५० असार १५ गतेको भेटघाटको अगुवाई डी.एस.पी. रेवतबहादुर थापाले गर्नु भएको थियो । र वहाँ प्रदर्शनकारीहरूद्वारा घाइते हुनु भएको भनी सरकारी संचारद्वारा प्रकाशमा ल्याइएको कुरा झुठ्ठा सावित भएको थियो । मानवअधिकार टोलीका सदस्य प्रहरी चाहले थुनिएकाहरूलाई स्थान दिइएको छ भन्ने दावी गरेको भए पनि उक्त दावी पूर्णतः गलत सावित भएको थियो । बन्दीहरूलाई घरबाट पनि ओढ्ने ओछ्याउने सामान पुऱ्याउन दिइएको थिएन ।

मानव अधिकार संरक्षण मंचका उपाध्यक्ष चन्द्रप्रसाद पुलाभर, केन्द्रीय सदस्य बद्री प्रसाद खतिवडा, अनौपचारिक क्षेत्र सेवा केन्द्रका निर्देशक सुशील प्याकुरेल, नेपाल बाल मजदूर सरकोकार केन्द्रका संयोजक गौरी प्रधान एवं पत्रकारद्वय मल्ल के. सुन्दर र यस पंक्तिकार सहितको उक्त टोलीलाई प्रहरीले पुलिस क्लबका बन्दीहरू राखिएका कूल तीन वटा हलहरू देखाएका थिए ।

यस पटक आन्दोलनका दौरान मानवअधिकार संरक्षण मंच, नेपाल मानवअधिकार संगठन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल बाल अधिकार सरोकार केन्द्र (सीवीन), मानवअधिकार महासंघ, इन्हुरेड लगायत केही संस्थाहरूले मानवअधिकार उल्लंघनको पर्यवेक्षण गर्ने टोली पनि निर्माण गरेका थिए । उक्त टोलीले असार २१ र साउन १ गते काठमाण्डौका उत्तेजनापूर्ण सडकमा पर्यवेक्षण मात्र गरेन, कतिपय ठाउँमा अनिष्टलाई समेत पन्छाये । पर्यवेक्षण टोलीका एकजना सहभागीका अनुसार असार २० गते उक्त टोलीले एक ठाउँमा प्रहरीलाई हिंसक हुनबाट कुशलतापूर्वक रोकेको थियो ।

आन्दोलनका क्रममा देखिएको सबभन्दा दुःखदायी पक्ष के रहयो भने मानवअधिकारवादी र बुद्धिजिवीका रूपमा चिनिएका व्यक्तित्वहरू पनि आन्दोलनको पक्ष वा विपक्षमा ब्यानर भुन्ने हिंडे । यस क्रममा शान्ती न्याली वडो चर्चित रहयो । मानवअधिकार संरक्षण मंचका अध्यक्ष मथुरा श्रेष्ठले खुलामंचमा आन्दोलनको पक्षमा भाषण गर्नु भयो भने नेपाल मानवअधिकार संगठनका उपाध्यक्ष कपिल श्रेष्ठ आन्दोलनको विपक्षमा जुलुसमै निस्कनु भयो । "मानवीय जीवनलाई सबभन्दा अमूल्य निधी ठान्ने छौं" भनी हिप्पोक्रेटको सपथ खाने चिकित्सकहरूले समेत प्रहरीको गोलीबाट मारिनेहरूका सम्बन्धमा केही बोलेनन् । तर टेलिफोन क्याबिनेट जलेकोमा रोष व्यक्त गर्दै जुलुस निकाले । त्यस्ता डाक्टरहरू धेरै थिएनन् । तैपनी डाक्टरहरूको जुलुसले चर्चाको ठाउँ पाएको चाहीं थियो ।

तैपनी डाक्टरहरूको जुलुसले चर्चाको ठाउँ पाएको चाहिं थियो ।

प्रहरी ज्यादतिको जाँचबुझ हुनै पर्छ

दुई महिने वाम आन्दोलनका क्रममा मारिएका मानिसहरूका बारेमा पनि ठोकुवा गरेर भन्न सकिन्छ – उनीहरू अनाहकमा मारिएका थिए । असार ११ गते कै दिन खुलाभंचमा ताला लगाइ आमसभाका निम्ति भित्र जान रोक लगाइए पश्चात प्रदर्शनकारीहरू माझ रोषको वातावरण छाएको थियो । त्यसै क्रममा प्रहरीद्वारा एमालेका नेताहरूमाथि पनि हातपात भए पश्चात, मंच तर्फ ताकेर प्रहरीद्वारा अश्रुग्यास पनि प्रहार गरिएका थिए ।

आन्दोलनका क्रममा नागरिकहरूबाट रहस्यमय तरिकाले तोडफोड र आगजनीका घटनाहरू घटेका थिए । तर सरकारले त्यस्तै विध्वंशका घटनाहरूको नियन्त्रण गर्न गोली चलाएको दावी गरे पनि उक्त दावी सत्य ठहरेन । गोली चलाइएका ठाउँमा पनि ध्वंश चाहिं भएकै देखियो । फेरी गेलीका शिकार हुनेहरू अधिकांश प्रदर्शनकारी होइन, बाटोमा हिंड्ने वा रमिता हेर्नेहरू नै देखिए । पाटनमा असार १४ गते चार तल्लामाथि बाट तमाशा हेरिरहेकी रिता शिलाकार "ब्लांक फायर" द्वारा मारिइन् । आन्दोलनकै क्रममा असार २० गते भक्तपुर जगतेबाट पक्राउ परेका १८ वर्षीय गलैंचा मजदूर विजय लामा भक्तपुर डीएसपी कार्यालयमा ल्याइए । र निर्घात चुटिए । उनको असार २२ गते काठमाण्डौ वीर अस्पतालको वैय्यामा खोही कुटपीटका कारण मृत्यु भयो । वास्तवमा यस घटकको आन्दोलनका क्रममा पक्राउ परेकाहरू मध्ये अधिकांशमाथि प्रहरीले पंचायतकालिन दुर्व्यवहार नै गरेको थियो । पक्राउ परेकोहरू मध्ये अधिकांशलाई सार्वजनिक अपराध गरेको मुद्दा लगाइएको थियो । आन्दोलन दुंगिदासम्म पनि केही आन्दोलनकारीहरू थुनामै थिए ।

अन्तरिम कालमा ०४८ वैशाख ३१ गते नेपालले संयुक्त राष्ट्र संघको नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धमा पनि हस्ताक्षर गऱ्यो । पञ्चायती सरकारहरूले सधैं पर पर पन्छाउने गरेका उक्त अनुबन्धमा नेपालले सम्मिलन गर्नु आफैं एउटा उपलब्धी थियो । तर त्यसपछिका दिनमा भने प्रजातान्त्रिक सरकारले मानवअधिकार अत्यन्त निराश तुल्यायो । सरकारले आजसम्म कुनै पनि गोली काण्ड पश्चात छानविन आयोगको गठन गर्ने आँट गरेको छैन ।

छयालीसको संयुक्त जनआन्दोलनको एउटा बुँदा मानवअधिकार पनि थियो । नेपाली कांग्रेसको घोषणापत्रमा पनि मानवअधिकार प्रति स्पष्ट प्रतिवद्धता जाहेर गरिएको छ । र हाम्रो वर्तमान संविधानले पनि मानव अधिकारलाई ठूलो महत्व दिएको छ । तर त्यस्तो के पऱ्यो जसले गर्दा हाम्रा नेपाली कांग्रेसका प्रधानमन्त्रीका प्रहरीहरू दुधे बालकलाई गोली पिलाउनु भयो । प्रधानमन्त्रीसंग यस प्रश्नको जवाफ दिन सक्ने हिम्मत छैन, किनकी यी सब त आखिर वहाँकै आँखा अगाडि घटेका घटना न हुन् ।

सात वाम पार्टीद्वारा गत असार ४ गते देखि विधिवत सुरू गरिएको आन्देलनका क्रममा कूल २२ जना प्रहरीको गोली वा कुटपीटद्वारा मारिए । आन्दोलन दुंगिने बेलातिर पनि करिव डेढ सय आन्दोलनकारीहरू थुनामै रहेका थिए ।उक्त आन्दोलनका क्रममा मारिएकाहरूलाई सरकारले सुरूमा प्रति व्यक्ति रू.२५ हजार प्रदान गरिने घोषणा गरेको थियो । एमाले–कांग्रेस बीच आन्दोलन टुंग्याउने कुराको सहमति हुने क्रममा उक्त रकमलाई बढाएर रू.५० हजार पुऱ्याइने निधो भएको कुरो पनि प्रकाशमा आयो । तर सरकारको दायित्व त्यति मै सम्पन्न भएको छैन । सरकारले उक्त दुई महिनाका अवधिमा देशव्यापी रूपमा घटेका मानवअधिकार उल्लंघनका तमाम घटनाहरूको गहन छानबिन गर्न एउटा उच्च स्तरीय सर्वदलीय आयोग बनाउनु अत्यावश्यक छ । उक्त अवधिमा भएको जनधनको क्षतिको दोषी त्यस्तो छानबिन नहुँदाको अवस्थासम्म सम्पूर्ण रूपले राज्यलाई ठानिन्छ ।

⚖

[illegible]

[illegible]

[illegible]

वागमती, चितवन र मकवानपुरको बाढी

यतिका मानिसको बाँच्ने हक कसरी खोसायो, छानबिन जरूरी छ

फोटो: सुबिन बजाचार्य, चितवन

गत साउनको पहिलो सातामा चितवन मकवानपुर, रौतहट, सर्लाही आदि जिल्लामा आएको भयङ्कर बाढीको सन्दर्भमा मानवीय कमजोरीको कुरो प्रस्वर रूपमा प्रकट भयो। "हुने हुनामी टारेर टर्दैन" - उक्त बाढीका सन्दर्भमा कसैले यस्तो भन्न सकेन। र बाढी आए पश्चातको राहत कार्यका क्रममा समेत सरकार अत्यन्त आलोचित भयो।

राष्ट्रिय योजना आयोगको सूत्रद्वारा नै अहिलेको बाढी-पैह्रोको प्रकोपबाट चार अरब नेपाली रूपैयाँ भन्दा बढीको क्षति हुन सक्ने कुरा प्रकाशमा आई सकेको छ। सरकारका लागि "नमूना गाउँ" को सपना पनि एउटा विशाल चुनौतीका रूपमा उभिने कुरा स्पष्ट छ।

प्रकृतिलाई नजरअन्दाज गर्नु हुँदैन भन्ने गहुंगो पाठ पढाउँदै आएको यस पल्टको बाढीको पानीमा सरकारले आफ्नो अनुहार पस्वाल्ने ठूलो प्रयास गऱ्यो। आन्दोलनरत प्रतिपक्षीहरूले पनि बाढी प्रकोप पछिको परिस्थितिलाई आन्दोलनका निम्ति इन्धनका रूपमा प्रयोग गर्न खोजे। तर दुबैले सफलता हात भने पार्न हुन सकेनन्।

हाम्रा प्रधानमन्त्रीले प्रधानमन्त्री राहत कोषका निम्ति चन्दा दिन चाहने हरेक चन्दादातासंग आफैले फोटो खिंचाउनु भयो। र आफ्नो राहत अपरेशनको प्रचार वहाँले अति धेरै गराउनु भयो। तर बाढीद्वारा सबभन्दा क्षतिग्रस्त क्षेत्र सर्लाहीको दक्षिण भेगका नौ वटा गा.वि.स.हरूमा दुई साता भन्दा बढी सम्म राहत नपुगेका जस्तो किसिमका समाचारहरूले वहाँको राहत अपरेशनलाई गंभीर चुनौती दिए। सरकार कै प्रतिवेदन अनुसार साउनको पहिलो सातामा भएको मुसलधारे वर्षाद्वारा देशका २०-२० वटा जिल्लाहरू धेरै-थोरै मात्रामा प्रभावित भए। र सो विपत्तिबाट ५५ हजार ७ सय ४८ परिवारका ५ लाख व्यक्तिहरूलाई असर परेको छ। अब सरकारका सामु १ लाख भन्दा बढी मानिसलाई पुर्नवास गराउने कठीन चुनौटी आई परेको छ

प्रमुख प्रतिपक्षी दल एमालेका नेता मनमोहन अधिकारीले बाढी पीडित क्षेत्रको स्थलगत भ्रमण सकी काठमाण्डौ आई पुग्ने वित्तिकै भन्नु भयो। - "बाढी पीडितहरूलाई राहत वितरण गर्ने कार्यमा सरकारले सर्वदलीय भावनाको कदर गरेको छैन।" वहाँले साउन २८ गते संसदमै सर्वदलीय टोलीद्वारा राहत वितरणका सम्बन्धमा सरकारलाई दिइएको १३ सूत्रीय सुझाव कार्यान्वयन गराइनु पर्ने कुरामा पनि जोड दिनु भयो। र वहाँले कुलेखानीमा भएको लापरवाहीका कारण नै वागमतीमा विनाशकारी बाढी आएको कुरो पनि दोहोऱ्याउनु भयो।

यस अघि नै यहाँका पत्र पत्रिकाले लेखी सकेका थिए - "कुलेखानीको पेनस्टक पाइप फुटेर त्यसबाट बाहिर निस्केको वेगवान पानीले भैंसेको पुल बगाएको, चितवनको सुगुरमारा स्थित तटबन्ध फोरेको र त्यहाँ वरिपरिका वस्तीहरू सखाप पारेको तथ्य सरकारले जति लुकाउने प्रयास गरे पनि जनसमक्ष आउन थालेको छ।"

साउन २२ गतेको नेपाली पत्र साप्ताहिकले लेखेको छ। - "पाइप फुटेपछि भल्भ बन्द गर्ने तर्फ कुनै ध्यान नदिएर १९ घण्टासम्म फुटेको पाइपबाट निर्वाध पानी बग्न दिएको र यही अवधिमा त्यो भेगमा प्रलय आएकोबाट स्पष्ट हुन्छ, यो विनाशको कारण पानी धेरै पर्नु मात्र होइन, पेनस्तक पाइपको सुरक्षामा असावधानी गर्नु अनि पाइप फुटेपछि त्यो पानीलाई नियन्त्रण गर्ने तदारूकता नदेखाउनु पनि हो। अर्को तर्फ वागमतीमा आएको बाढीले जुन महाविनाश गऱ्यो, त्यसको कारण पनि "अविरल वर्षा" मात्र होइन भन्ने कुराको पुष्टी हुँदै आएको छ। जलस्रोत मन्त्री लक्ष्मण घिमिरेको आदेश अनुसार वागमती व्यारेजका ३६ वटै ढोका बन्द गरेर वागमतीको बाढीलाई पूर्व र पश्चिमका दुई नहरबाट छोडेकाले आधा बाढीले पूर्व तर्फ सर्लाही र बाँकी आधा बाढीले पश्चिम तर्फ रौतहट सखाप पारेको रहस्य अब खुलिसकेको छ। अनि कुलेखानीको इन्द्र सरोवरमा बन्दी भएको पानीलाई एकैचोटी ढोका पूरै खोलेर छोडिदिनाले त्यो वेगवान पानीको ठूलो बाढी वागमतीको बाढीमा मिसिएर महाबाढी बनेको तथ्य पनि अब खुलिसकेको छ।

त्यस्तै पुनर्जागरण साप्ताहिकले बाढी प्रकोपको एक साता नबित्दै जलस्रोत राज्यमन्त्रीलाई सार्वजनिक मुद्दा चलाउनु पर्ने माग समेत उठायो।

सरकारले यति विवादास्पद प्रकरणलाई एउटा जाँचबुझ आयोग बनाएर छानविन गराउने हिम्मत अहिलेसम्म जुटाएको छैन। तर सरकारको यस्तो रवैयाका कारण पन्ध्र सय भन्दा बढी निर्दोष नागरिकको जीवन लीला अनाहकमा गुमेको कुरा जोडतोडले उठिरहेको छ। यसैबीच वागमती सिंचाइ आयोजनाको चीनियाँ ठेकेदार कम्पनीले उक्त सिंचाइ योजना एवं सर्लाही र रौतहटमा भएको क्षतिको कारण कुलेखानीमा भएको लापरवाहीलाई ठहऱ्याएको छ। सरकारले यतिका मानिसको बाँच्न पाउने हकको हरण भएको सन्दर्भमा गहिरो छानबिन भने ढिलोचाँडो गर्नै पर्ने देखिन्छ।

राहत वितरण गर्ने क्रममा स्वासगरि सरकारी पक्षबाट अनियमितता र भ्रष्टाचार भइरहेको कुरा प्रकाशमा आएका छन्। सरकारले तत्काललाई यस तर्फ मात्र ध्यान पुऱ्याउन सके पनि धेरै हुने थियो।

- अर्याल

सिन्धुको चेलीबेटी व्यापार

छोरी बेचेर टिनको छाना हाल्ने चलन

केदार कोइरालाको रिपोर्टिङ्ग

"मेरो पनि आबु ता.छोरी जान्म्यो होई, आबु ता मो पो नि टिनको टालाक्का टाल्काने छाना हाल्छ हाई" मन्दै छोरी जन्मे वापत खुसी हुने आस्याङको अवस्था सायद दहेज र अन्य यस्तै सामाजिक कारणले छोरी जन्मे पछि नाक खुम्च्याउनेहरूका लागि अनौठो लाग्न सक्छ।

तर राजधानीको उत्तर पूर्वमा रहेको पहाडी जिल्ला सिन्धुपाल्चोकको पश्चिमी गाउँहरू यस्ता पनि छन् जहाँ छोरी जन्मेपछि बाबु आमा खुब खुसी हुन्छन् र भोज खान्छन्। उनीहरूले छोरा र छोरीमा भेदभाव गर्नु हुँदैन, समान व्यवहार गर्नु पर्छ भन्ने कुरा बुझेर त्यस्तो खुसी मनाएका होइनन्। "ठूलो गाउँ" देशमा लाहुर गई देह व्यापार गरेर नाक, कान, हातमा टन्न सुनका गहना लगाई, आइ.सी. पैसा बोकेर हेलिकप्टर चार्टर गरेर २, ४ जना भरिया लिएर गाउँ फर्केका अरू गाउँले छोरीहरूलाई देखेर नै उनीहरूले छोरी जन्मेकोमा खुसी मानेका हुन्।

यस्तो परिस्थितिलाई दृष्टिगत गर्दा हामी कहाँ मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ३ मा उल्लेखित वैयक्तिक स्वतन्त्रता र आत्म सुरक्षा तथा आत्मसम्मानको अधिकारलाई कुल्चिइएको देखिन्छ। त्यस्तै अर्थोपार्जनका लागि महिला विरूद्धको सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने संबन्धी अन्तर्राष्ट्रिय महासन्धिको भाग ३ धारा ६ ले सबै किसिमको महिला व्यापार र वेश्यावृत्तिद्वारा महिलाहरूको शोषणलाई रोक्न सञ्य पक्षहरूले वैधानिक लगायत सबै उपयुक्त कदम चाल्नेछन् भन्ने अनुबन्धलाई उपहास गरिएको पनि देखिन्छ। नेपालमा देह व्यापार उच्च घरानियाहरूको संरक्षणमा संस्कारकै रूपमा विकसित भएको छ। सिन्धुपाल्चोक जिल्लाको पश्चिमी क्षेत्रको चेलीबेटी व्यापार पनि जनजीवनको अंग भई सकेको छ।

राणा कालमा सिन्धुपाल्चोकको पश्चिमी क्षेत्रका पहाडी क्षेत्रका बान्कि परेका सुन्दरी युवतीहरू "सुसारे" को रूपमा राणा दरबार पुऱ्याइएका थिए। यदाकदा प्रशासनिक क्षेत्रमा समेत उनीहरूको पहुँच भएको देखिएपछि त्यतिबेला देखि नै दरबार बस्न जाने कुरो गौरबको रूपमा लिन थालियो। सात सालको राजनैतिक परिवर्तन पछि राणाहरू भारतमा गइ बस्न थाले। त्यसपछि ठूलो दरबार वा ठूलो गाउँ जाने भन्दै सिन्धुपाल्चोक जिल्लाका पश्चिमी भेगका महिलाहरूको ताँती भारत तर्फ लाग्न शुरू भयो।

सिन्धुपाल्चोक जिल्लाको इचोक महाकाल, तालामाराङ मेलम्ची, भोताङ, बरूवा, बाँसस्वर्क, भोटसिया, हेलम्बु, थकनी, दुवाचौर, सोमार्थान, हैबुङ्ग, ककनी, तार्केघ्याङ आदि ठाउँहरूको माथिल्लो भेगमा मुस्किलले जौ र आलुको खेती हुन्छ। त्यहाँको जीवन कष्टकर रहेको छ। लाज ढाक्ने, कपडाको अभाव र वर्षभरी हातमुख जोर्ने समस्यालाई यहाँ सामान्य रूपमा लिइने गरिन्छ। यस्तो चरम आर्थिक विपन्नतामा जकडिएका महिलाहरूलाई अत्याधुनिक सिंगार गरेर नाक, कान, घाँटी र हातमा सुनको गहना लगाई हेलिकप्टर चढेर आउने लाहुरे दिदीहरूले आकर्षित नगर्ने कुरै छैन।

मोटर र पैसाको अनुहार देख्न नपाइने चामलको भातको निम्ति दशैं कुर्नु पर्ने यहाँको यथार्थलाई उनीहरू "ठूलो गाउँ" गएर भूल्न चाहन्छन्। फाटेको चोली र बञ्चरोले चिरेका जस्ता पैताला लिएर जुकालाई टोकाउँदै जंगल गएर "घाँस दाउरा बिथम्मा क्यान पो गार्छ है" भनेर लाहुर जाने हाम्रा चेलीबेटीहरू मध्ये एक तिहाइ भन्ने ठूलो गाउँतिरै संसारबाट सदाका लागि विदा हुन्छन्। तर त्यस्ता दुःखी चेलीका बाबु आमा कर्मलाई दोष दिने गर्छ।

मूलत १३-१४ वर्ष देखि ३५ वर्षसम्मका महिला देहव्यापारको निम्ति लाहुर जान्छन्। अत्यधिक संख्यामा अर्थात ८०% तामाङ जनजातिका र २०% बाहुन, क्षेत्री, नेवार, दनुवार, माझी, अछुत कहलाइने दमाई, कामी, सार्की जातिका महिलाहरू यो पेशामा संलग्न छन्। यस भेंगबाट वर्षमा झण्डै दुई हजार महिला "ठूलो गाउँ" पस्ने गरेका छन्।

भारतका विभिन्न ठाउँमा नेपालीहरूले पनि वेश्यालय खोलेका छन्। उनीहरू मध्ये कतिपय घर आउँदा हेलिकप्टर चढेर आउँछन्। भस्वरै पनि ०४९ माघ १३ गते महाकाल गा.वि.स.का उपाध्यक्ष निमा लामाले स्वरबुझे छाते डाँडामा चार्टर गरेर ल्याएको हेलिकप्टर ओरालेका थिए। गँहनाले पुरिएका २४ जना भरियासाथ लगाएर पुराना दिदीहरू फर्कदा नयाँ बहिनीहरूको लागि त्यो दृश्य घुटुघुटु थुक निल्ने खालको हुने गरेको देखिन्छ। बाबु, दाजु र स्वयं पति पनि "टिनको टल्कने छानो" हाल्ने सपना देख्दै नेपाली रू दस हजार देखि रू बीस हजारसम्म रूपरंग हेरी चेलीबेटीलाई बेच्न मोलतोल गर्छन्।

अचम्मको कुरो त के हुन्छ भने "ठूलो गाउँ" बाट फर्किएकी महिलासँग विवाह गर्न स्थानीय युवकहरू तछाड मछाड गर्दछन्। र पहुँचवालाले नै त्यस्ता महिलासंग विवाह गर्ने अवसर पाउँछन्। फर्केर आएका महिलाहरूले प्रायः दुःखदायी स्थिति बताउँदैनन्। तर उनीहरू पनि बुढेसकालमा भने आफ्नो नजिकको मान्छेसंग कुरा गर्दा दुःखद स्थितिको वर्णन गर्ने गर्छन्। आफ्नो नाम बताउन नचाहने केही महिलाहरूका अनुसार "ठूलो गाउँ" मा सिंड्ला देवी तामाङ, बाल्देन लामा र रोल्दे तामाङको आफ्नै कोठी छ। त्यसै गरी थकनीकी एकजना अन्दाजी ६५ वर्षकी बिमला तामाङको नेपालका उच्च घरानियाहरूसंग प्रत्यक्ष सम्पर्क छ। देह व्यापारमा संलग्न युवतीहरूका अभिभावकहरू ठेकेदारहरू कहाँ आफ्नी चेली विकाउन चाकरी बजाउँछन् र गल्लावालहरूसंग घटाघटमा मोलतोल गर्दछन्। महिलाहरू केही कारणवश "ठूलो गाउँ" जान नपाए रिसाउने पनि गर्दछन्। तालामाराङकी अन्दाजी ३५ वर्षकी पोक्ची तामाङलाई "ठूलो ठाउँ" जान नपाएकोमा अति दुःख लागेको छ।

"ठूलो गाउँ" जानेहरू आर्थिक कारणले मात्र बाध्य पारिएका छैन त्यतातिरको बहिर्गमन अब संस्कारकै रूपमा विकसित भइसकेको छ। सामाजिक संस्कार र आदतवश देहव्यापार फस्टाएको देखिन्छ।

सिन्धुपाल्चोक जिल्लामा प्रायः जिउ

मास्ने बेच्ने अपराधको उजुरी र त्यसको विरोध नै गरिदैन मने पश्चिमी क्षेत्रका स्थानीय प्रशासकीय निकायलाई गल्लावाल ठेकेदारहरूले सजिलै प्रभावित पारेको देखिन्छ। छोरी "ठूलो गाउँ" गएको कुरालाई कसैले घृणा गऱ्यो मने "मेरो छोरीले पैसा कामाएको तोलाई के को रिस" भन्ने चलन ब्याप्त छ। घृणा गर्ने मानिसले कुटाइ नै स्वान सक्छ अझ कहिले काहीं उसले गाउँमा पानीसम्म पनि पिउन पाउँदैन। प्रायः नयाँ मान्छेलाई यहाँका मान्छे केही कुरा पनि बताउन चाहँदैनन्। निर्वाचनमा विपक्षी दललाई हराउन यस क्षेत्रमा उसले जित्यो भने छोरीलाई "ठूलो गाउँ" पठाउन दिंदैन भन्ने प्रचार गरेको पनि पाइन्छ। यहाँ जुन राजनैतिक दल वा व्यक्तिले त्यस संस्कारको विरोध गऱ्यो उसले पराजयको संघारमा पुग्नु पर्ने कुरा राजनैतिक कार्यकर्ताहरू बताउँछन्।

"ठूलो गाउँ" पुगेर एड्सको शिकार बनेर मृत्युको घडी गनीरहेकी मेलम्चिकी गीता दनुवारको हालत भने यस क्षेत्रमा गौण नै मानिन्छ। त्यता पट्टि कसैको आँखा नै नपरेको जस्तो देखिन्छ।

हाल चौतारा जेलमा १४ जना जिउ मास्ने बेच्ने अपराधमा सजायँ भोगीरहेका छन्। त्यस मध्ये महाँकाल गा.वि.स. वडा नं. ७ का निवासी जिक्ता तामाङले आफ्नी छोरी धनमाया तामाङलाई भारतको बम्बईमा देह व्यापार गर्ने उनकी दिदी को अनुरोधमा सोही गाउँका राजेन्द्र तामाङ र चरी तामाङको साथमा भारत तर्फ पठाएका थिए। तर त्यसै क्रममा राजेन्द्र तामाङ मेलम्चीमा पक्राउ परेका थिए। पछि ०४९ माघ ८ गते सोही वडाका सदस्यको सहायताले जिक्ता पनि पक्राउ परे। जिक्ता तामाङले वडा सदस्यलाई सो कुरो प्रशासनमा नपुगोस् भनी भा.रू. तीन सय दिएको र प्रहरीलाई पनि उनले ने.रू. साढे नौ हजार दिएको कुरो उनी आफैं बताउँछन्। उनी भन्छन् - "मलाइ विश्वासघात गरियो।" छोरी बेचेको सम्बन्धमा प्रश्न गर्दा उनी भन्छन् "कहाँ बेचेको छारा लाहुर पो गायाको ", "छोरीले पैसा कामाएर ल्याई मेरो भालो हुन्छ भनेर शतरू लाग्यो नि हजुर"। - उनी प्रष्ट्याउँछन्।

कुनचोक गा.वि.स.-३ का ठूलो कान्छा भन्ने छविलाल भाईले आफ्नै छोरीलाई मकवानपुर पदमपोखरी घर भएका हरि प्र. पौडेल मार्फत रू आठ हजारमा विक्री गरेका थिए। तर उनी ०४६ मंसिर २० गते पक्राउ परे। हाल उनी १० वर्षे जेल सजाय भोगी रहेछन्।

यस क्षेत्रको देह व्यापार बारे प्र.जि.अ. ध्रुब राज वाग्लेको भनाई छ। - "गरिबी, संस्कार र आदत यी तीन कुराले गर्दा भएको देह व्यापारलाई रोक्न भारतका सबै वेश्यालय र कोठीबाट भारत सरकारसंग कुरा गरेर नेपाली केटीहरूलाई नेपाल फर्काउन सक्नु पर्छ। त्यसपछि उनीहरूलाई रोजगारीको व्यवस्था गर्न सकियो भने मात्र यो देह व्यापार रोक्न सकिन्छ, यसमा श्री ५ को सरकारले आवश्यक कदम चाल्नु जरूरी छ।"

यसै विषयमा सिन्धुपाल्चोक जिल्ला न्यायाधीश भूपध्वज अधिकारीको बिचार यस्तो छ। - "अशिक्षा र गरीवीले गर्दा संस्कारकै रूपमा विकसित भएको यो देह व्यापारलाई रोक्न अशिक्षा हटाइ चेतनामूलक कार्यक्रम र रोजगारीको व्यवस्था गरी एड्स जस्तो घातक रोगबारे जानकारी प्रदान गर्न सके यस्तो समस्या हल हुनेछ"

"अशिक्षित र चेतना नभएका ग़रीब जनताले अर्थोपार्जनका लागि देह व्यापार गर्दा गर्दै संस्कारको रूपमा यसलाई विकसित गराएका छन्। प्रथमत समाजबाटै यो अमर्यादित पेशा विरूद्ध घृणा जगाई सामाजिक रूपले तिरस्कार गराउन सक्नु पर्छ। अनि मात्र यसबाट उब्जिएको समस्या समाधान हुन सक्छ।" - यहाँका प्रहरी नायब उपरिक्षकक नयन सिंह गुरूङको भनाई यस्तो छ।

सिन्धुपाल्चोक जिल्लाको पश्चिमी भेगको दुःखदायी देह व्यापारलाई हटाउन राज्यले उनीहरूको समाजमा सम्मानित रूपले बाँच्न पाउने अधिकारको ग्यारेण्टी गर्न सक्नु पर्छ। त्यसका लागि भारतबाट नेपाली चेलीहरू पूर्ण रूपले फर्काउने, उनीहरूको लागि रोजगारीको अवसर सिर्जना गराउने दिशामा सरकार स्वयं अग्रसर हुनु आवश्यक छ। सामाजिक संघ-संस्था र राजनैतिक दलहरूले त्यो पेशालाई समाजबाटै तिरस्कार गराउने खालका चेतनामूलक शैक्षिक कार्यक्रम संचालन गर्नु जरूरी छ। अन्यथा "टिनको छाना टल्काउन" छोरी बेच्ने चलन कम हुने छैन। बरू अझ बढ्दै जाने स्पष्ट देखिन्छ।

हार्दिक श्रद्धाञ्जली

मानवअधिकार प्रति प्रवल आस्था प्रकट गर्ने बहुदलीय जनवादका प्रवक्ता नेपालका वरिष्ठ राजनेता मदन भण्डारी एवं वहाँका सहयोद्धा जीवराज आश्रित, मानव आन्दोलनकी सुपरिचित व्यक्तित्व साहित्यकार पारिजात, महिला समानताका पक्षपातीहरूका निम्ति दृष्टान्त बन्न पुगेकी पासाङ ल्हामु शेर्पा एवं मानवअधिकार आनदोलनको वहाली गराउँदै प्रार्दुभाव भएको संसदीय व्यवस्थाका निम्ति एकजना अत्यावश्यक र प्रतिवद्ध सांसद द्रोण प्रसाद आचार्य प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

इन्सेक परिवार
प्राची परिवार

समवेदना

प्रजातान्त्रिक एवं मानवअधिकारवादी आन्दोलनका एकजना सक्रिय योद्धा तथा जनकपुर अञ्चलका सुपरिचित राजनीतिक कार्यकर्ता विनोद घिमिरेको असामयिक निधन भएकेमा वहाँका शोक संतप्त दाजु एवं मातापिता-परिवार र आफन्तजन प्रति हार्दिक समवेदना प्रकट गर्दै स्व. घिमिरे प्रति श्रद्धाञ्जलि व्यक्त गर्दछौं। इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय अधिकृत कुल प्रसाद घिमिरेका भाई विनोद घिमिरे प्राचीका निकटतम सहयोगी हुनु हुन्थ्यो।

इन्सेक परिवार

शासन कला

- नारायण ढकाल -



२०३५ साल असार महिनाको चटन्न हो यो । म घामले सेकिएर सुस्ताउन मनेर पीतापैना बसेको थिएँ । मेरो गुण्टा बोक्ने भरिया पनि भारी बिसाएर बिडी सल्काउने धुनमा थियो । त्यसैबेला एउटा मानिस घोडा चढेर हामीतिर आयो ।

घोडचढीले सेतो कुर्ता र सेतो धोती लगाएको थियो । ऊ तराइतिरको रहनसहनसित राम्रो परिचित देखिन्छ भन्ने कुरा उसको त्यो शैलीले व्यक्त गर्दथ्यो ।

घोडचढी नजिकै आइपुग्यो । उ लगातार म तर्फ हेरिरहेको थियो । उसका ढूला ढूला आँखाहरू काल भैरवको हेराइ झैं स्थिर थिए । मैले अनुमान गरें - गाउँको जमीन्दारको मोडेल यस्तै हुनुपर्छ ।

एउटा थोत्रो अटैची बोकेर काले डल्ले युवक घोडचढीको पछाडि हिंडिरहेको थियो । हामी नजिकै आएपछि घोडचढी टक्क अडियो ।

- ए ठिटा, घर काहाँ हो ?

त्यस मानिसको शिष्टता देखेर म एकदमै छक्क परें । मनमनै त्यसको निरिहपनामाथि हाँसो उठ्यो । तर म गंभीर मुद्रामा रही रहें । हुनसक्छ शासन गर्ने एउटा तरिका यसरी हप्काउनु पनि हो ।

त्यस मानिसलेमलाइ किन त्यसरी हप्काएर व्यवहार गऱ्यो ? मेरो शारीरिक आकृति देखेर नै त्यो हौसिएको हुनुपर्छ । त्यसले ठान्यो होला म कुनै कृषि गणना वा जनगणनामा आउने स्वर्दार हूँ । मेरो दुब्लो ढाँचाले संभवत यस्तै दर्शाउँथ्यो ।

ऊँ आफ्नो पहिलो प्रश्नको निम्ति अधैर्य भएर मतिर घुरिरह्यो । तर मैले जवाफ दिइन ।

घोडचढीले आफूले खोजेको जवाफ नपाएपछि फेरि गर्जियो - ओ भाइ, कहाँबाट आएको र कहाँ जान लागेको ?

घोडचढी "ठिटा" बाट "भाइ" मा ओर्लिएकोले उ मित्र मित्रै अत्तालिन थालेको स्पष्ट बुझिन्थ्यो ।

- किन बोल्नुहुन्न ? कान सुन्नुहुन्न कि केया हो ? कहाँबाट आउनु भो र कहाँ जाँदै हुनुहुन्छ ?

जब घोडचढी धरहराबाट तीन मिल्ली ओर्लेर जमीनमा आइपुग्यो त्यसपछि मैले बोलें - माफ गर्नु होला यो गाउँमा पाहुनासित कसरी व्यवहार गरिन्छ होला भन्ने विषयमा सोच्दा सोच्दै तपाईको प्रश्नको जवाफ दिन विलम्ब भयो । अन्यथा नमान्नु होला ।

मेरो जवाफपछि घोडचढीको अनुहार निलो देखियो ।

- म तपाईको रूपाकृति हेरेर अनुमान गर्दैछु, यदि चिनीया लेखक येह शीले तपाईसित भेट गरे भने तपाई बारे एउटा राम्रो कथा लेख्ने थिए । के तपाईको घर यतै कतै त होइन ?

उसले शुरूमा ममाथि शासन गर्ने मनसायले जसरी बोलेको थियो त्यसैको बदला चुकाउनु थियो । आखिर शासन गर्न को चाहदैन ? मानिसहरूमा शासक बन्ने महत्वाकांक्षा उंकुचपल्टेको घाउ झैं हुन्छ । कहिल्यै विसेक नहुने ।

मेरो शब्दभेदी अस्त्र पनि निकै प्रभावकारी भएछ । जसले गर्दा उसको जिब्रो अचानक बाक्लो भयो र मुखभित्रबाट रसिलो पदार्थ गायब भयो । तसर्थ जड्याहाले झैं शब्दहरूको सन्तुलन कायम गर्न नसकी उसले भन्यो - म यो गाउँको प्रधानपञ्च हूँ, हजूर । ऊ त्यो घर मेरो हो ।

रामेछापको मन्थली बेसीमा सबभन्दा राम्रो घर एउटै थियो - त्यही घर उसको रहेछ ।

- अनि तराईतिर पनि छ कि ?

- हजूर जनकपुरमा छ, सिर्सिया तारापट्टीमा । २०/३० विघा जमीन पनि छ - उसले जवाफ दियो ।

अटैची बोक्ने काले युवक - जो त्यहाँको माझी बस्तीको पैदायस थियो - मालिकको यो एकछिनको परिवर्तन देखेर छक्क परिरहेको थियो ।

- अच्छा, तपाईसित भेटेर ज्यादै खुसी लाग्यो । म अहिले त्रिभुवन विश्व विद्यालयमा अर्थशास्त्रमा एम.ए. गर्दैछु । त्यसैको सिलसिलामा म राष्ट्रिय विकास सेवा गर्न यहाँ आएको हूँ । अब यहाँबाट सदरमुकाम पुग्न कति छ ?

- त्यस्तै अढाइ-तीन कोष । तर आज यतै राज भए पनि त भयो । मैले त पहिले हजूरलाई चिन्न नसकेको ।

- होइन मलाई आजै पुग्नु छ । पछि कुनै समय मौका मिलेमा बसौला नि ।

त्यसपछि घोडचढी प्रधानपञ्च आफ्नो घोडाबाट ओर्लियो र त्यो घोडामा मलाइ चढ्न अनुरोध गऱ्यो । मैले उसको त्यो आग्रहलाई स्वीकार गरिन ।

अब काले घोडाको लगाम काले माझीको हातमा थियो । घोडचढी प्रधानपञ्च निकै माथिसम्म मलाइ पुऱ्याउन आयो ।

- हजूर पढाइ सकेपछि के गर्ने विचार छ ? छुट्टिने बेलामा उसले सोध्यो ।

- यस्तै जागीर सागिरमा लाग्नु पर्ला । मैले सहज ढंगले जवाफ दिएँ ।

- हजूर सि डि ओ हुनु भयो भने यही जिल्लामा पाल्नु होला है । यदि हजूर यस जिल्लामा पाल्नु भयो भने हाम्रो पनि ठूलो अहोभाग्य हुनेछ ।

घोडचढी भावी सपनाको दृश्यावलीको कल्पनामा लिप्त भयो । त्यसपछि मैले सोचें - शासन पनि एउटा कला हो । तर यो कला कथा लेख्नु भन्दा धेरै फरक छ ।

उस्तै शरीर उस्तै रगत उस्तै छ जीवन !
मानव-मानव बीचको छुवाछुत कहिलेसम्म?!

श्रम चल्छ, सीप चल्छ अछुतहरूको रगत चल्छ।
तर किन समाजमा उनीहरूको पानी चल्दैन ?
दमाई, सार्की, क़ामी, च्यामे, बाहुन, क्षेत्री जे भनेनि
मानिस हुन सबै, एकै दूलो सानो जे भनेनि
जातले नै कोही दूलो कोही सानो कसरी भो ?

भाग्यको यो खेल हैन मानिसकै भेल हो यो
समाजका टाठबाठा ठालूहरूको खेल हो यो
मानिसले मानिसकै शोषण गर्ने रीतसँगै
छुवाछुतको थिती चल्यो शोषणको जालसँगै
मानिसको रूपरंग स्वभाव चाही अनेक हुन्छ।
तर सुन संसारमा मान्छेको जात एउटै हुन्छ
भन्ने कुरा बुझ्न थालौं दलित हो पीडित हो।

श्रम चल्छ, सीप चल्छ, अछुतहरूको रगत चल्छ।
तर किन समाजमा उनीहरूको पानी चल्दैन ?

- शार्दूल भट्टराई

(अब भने बुझ्नै पर्छ - मानवअधिकार शिक्षा क्याम्पेन्टबाट)

कहिलेसम्म?

मानिसको हक खोजिरहेछन् नेपालका उत्पीडित मानिसहरू

राजा महेन्द्रको पञ्चायतले ०२० मदौ १ गते जारी गरेको मुलुकी ऐनमै छुवाछुत प्रथाको निषेध गरिएको थियो । तर आज पर्यन्त नेपालमा छुवाछुत प्रथालाई दण्डनीय अपराध ठानिएको छैन । एक त नेपालका राजनीतिकर्मी र समाजसेवीहरू नै छुवाछुतको मामिलामा अद्यापि संकिर्ण नै छन् । अझ ०४७ को संविधानद्वारा प्रदत्त अधिकारको समेत मुलुकी ऐन अदलको १० नं. मा राखिएको स्पष्टिकरणद्वारा हनन भएको छ ।

तल्लो जातिका भनिनेहरूले मलामी जाँदा शंख बजाए मनेर समेत दण्डित हुनु परेको तथ्यबाट हाम्रा राष्ट्रिय जीवनका सबैजसो नायकहरू विमूख भै देखिन्छन् । दैलेखको शंख काण्ड र डोटी-डडेलधुराका चरम छुवाछुत देखि देशका अन्य भागमा कायम रहेका छिटफूट छुवाछुतको प्रथालाई निर्मूल नतुल्याइएसम्म पौने दुई करोड नेपालीले मौलिक हकको उपभोग गरिरहेको दावी गर्न सकिदैन ।

सम्वत १९६६ मै बिसे नगर्चीले छुवाछुत विरोधी प्रचार गरेको, सम्वत १९८३ र ७० मा पनि छुवाछुत विरोधी आन्दोलन नै भएको र ००७ को क्रान्तिमा अछुत भनिने जातिका मानिसहरूले प्रजातान्त्रिक आन्दोलनसंग सँगै छुवाछुत विरोधी अभियान संचालन गरेको - यस्ता यस्ता कुराहरू बताउँछन् आजका उत्पीडित जातिका मानिसहरू । तर उनीहरूले फेरि ००९ सालमा चलाएको पशुपति प्रवेश आन्दोलनकै हाराहारीमा जबरजस्त अभियान चलाउने बेला भइसक्यो ।

०४५ मा उत्पीडित जातीय उत्थान मञ्चको गठन हुँदा उत्पीडित जातिहरूले आफ्नो जनसंख्या नेपालको कूल जनसंख्याको ३५ प्रतिशत मात्र भएको ठानेका थिए । तर ०४८ को तथ्यांकले नै नेपालको कूल जनसंख्याको ४७.६४ प्रतिशत उत्पीडित जाति रहेको पुष्टि गरेको छ । उत्पीडित जातिका बौद्धिकहरूका अनुसार उक्त जनगणनामा धुप्रै उत्पीडित जातिहरू छूट हुन गएका छन् । र देशको कूल जनसंख्याको ६० प्रतिशत नागरिक उत्पीडित जातिको वृत्तभित्र पर्दछन् ।

हाल प्रतिनिधी सभामा एकजना मात्र उत्पीडित जातिका सांसद हुनु हुन्छ । जानकार व्यक्तिहरूका अनुसार वहाँ नेपालको विधायिकामा प्रत्यक्ष निर्वाचनद्वारा पुग्ने पहिलो उत्पीडित जातिका व्यक्ति हुनु हुन्छ । राष्ट्रिय सभामा अहिले केवल दुईजना उत्पीडित जातिका सांसदहरू हुनु हुन्छ । छुवाछुत विरोधी कार्यकर्ताहरूका अनुसार नेपालमा उनीहरूका निम्ति आरक्षण व्यवस्थाको आवश्यकता छ ।

नेपालमा हाल नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, विकासोन्मुख समाज संघ, दलित उत्थान संघ, उत्पीडित उत्थान संघ र सर्वपक्षीय दलित समिति जस्ता अनेक छुवाछुत विरोधी संस्थाहरू अस्तित्वमा रहेका छन् यहाँ मदौ १ गतेलाई मुक्ति दिवसका रूपमा मनाउने उत्पीडित जातिका कार्यकर्ताहरू पनि केही मात्रामा नरहेका होइनन् । तर बहुदलीय व्यवस्थाको आगमन भएको ३ वर्षपछि पनि उनीहरूले वास्तवमै मुक्ति दिवस मनाउने दिन मने प्राप्त गर्न सकेका छैनन । यहाँ छुवाछुतको न चाहिने जति परिमाणमा सामाजिक वहिष्कार भएको छ, न त छुवाछुतलाई दण्डनीय अपराध ठहराएर मानवअधिकारको आधुनिक अवधारणाको सम्मान नै गरिएको छ ।

जातपातको कुरो : कुनै आधार छैन

... इतिहास पढ्नेलाई थाहा छ - यो देशमा आजभन्दा ५/७ सय वर्ष अगाडिसम्म जातपातको अस्तित्व नै थिएन । विश्वको कुनै भागमा पनि सत्ययुग मानिने आदिम साम्यवादको समय देखि त्रेता-द्वापर जस्ता युगसम्म नै जातपातको अस्तित्व थिएन । मान्छेहरू पेशामा विभाजित थिए । कुनै पनि पेशा सानो वा ठूलो हुँदैन थियो । कुनै पनि पेशालाई "छुत वा अछुत" का रूपमा छुट्याइँदैन थियो । तर समाजमा शोषण उत्पीडन चर्काएर मान्छे, मान्छेमा मारकाट मच्याएर आफूलाई बलियो, दरिलो र ठूलो पार्ने सपना देख्नेहरूले, शक्तिको आडमा, समाजमा षडयन्त्र शंका र अविश्वासको वातावरण जन्माए । तिनीहरूले नै मान्छेलाई जाति र वर्णमा विभाजित गरे । तिनीहरूले नै सिधा साधा जनतालाई करवलले जाति र वर्ण मान्न लगाए । मान्छेको बुद्धि मुट्ने अन्धविश्वासी ग्रन्थहरूको निर्माण गरिए । धर्म, जाति, पेशा आदिको बारेमा नयाँ नयाँ किताबहरू लेखिए । काम नगर्ने, ऐश आराममा बाँच्ने खालकाँलाई "माथिल्लो जाति" मा राखियो । तर रगत पसिना बगाएर जनता र समाजको सेवा गर्नेहरूलाई "तल्लो" वा "पानी नचल्ने जाति" मा झारियो । यसरी ऐश, आरामका साथ अर्काको पसिना लुट्ने पल्केकाहरूले निर्माण गरेको यो खराब परिपाटी समय बितदै जाँदा सामाजिक संस्कारमा विकसित भयो ।

... दर्जी, विश्वकर्मा, मिजार, कसाई, धोबी आदिलाई पानी नचल्ने जात मानिन्छ । तर दर्जीले सिलाएका लुगाले नै बाहुनको पवित्र जनैलाई सुरक्षित ढङ्गले छोपेको हुन्छ र तिनै दर्जीको हातले छोएको लुगा लगाएर "पानी चल्ने जात" हरू भात खान्छन् । विश्वकर्माले बनाएका गहना लगाएका गृहिणीहरू विश्वकर्माका हातले कुँदेका भाँडामा भात पकाउँछन् । मिजारले बनाएका जुत्ता र धोबीले इस्त्री गरेका लुगा "माथिल्लो जात" का कोठा चोटामा सजिएका हुन्छन् । कसाईले काटेको मासु नखाने कुनै जाति छैन । दमाई, कामी, सार्की आदि जातले कमाएको बाली नालीले "माथिल्लो जात" को अन्नको भण्डार भरिएको हुन्छ । सोचेर ल्याउँदा भेटिन्छ - कति अनौठो र अज्ञानी कुरा । निर्माण गर्नेले घरको संघार पनि छुन हुँदैन - तर उनीहरूले बनाएका सरसामानहरू घर, भान्सा र पूजा कोठाहरूमा नाचिरहेका हुन्छन् ।

यति मात्र होइन, एउटा ठूलो मान्छेको सनकमा कुनै मान्छे माथिल्लो वा तल्लो जातिमा घटबढ भएका घटना पनि इतिहासमा प्रशस्तै छन् । क्षेत्री भनिएका विश्वभित्रका सन्तानहरू आज कौशिक गोत्रीय बाहुन भएका छन् । राणाहरूसंग विहेवारी गरेर कुनै जातिको पानी चलेको वा कुनै जातिका केही मान्छेहरू क्षेत्रीमा "पदोन्नती" भएको कुरा हाम्रै सामु छन् । ...

(तत्कालीन उत्पीडित जातीय उत्थान मंचका "केही दस्तावेजहरू" बाट)

मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन

डा. भीमराव रामजी अम्बेडकर संक्षिप्त जीवनी

उन्नाइसौं शताब्दीमा जन्मनु भएका सर्वश्रेष्ठ विद्वानहरूमध्ये डाक्टर भीमराव रामजी अम्बेडकरको नाम तारा जस्तैकै चम्किलो छ । वहाँले स्वतन्त्र भारतको भाग्यरेखा तयार गर्ने क्रममा भारतको राष्ट्रिय जीवन तथा राजनीतिमा चीरकालसम्मका लागि छाप छोड्नु भएको छ । भारतीय संविधानका कालिगढ, उत्पीडित जातिका महान नेता, हर प्रकारका सामाजिक एवं आर्थिक असमानताका विरोधी तथा महात्मा गान्धीकै शब्दमा भन्दा "विशुद्ध मूल्यका देशभक्त" डा. अम्बेडकरले भाग्य वा मौकाबाट त्यो गौरव वा श्रेष्ठताको शिखर प्राप्त गर्नु भएको होइन । बरू आफ्नै व्यक्तित्वको क्षमता, संघर्ष, बलिदान, त्याग, निस्वार्थीपन विद्वता, लगनशिलता एवं बचनबद्धताद्वारा नै वहाँले त्यस्तो गौरव प्राप्त गर्नु भएको हो ।

लाखौं लाख प्रशंसक एवं अनुयायीहरूद्वारा प्रेमभावले "बाबाशाहेब" का रूपमा विभूषित डा. भीमराव रामजी अम्बेडकर १४ अप्रिल १८९१ मा मध्यप्रदेशको म्हौ भन्ने ठाउँमा रामजी मालोजी सपाल तथा भीम बाईका सुपुत्रका रूपमा जन्मनु भएको थियो । वहाँ हिन्दू अछूत जातमध्ये महर समुदायमा पर्नु हुन्थ्यो । वहाँ मातापिताका १४ सन्तानमा सबैभन्दा कान्छो हुनाले गर्दा परिवारमा प्यारो हुनुहुन्थ्यो । वहाँका पिता रामजी बहुतै उधमी, धार्मिक तथा उदार व्यक्ति हुनुहुन्थ्यो भने वहाँकी आमा भीमबाई स्वावलम्बी एवं लगनशील महिला हुनुहुन्थ्यो । आर्थिक रूपमा गरिबै भए पनि त्यो परिवारले छरछिमेकबाट आदर सम्मान प्राप्त गरेको थियो । सैनिक सेवामा सुबेदार–मेजर पदसम्म पुगेका रामजी "कबिर पन्थी" सम्प्रदायमा लाग्नु भएको थियो र एक सैनिक क्याम्पदेखि अर्को क्याम्पमा सरिरहनु हुन्थ्यो । आफ्नी पत्नीको निधनपश्चात रामजीले सन्तानको विशेष देखभालका साथ लालन पालन गर्नुभयो र बच्चाबच्चीलाई भक्ति काव्यहरू जस्तै महाभारत तथा रामायण आदि घोकाउनु भयो । त्यस्तो पवित्र एवं धार्मिक घरायसी वातावरणले बालक भीमरावको मनमा गहिरो छाप पऱ्यो । जसको फलस्वरूप वहाँ पछि निस्वार्थी सेवा, बलिदान, मित्रभाव, धैर्यता एवं भगीरथ प्रयत्नका धनी हुनु भयो ।

प्रारम्भिक जीवन र शिक्षा

सैनिक सेवाबाट अवकाश पाएपछि रामजी केही समयसम्म दाजेलि सतारामा बसे । त्यसपछि उनी बम्बईमा स्थायी रूपमा बसोबास गर्न थाले । पाँचवर्षकै उमेरदेखि स्कूल जान थालेका भीमराव सताराबाट प्राथमिक शिक्षा पूरा गरेपछि माथिल्लो तहको शिक्षाको पिछा गर्न लाग्नु–भयो । अछूत समुदायको केटो भएकाले गर्दा वहाँले धेरै किसिमका दुःख–पीडा, उपेक्षा तथा कठिनाइहरूको सामना गर्नु पऱ्यो । सार्वजनिक कुवाहरूबाट वहाँले पानी पिउन पाउनु भएन । स्कूलमा संस्कृत शिक्षकले वहाँलाई संस्कृत पढाउन अस्वीकार गरेकी हुँदा वहाँ फारसी पढ्न विवश हुनु भयो । यसो भए तापनि पछि गएर वहाँले संस्कृत सिकेरै छाड्नु भयो । प्रदुषण फैलिन्छ भनेर शिक्षकहरूले वहाँका नोट कापीहरू जाँच्दैनथे र वहाँलाई कुनै प्रश्नहरू पनि सोध्ने गर्दैनथे । यी विविध चुनौतीहरूसँग हतोत्साहित नभई वहाँ बंबई आउनु भयो र एल्फिनस्टोन हाईस्कूलमा भर्ती हुनुभयो । तर दुर्भाग्यवश त्यहाँ पनि वहाँ "मलाई नछो" नीतिहरूको शिकार बन्नु भयो ।

त्यतिबेलाको हिन्दू समाजको चलनअनुसार सन् १९०५ मा १४ वर्षकै उमेरमा महर समुदायकै ९ वर्षे बालिका रमाबाईसँग भीमरावको बिहे भयो । एक पुत्रकी आमा बनेपछि सन् १९३५ मा रमाबाईको दुःखद निधन भयो । बंबईको सारस्वत ब्राम्हण डा. सारदा कबिरसित सन् १९४८ मा डा. भीमरावले दोस्रो बिहे गर्नु भयो । पछि तिनै सारदाको नाम सविता रहन गयो ।

भीमरावले सन् १९०७ मा म्याट्रिक पास गर्नु भयो । महर केटोले गरेको भव्य उपलब्ध ठानेर त्यो समुदायले एक समारोहको आयोजना गऱ्यो जसमा एक जनाले अम्बेडकरलाई "गौतम बुद्धको जीवनी" भन्ने एक किताब उपहार दिए । त्यो किताबले भीमरावको जीवनलाई अति प्रभावित गऱ्यो र वहाँको जीवनको पछिल्लो अवस्थामा त्यो वहाँको जीवनकै एउटा महत्त्वपूर्ण घटनाको रूपमा साबित भयो ।

भीमरावको शिक्षाप्रतिको तीव्र इच्छा कठिन मेहनत तथा इमान्दारितालाई ध्यान दिएर बरोदाका महाराजा यशजी राव गैकवाडले वहाँको स्नातक तहको पढाइको लागि महिनावारी रु.२५ छात्रवृत्ति स्वरूप प्रदान गर्दै सो तहको अध्ययन पूरा गरेपछि वहाँको राज्यमा जमिर स्थान समेत निम्ता दिए । पढाइ सकेपछि वहाँ जागिरमा लाग्नु भयो । तर त्यहाँ पनि सामाजिक चुनौतिहरू ज्यूँका त्यूँ रहेको पाउँदा वहाँ सन्तुष्ट हुनु भएन । त्यसपछि महाराजले फर्किएर आएपछि उनको राज्यमा सेवा गर्ने शर्तमा वहाँलाई गैकवाड छात्रवृत्तिमा कोलम्बिया विश्वविद्यालयमा पढ्न जाने स्वीकृति दिए ।

कोलम्बियामा भीमराव जातीय लाजबाट मुक्त हुनुभयो अनि वहाँ समानताको उपभोग गर्दै अगाडि बढ्न सक्नु भयो । विश्वविद्यालयमा प्रसिद्ध अर्थशास्त्री प्रोफेसर सेलिग्म्यान वहाँका शिक्षक हुनुहुन्थ्यो । त्यहाँको शैक्षिक वातावरण, स्वतन्त्र परिस्थिति र वहाँको किताब प्रतिको विशेष मोहले गर्दा भीमरावको मानसिक क्षितिज फराकिलो भयो । त्यही बेला वहाँ अमेरिकामा निर्वासित जीवन बिताइरहनु भएका दृढ देशभक्त लाला लाजपत रायको सम्पर्कमा आउनुभयो । वहाँहरू दुईजना भारतको स्वतन्त्र संघर्षबारे छलफल गर्नुहुन्थ्यो । यसरी विद्यार्थी कालमै भीमरावले देशभक्तिका भावहरू तथा पश्चिमी उदार प्रजातान्त्रिक विचार ग्रहण गर्न थाल्नु भयो । जसले वहाँलाई एक दृढ–राष्ट्रवादी, मानवअधिकार एवं मर्यादाका उग्र पक्षपाती बन्ने प्रेरणा मिल्यो ।

सन् १९१५ मा "प्राचीन भारतीय वाणिज्य" नामक शोधपत्र तयार गरी वहाँले अर्थशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभयो । अर्को वर्ष वहाँले एक समाज शास्त्रको गोष्ठीमा – "भारतमा जातिपाति, तिनीहरूको संपन्न, उत्पत्ति तथा विकास" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस कार्यपत्रमा वहाँले "सजातीय विवाह–प्रथा नै जातिपातिको सार हो" भन्ने कुरा औंल्याउनु भएको थियो । वहाँको मान्यता के थियो भने "जाति भनेको एक छेकिएको वर्ग हो जो मनुभन्दा पनि पहिलेदेखि विद्यमान थियो ।" सन् १९१६ मा "भारतमा राष्ट्रिय लाभांश: एक ऐतिहासिक एवं विश्लेषणात्मक अध्ययन" भन्ने शोधपत्रमा वहाँलाई विद्यावारिधीको उपाधि प्राप्त भयो ।

त्यही वर्ष डा. अम्बेडकर लण्डनको "अर्थशास्त्र तथा राजनीति शास्त्र विद्यालय" मा भर्ती हुनुभयो । वहाँको प्रसिद्ध "ग्रे इन् ल" मा पनि भर्ना हुन पाउनु भयो । तर वहाँले अध्ययन जारी राख्न सक्नु

भएन किनकि महाराजाले वहाँलाई फिर्ता बोलाएर राज्यको अर्थमन्त्री बनाउने उद्देश्यले पूर्व तयारी गर्नका लागि आफ्नो निजी सचिवमा नियुक्ती गरे। यसरी वहाँको इच्छालाई परिस्थितिले अर्कोतिर मोड्यो। वहाँ शैक्षिक कुशाग्र, पाण्डित तथा राज्यको उच्च पदस्थ भएर पनि भारतको सामाजिक अवस्थामा कुनै पनि फेरबदल आएको नदेखेपछि डा. अम्बेडकरलाई बडो निराशा र हतोत्साहले घेऱ्यो। वहाँका आफ्नै साथीहरूले वहाँप्रति दूर्व्यवहार गरे। डा. अम्बेडकरले त्यो कुरा महाराजा समक्ष जाहेरी गर्दा पनि स्थिति बदलिएन। यद्यपि केही समयको सेवा पश्चात बाहिर अध्ययन गरी फर्केर राष्ट्रको सेवा गर्ने कबूलियतनामाबाट महाराजाले दयापूर्वक डा. अम्बेडकरलाई छुटकारा दिए।

केही वर्षको संघर्षपश्चात डा. अम्बेडकरले बंबईको कलेजमा राजनीति शास्त्रको प्रोफेसरको रूपमा सेवा शुरू गर्नुभयो। पाँच महिना मात्र पढाएपछि वहाँ आफ्नो अध्ययन जारी राख्ने उद्देश्यले लण्डनतिर लाग्नु भयो। यस उद्देश्यमा वहाँले कोलापुरका उदार महाराजाको सहयोग प्राप्त गर्नुभयो। आफुलाई वकिल बनाउने विचारले वहाँ पुनः अर्थशास्त्र र राजनीतिशास्त्रको लण्डन विद्यालय "ग्रेज इन" मा भर्ना हुनुभयो। "ब्रिटिश भारतमा साम्राज्यको अर्थतन्त्रको प्रान्तीय विकेन्द्रीकरण" नामक शोधपत्रका आधारमा वहाँलाई एम्.एस्.सी. (अर्थशास्त्र) उपाधिका निम्ति लण्डन विश्वविद्यालयले स्वीकार गऱ्यो। सन् १९२३ मा जर्मनीको बोन विश्वविद्यालयले वहाँको शोधपत्र "रूपैयाँको समस्या, त्यसको उत्पत्ति र समाधान" का निम्ति वहाँलाई डि.एस्सी. (अर्थशास्त्र) उपाधिद्वारा विभूषित गऱ्यो। शैक्षिक कार्यमा व्यस्तता छँदाछँदै पनि बहाँ घरभित्र सामाजिक रूपले उत्पीडनमा परेका जनताको अवस्थाप्रतिको गहिरो चिन्ताले सताएको हुँदा भारतका राज्य सचिव इ.एस. मन्टिग र विट्ठलभाई पट्टेलसंग अछूतहरूको विकराल स्थिति एवं समस्याहरू माथि छलफल गर्न भ्याउनु हुन्थ्यो।

अम्बेडकर वकिलका रूपमा

सम्मानित विदेशी विश्वविद्यालयहरूबाट कैयौं शैक्षिक उपलब्धीहरू हासिल गरेर सन् १९२३ को जुनतिर डा. अम्बेडकर भारत फर्किनु भयो र बंबईको मुख्य न्यायालयमा वकालत शुरू गर्नुभयो। त्यो स्वतन्त्र पेशाको अभ्यास गर्नुको पछाडि अछूतहरूको आर्थिक-सामाजिक उत्थान कार्यको सन्देश अगाडि बढाउन सकिएला कि भन्ने वहाँको दृढ इच्छा नै प्रमुख थियो। अर्कोतिर त्यसबाट यहाँको गुजारा पनि टर्दथ्यो। न्यायको मन्दिर ठानिने प्रमुख न्यायालयमा पनि आफ्नो जातकै कारणले गर्दा वहाँले उपेक्षा सहन गर्नु परेको थियो। अछूतहरूको मुद्दा लिन अरू वकिलहरूले मान्दैन थिए। यहाँसम्म कि मुख्य न्यायालयको चमेनाघरको केटोले वहाँलाई चियासम्म दिँदैनथ्यो। एक मूर्धन्य कानूनी दक्षताका बावजूद पनि अछूत हुनाले गर्दा वहाँले कानून पेशालाई सफलता तर्फ बढाउन सक्नु भएन।

वहाँलाई गरीबको वकिल भनिन्थ्यो।

सामाजिक असमानता विरोधी योद्धा

हेला, तिरस्कार तथा कुत्सित भेदभावले डा. अम्बेडकरमा आफन्तजनलाई सामाजिक दासताको बन्धनबाट छुटकारा दिलाउने शक्ति बढाएको। वहाँको उदयले सामाजिक असमानता एवं अन्यायका विरूद्ध विद्रोहको झण्डा फहराएको अनुभव सदृश्य हुन थाल्यो। उच-नीचको भावना मनमस्तिष्कबाट हटाउन वहाँले आफ्ना मान्छेहरूलाई आग्रह गर्नुभयो। डा. अम्बेडकर उत्पीडित वर्गलाई जागरूक गराउने कारक तत्व बन्नु भयो। वहाँले संस्थाहरू स्थापना गरेर, राजनैतिक दलहरू खोलेर तथा पत्रपत्रिकाहरू चलाएर अछूतहरूमाथिको उत्पीडनका कारणहरू औल्याउँदै संगठित गर्ने प्रयत्न गर्नु भएको। वहाँले सन् १९२० मा "मूकनायक" नामको मराठी पाक्षिक पत्रिकाको थालनी गर्नु भयो। यस अगावै सन् १९१८ मा जब सरकारले मताधिकारको सवाललाई सुल्झाउन साउथवर्ग सुधार समिति गठन गऱ्यो डा. अम्बेडकरलाई गवाही दिन लगाइयो। वहाँले उत्पीडित वर्गका निम्ति बेग्लै प्रतिनिधित्व हुनु पर्ने कुराको जोडदार ढंगले वकालत गर्नुभयो। तर त्यो कुरो स्वीकार गरिएन।

छुवाछुत विरोधी आन्दोलनलाई चलाउन डा. अम्बेडरले सन् १९२४ मा बंबईमा "बहिष्कृत हितकारिणी सभा" भन्ने संस्था खोल्नु भयो। त्यसको मूल उद्देश्य अछूतहरूको नैतिक तथा भौतिक उन्नति गर्नु थियो। अछूतहरूलाई आफ्नो सामाजिक न्याय खोज्न खालि ज्ञान-उपदेश दिने तथा लेख्ने कार्यमा मात्र सीमित नरही वहाँले संघर्षको बाटो पनि अपनाउनु भयो। डिसेम्बर १९२७ मा अछूतहरूको नागरिक अधिकार बहालीका निम्ति कोलावा जिल्लाको महदमा जनताको टङ्की (चवादर तलेन) बाट पानी लिन पाउनै पर्छ भनी गरिएको सत्याग्रहमा वहाँले अगुवाइ गर्नुभयो। तत्पश्चात डा. अम्बेडकरले एक जनसमूहलाई संबोधन गर्दै भन्नु भयो - अछूतहरूले आत्मोन्नति त्यतिबेलामात्र गर्न सक्नेछन् जतिबेला उनीहरूले आफूले आफैंलाई सहयोग गर्न सिक्छन्, आत्म सम्मानलाई वहाली गर्न सक्छन् र आत्मज्ञान प्राप्त गर्न सक्छन्। वहाँले अछूतहरूलाई सैनिक नौसैनिक तथा प्रहरीमा लाग्न सरकारले लगाएको प्रतिबन्धको विरोधमा जनतालाई संघर्ष गर्न आग्रह गर्नुभयो र विद्यालय, महाविद्यालय एवं सरकारी सेवाहरूमा प्रवेश गर्ने पर्ने आवश्यकतामाथि विशेष जोड दिनु भयो। त्यही बेलादेखि अछूतहरूको अवस्थामा सुधार गर्ने अभियानले संघर्षको बाटो

संविधानको उल्लंघन भएको छ

११. समानताको हक : (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

(३) राज्यसँ नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन।

• तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ।

(४) कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन। त्यसो कार्य कानून बमोजिम दण्डनीय हुनेछ।

(नेपाल अधिराज्यको संविधान, २०४७ भाग ३, मौलिक हक)

१० नं. ॥ ॥ कसले अर्काको सामाजिक रीति स्थितिमा खलल पर्ने वा हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम कुरा गर्न गराउन हुँदैन। कसैले गरे वा गराएमा निजलाई बढीमा एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिमाना हुनेछ।

१० क नं. ॥ ॥ कसैले कसैलाई जातिपातीको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन सय रूपैयाँसम्म जरिमाना वा दुवै सजाय हुन सक्नेछ।

स्पष्टीकरण:- कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभाव पूर्ण व्यवहार मानिने छैन।

(मुलुकी ऐन अदालतको १० नं.)

उपरोक्त संवैधानिक प्रावधानको विपरित हुने गरि श्री ५ को सरकारद्वारा खण्ड ५२, २०५९ साल वैशाख ८ गते अतिरिक्तांक २, भाग २ को नेपाल राजपत्रमा श्री ५ को सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मंत्रालयको तर्फबाट श्री ५ को सरकारका सचिव बैलरामसिंह मल्लले "संसदले बनाएको ऐन" भनि कोही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०५८ नाम दिइएको ऐनको दफा ३ अन्तरगतको मुलुकी ऐनमा संशोधन अन्तर्गत उपदफा ३ को (ग) मा अदालतको १० नं.मा १० क नं. थपि "कसैले कसैलाई जातिपातीको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरेमा १ वर्षसम्म कैद वा ३ हजार रूपैयाँसम्म जरिमाना वा दुवै सजाय हुन सक्नेछ" भन्ने व्यवस्था गर्दै गरिएको व्यवस्था संविधानको धारा ११ (४) अनुरूप भएता पनि सोही नं. मा स्पष्टीकरण थप्नुको व्यवस्था गरि "कुनै मन्दिर वा धार्मिक स्थलहरूमा परम्परा देखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन" भन्ने व्यवस्था संविधानको धारा (४) को प्रतिकूल हुनुले सबै धारा ११ (१), ११(२), ११(३) मा व्यवस्थाहरूको खेलवाड निर्मित हुन गएको छ।

(मनोहरलाल बमरेल (साक्षी) द्वारा ४१९ अंडर प.गते सर्वोच्च अदालतमा चढाएको निवेदन बमोजिम रहन अंश)

पक्रियो। यसरी उत्पीडित वर्गले डा. अम्बेडकरभित्र एक नयाँ महान नेता र योद्धाको स्वरूप देखे।

सन् १९२७ मा वहाँले "बहिष्कृत भारत" नामको अर्को मराठी पाक्षिक पत्रिका चलाउन थाल्नु भयो। उक्त पत्रिकाको उद्देश्य उत्पीडित वर्गले आफ्ना दुःख-दर्द, व्यथा-कथा त्यस द्वारा पोख्न सकून् भन्ने थियो। त्यही वर्ष अछूतहरू तथा सवर्ण हिन्दूहरूका बीचमा सामाजिक समताको शिक्षा दिने उद्देश्यका साथ वहाँले "एक समर समता संघ" नामक संस्था स्थाप्नुभयो। उक्त संस्थाले कतिपय अन्तर्जातीय विवाहको प्रचलन स्थापित गर्ने तथा भात-भान्सा चलाउने धुप्रै उद्देश्यहरू अगाडि सारेको थियो।

सन् १९२९ सिमन आयोगले भारत भ्रमण गर्दा कांग्रेसले उक्त आयोगलाई बहिष्कार गरे पनि बंबई राज्यको विधान सभासदको हैसियतले डा. अम्बेडकरले त्यस समक्ष बयान दिने क्रममा उत्पीडित वर्गका निम्ति छुट्टै प्रतिनिधित्व हुनु पर्ने कुरामा जोड दिनु भयो। सो आयोगले विभिन्न दलहरूका नेताहरूसंग छलफल गर्नुपर्ने गरी लण्डन गोलमेच सम्मेलन बोलाउन सिफारिश गऱ्यो।

अछूतहरूको प्रतिनिधिका रूपमा डा. अम्बेडकर त्यहाँ निम्त्याइनु भयो। सहभागीहरू बीच मतभिन्नता उत्पन्न भएकोले सो गोलमेच सम्मेलन आफ्नो उद्देश्यमा असफल हुन पुग्यो। बेलायती प्रधानमंत्रीका साम्प्रदायिक निर्णयको घोषणाले डा. अम्बेडकरको उत्पीडित वर्गका लागि छुट्टै प्रतिनिधित्वको सपना आंशिक रूपमा साकार हुन पुग्यो।

बेलायती सरकारको सो निर्णयद्वारा धक्का लागेर महात्मा गान्धीले पुनाको आगाखान दरबारमा आमरण अनसनको घोषणा गर्नु भयो। महात्माको जीवन बचाउनका निम्ति डा. अम्बेडकरले हार स्वीकार बेग्लै निर्वाचनको सट्टा संसदमा आरक्षित सिटको व्यवस्थामा चित्त बुझाउनु पऱ्यो। गान्धीजी र अम्बेडकरजीको अछूतहरूको सामाजिक, आर्थिक एवं राजनैतिक उत्थानका सवालमा फरक फरक दृष्टिकोण र अवधारणाहरू भए पनि वहाँहरू एक अर्कालाई ठूलो आदर र सम्मान गर्नु हुन्थ्यो। अम्बेडकरको विद्वता, इमान्दारिता र त्यागलाई महात्माले प्रशंसा गर्नु हुन्थ्यो र वहाँलाई विशुद्ध मूल्यका देशभक्तको रूपमा उल्लेख गर्नु हुन्थ्यो भने राष्ट्रका खातिर गान्धीजीको लक्ष-चिन्तन तथा समर्पणलाई डा. अम्बेडकर पनि स्वीकार गर्नु हुन्थ्यो।

अम्बेडकरले सन् १९४२ मा अनुसूचित जातिको हितका निम्ति लड्नका लागि समग्र भारतकै राजनैतिक दलको रूपमा "अखिल भारत अनुसूचित जातीय संघ" को गठन गर्नु भयो। जे भए पनि त्यो पार्टीले फरवरी १९४६ मा सम्पन्न आम निर्वाचनमा विजय लिनु परेन।

संसदको रूपमा अम्बेडकर

डा. अम्बेडकरले गरिरहनु भएको कामको असरलाई विचार गरेर बंबईका गभर्नरले सन् १९२६ मा वहाँलाई बंबई विधान परिषदमा मनोनयन गरेका थिए। १९३४ सम्म वहाँ त्यसको सदस्य रहनु भयो। त्यस अवधिका अधिवेशनमा वहाँले जग्गा कर, सरकारको बन्देज- नीति, बजेट, शिक्षा इत्यादि सवालहरूलाई सविस्तार उठाउनु भएकोथियो। त्यसबेला वहाँले किसानहरू, मजदूर वर्ग तथा अछूतहरूको हितका निम्ति विधेयकहरू पेश गर्नु भयो। तर कट्टरपन्थी जमातको तीव्र विरोधका कारण ती विधेयकहरू पारित हुन सकेनन्। तैपनि विधानपालिकामा पहिलो पल्ट प्रवेश गर्दा नै वहाँले आफूलाई एक सशक्त सांसदको रूपमा स्थापित गर्नु भयो।

सन् १९३६ मा डा. अम्बेडकरले भारतको "स्वतन्त्र मजदूर दल" खोल्नु भयो। "भारत सरकार कानून १९३५" को प्रावधान अनुसार भारतमा सन् १९३७ मा भएको प्रथम चर्चित विधानपालिकाको निर्वाचनमा मुलुक नै चुनावमा धकेलियो। १७ सिट भएको बंबईको प्रान्तीय विधानसभाको चुनावमा "स्वतन्त्र मजदूर दल" ले १५ स्थानमा विजय हासिल गऱ्यो। प्रतिपक्षी नेताको हैसियतबाट बंबई विधानसभामा डा. अम्बेडकरले धेरै प्रभावकारी तथा उद्देश्यमूलक भूमिका निर्वाह गर्दै समयको राम्रो विश्लेषण गर्न सक्ने सांसदका रूपमा आफ्नो प्रखरता प्रस्तुत गर्नु भयो। मंत्रीहरूको तलब भत्ता विधेयक उपर बहस चल्दा डा. अम्बेडकरले मंत्रीहरूको तलब कुनै स्थानीय तहको हुनु स्वीकार्य नभएको आफ्नो ठहर पेश गर्नु भयो। वहाँले वाक्पटुताका साथ बोल्दै आफ्ना मान्यताहरू तर्कयुक्त ढंगले राख्नु भयो। मंत्रीहरूको तलब भत्ता निर्धारण गर्दा ठहर गर्नु पर्ने चार अवस्थाहरूलाई वहाँलाई यसरी विस्तार गर्नु भयो – "(१) मंत्रीहरूको सामाजिक स्तरको सोच निसन्देह रूपले कुनै समुदायको सामाजिक नेता सरह हुन्छ भन्ने सोचाई, (२) क्षमताको सोचाई, (३) प्रजातन्त्रको सोचाई, र (४) प्रशासनमा शुद्धता र इमान्दारिताको सोचाई।" वहाँले अझ थप्दै भन्नु भयो – "व्यक्तिगत रूपमा मैले यो सोचेको हुनुपर्छ कि मंत्रीहरू देशका प्रथम दर्जाका नागरिक भएकोले यस्तो सुसंस्कृत जीवन निर्वाह गर्नुपर्छ जसले कला एवं ज्ञानप्रति रूची राख्नोस् अनि यो सबैका निम्ति आदर्श बन्न सकोस्।" मंत्रीले आफ्नो अवधारणामा दक्षता राख्नु पर्छ भन्ने धारेमा पनि वहाँको विशेष जोड थियो। "कार्यकारिणी भनेको सरकारलाई परामर्श दिने विशेषज्ञहरूको समूह हो, यदि हामी आइपर्ने विविध समस्याहरूको समाधान गर्न चाहन्छौं र संविधान प्रदत्त उपलब्धी लिन चाहन्छौं भने।" (भारत सरकार कानून १९३५) आफ्नो वक्तृत्वकला एवं प्रखर विद्वताका साथ छलफलहरूमा डा. अम्बेडकरले कडा प्रतिपक्षीको रूपमा आफूलाई पेश गर्नुभयो। जब वहाँ सदनमा बोल्न उठ्नु हुन्थ्यो बडो अचम्म लाग्ने गरी सदस्यहरू वहाँको कुरा एकाग्र भएर सुन्थे।

वहाँ सन् १९४६ जूनमा बंगाल विधान-सभाबाट सर्वप्रथम विधान सभामा चुनिनु भयो। तर विभाजनको कारणले डा. अम्बेडकर लगायत बंगालबाट प्रतिनिधित्व गर्ने धेरै सदस्यहरूले आफ्नो सदस्यता गुमाउनु पऱ्यो। तत्पश्चात बंबई विधानसभामा कांग्रेस पार्टीले डा. एम.आर. आयकरको राजिनामाबाट रिक्त हुन भएको पदपूर्ति गर्न वहाँलाई छान्यो। पहिलो चोटि नयाँ संविधान अनुसार मुलुकमा चुनाव हुँदा डा. अम्बेडकर बंबई चुनाव क्षेत्रबाट खडा हुनु भयो। तर वहाँ असफल हुनु भयो। तैपनि सन् १९५२ मार्चमा बंबई विधायिकाबाट वहाँ चुनिनु भयो। वहाँले लोकसभाका लागि सन् १९५३ मा भएको उपचुनाव लड्नु भयो। तर त्यो पनि व्यर्थ भयो। राज्य सभाको सदस्यका रूपमा भने वहाँ रही नै रहनुभयो र जीवनका केही अन्तिम वर्षहरू मूख्य रूपमा डा. अम्बेडकरले बुद्ध धर्मको प्रचार प्रसारमा लगाउनु भयो।

मंत्रीका रूपमा अम्बेडकर

सन् १९४६ मा अन्तरिम सरकार निर्माण हुँदा प्रधानमंत्री जवहारलाल नेहरूले डा. अम्बेडकरलाई कानून मंत्री बनाउनु भयो। हिन्दू समाजमा विद्यमान विसंगतिहरूलाई भोग्दै आउनु भएका डा. अम्बेडकरका निम्ति यो अपूर्व अवसर थियो र वहाँले बहुसंख्यक हिन्दू महिलाहरू तथा अछूतहरूको दूर्दशा घटाउने उद्देश्यका साथ केही सुधारहरू गर्न चाहनु भयो। वहाँले त्यही उद्देश्यलाई मध्यनजर गरेर बडा परिश्रमले हिन्दू मुलुकी ऐन विधेयकको मस्यौदा गर्नु भयो र ४ फरवरी १९५१ मा संसदमा पेश गर्नुभयो। डा. अम्बेकरले व्याख्या गर्नु भए अनुसार त्यो विधेयकको उद्देश्य हिन्दू कानूनका निश्चित धाराहरूलाई विधानसंगत बनाउनु र केही सुधारहरू गर्नु थियो। त्यसको महत्वलाई जोड दिंदै वहाँले भन्नु भएको थियो। – "एकै खाले कानूनले हिन्दू समाज एवं धार्मिक जीवनलाई शासन गर्नु देशकै अखण्डताका निम्ति फाइदाकारी थियो।" यसरी स्वतन्त्र एवं गणतन्त्र भारतको कानून मंत्रीको हैसियतले रूढीग्रस्त कट्टरपन्थी र मक्किइसकेको अन्यायपूर्ण हिन्दू कानूनलाई फेरेर प्रगतिशील विधानभित्र समेट्ने प्रथम प्रयास डा. अम्बेडकरबाट नै भयो। यस अर्थमा डा. अम्बेडकर "आधुनिक मनु" मानिनु हुन्छ। उक्त प्रयास जतिसुकै विचारपूर्ण सहाहनीय भए पनि मन्त्रीमण्डलभित्र वहाँकै साथीहरूबाट विरोध भएकोले अन्ततः त्यो विधेयकले कानून बन्ने सौभाग्य पाएन।

९ मार्च १९५१ को अस्थायी संसदमा डा. अम्बेडकरद्वारा कानून मंत्रीको हैसियतले प्रस्तुत अर्को अविस्मरणीय विधान जनप्रतिनिधित्व विधेयक १९५० थियो। जसमा अरू धेरै कुराहरूमध्ये संसद र

राज्यसभाका लागि स्वतन्त्र चुनाव परिचालन गर्नु, सदस्यताका लागि योग्यता-अयोग्यताको टुंगो गर्नु तथा चुनावमा भ्रष्टाचार र धाँधलीबारे उचित निदान गर्नु जस्ता कुरा पर्दथे ।

विभिन्न सवालहरूमा प्रधानमंत्री जवाहरलाल नेहरू तथा अन्य साथीहरूसंग वहाँको मतभिन्नता उत्पन्न भएको कारणले २५ सितम्बर १९५१ मा डा. अम्बेडकरले सरकारबाट राजिनामा दिनु भयो । जे होस् ती मतभिन्नताका बावजुद पनि कानून मंत्रीको हैसियतले वहाँका साथीहरूका निम्ति वहाँ शक्तिको धरोहर हुनुहुन्थ्यो । वहाँले एक मंत्रीको हैसियतमा सिद्धान्तका निम्ति लड्नु भयो र वहाँको आदर्श धेरै हदसम्म सामाजिक अन्यायहरूको उन्मूलन गर्न र सुविधाबाट बंचित भएकाहरूको उत्थान गर्न सफल भयो ।

प्रमुख संविधान निर्माताका रूपमा अम्बेडकर

प्रथम पटक बंगालबाट र दोस्रो पटक बंबइबाट विधान सभामा चुनिनु भएपछि वहाँलाई एक राष्ट्रिय नेता, कानूनवेत्ता, संविधान-विशेषज्ञ र सांसदको रूपमा बाबासाहेबको उच्चस्थानको परिचय प्राप्त भयो । २९ अगष्ट १९४७ मा वहाँ संविधान मस्यौदा समितिमा नियुक्त हुनु भयो र त्यसपछि उक्त समितिको अध्यक्ष चुनिनु भयो । सो मस्यौदा समितिको सदस्यता तथा अध्यक्षता डा. अम्बेडकरका निम्ति एक हर्षसहितको आश्चर्य हुन पुग्यो । वहाँले परिषदमा व्यक्त गर्नुभएको निम्न कथनबाट यो कुरो प्रमाणित हुन्छ ।

"अनुसूचित जातिहरूको हित-रक्षा भन्दा बढी कुनै महत्वाकांक्षाले म विधान परिषदमा आएको थिइन । बढी जिम्मेवारीपूर्ण कार्यहरूमा स्वटिइनु पर्ला भन्ने अति दूरगामी विचार मसंग थिएन । यसैले परिषदले मलाई मस्यौदा समितिमा चुन्दा म धेरै अचम्मपा परें । मस्यौदा समितिले मलाई त्यसको अध्यक्ष बनाउन खोज्दा त म झन् तीन छक्क परें । मस्यौदा समिति भित्र म भन्दा श्रेष्ठ, झन असल र बढी क्षमतावान मान्छेहरू हुनुहुन्थ्यो ..."

डा. अम्बेडकरको नेतृत्वमा मस्यौदा समितिको प्रथम बैठक ३० अगष्ट १९४७ मा सम्पन्न भयो । डा. अम्बेडकर र वहाँको टोलीले अस्थायी संविधान तैयार गर्न जम्मा जम्मी १४१ दिन काम गऱ्यो । ती अवसरहरूमध्ये धेरै जसोमा वहाँ एक्लैले काम गर्नुभयो । एक अर्थशास्त्री, कानूनवेत्ता तथा समाज शास्त्री भएकोले डा. अम्बेडकरलाई राम्ररी थाहा थियो कि संविधान एउटा कानूनी दस्तावेज मात्र नभई एक सामाजिक तथा आर्थिक विकासको कडीको रूपमा रहन सक्नु पर्छ जसले लास्लौको चाहना, दुःख पीडा तथा आवश्यकताहरूलाई समेट्न सकोस् । प्रजातन्त्रको एक उत्साही प्रेमीको हैसियतले गणतन्त्र भारतका लागि संसदीय ढाँचाको संविधान निर्माण गर्ने कार्यमा बाबासाहेबले आफ्नो प्रतिभाको उच्चतम प्रयोग गर्नु भयो । वहाँ एक्लैलाई भारतको प्रमुख संविधान निर्माता भनिन्छ भन्ने कुराको पुष्टि गर्दै श्री टि.टि. कृष्णमचारी यसरी वर्णन गर्नु हुन्छ ।

"सदनलाई सायद थाहा छ तपाईहरूले मनोनित गर्नुभएका ७ सदस्यहरूमध्ये एकजनाले सदनबाट राजिनामा गर्नु भएको थियो र त्यसमा सहभरण गरिएको थियो । एकको मृत्यु भयो तर त्यसमा सहभरण भएन । एकजना टाढा अमेरिकामा हुनुहुन्थ्यो र वहाँको स्थान पूर्ति गरिएन अनि अर्को एक व्यक्ति राज्यको कार्यमा व्यस्त हुँदा एक प्रकारले सो पनि रिक्त प्रायः थियो । एक वा दुईजना दिल्लीदेखि टाढा रहनु हुन्थ्यो र संभवत स्वास्थ्यको कारणले गर्दा वहाँहरू उपस्थित हुन सक्नु हुन्न थियो । तसर्थ अन्त्यमा विधान मस्यौदा गर्ने बोझ डा. अम्बेडकरकै काँधमा आइपऱ्यो र म निसन्देह भन्छु यो कार्य निसन्देह रूपमा प्रशंसायोग्य ढंगले पूरा गर्नुभएकोमा वहाँप्रति हामी कृतज्ञ छौं ।"

मस्यौदा समितिद्वारा तैयार गरिएको मस्यौदा संविधानलाई डा. अम्बेडकरले ४ नोभेम्बर १९४८ को विधान सभामा पेश गर्नुभयो । वहाँले मस्यौदा संविधानको मूलभूत विशेषताहरूलाई दर्शाउँदै एक बेजोड एवं विस्तृत भाषणसहित त्यसको प्रस्तुती गर्नु भएको थियो । अन्त्यमा शान्ति र संकटका अवस्थामा संविधानको सारभूत तत्व एवं क्षमताका बारेमा इंगित गर्दै वहाँले टिप्पणी गर्नु भएको थियो ।

"मस्यौदा समितिद्वारा निर्धारित संविधान उपयोगी छ, शान्ति तथा संकट दुबै अवस्थामा देशलाई चलाउन सकिने किसिमको लचिलो एवं मजबूत छ । वास्तवमा म के भन्छु भने तयाँ संविधानमा कुनै कुरा गडबड हुन्छ भने हाम्रो संविधान खराब भएको कारणले हुने छैन । त्यस्तो केही भयो भने मान्छेकै अधमपनाले भएको हो हामीले भन्नु पर्ला ।"

थुप्रै थुप्रै विधान सभा सदस्यहरूले मस्यौदा समितिका अध्यक्ष एवं सदस्यहरूको अथक परिश्रमको प्रशंसा गरे र डा. अम्बेडकरको प्रभावोत्पादक प्रस्तुतीकरण एवं भाषणको पनि प्रशंसा गरे । वार्षौको सोचविचारपछि बाबासाहेबले प्रत्येक तहमा सक्रिय भूमिका निर्वाह गर्नु भयो । त्यस क्रममा संशोधनहरू प्रस्तुत गरिए, छलफलहरू चले र विश्वसनीय एवं तार्किक बहसहरू मस्यौदा संविधानको रक्षार्थ खडा गरिए । डा. बाबासाहेबको नेतृत्वमा मस्यौदा समितिद्वारानिर्मित मस्यौदा संविधानलाई विधानसभाद्वारा कुनै प्रमुख फेरबदल विना ग्रहण गरिनुको यथोचित श्रेय वहाँ माथि नै जान्छ ।

विधान परिषदले संविधानलाई ग्रहण गर्नुभन्दा एकदिन अघि बाबासाहेबको संविधान निर्माण गर्ने अहम योगदानप्रति सबै सदस्यहरूले प्रशंसासहित कृतज्ञता ज्ञापन गरे ।

विधान परिषदका अध्यक्ष डा. राजेन्द्र प्रसादले संविधान पिताप्रति यसरी कृतज्ञता व्यक्त गर्नु भयो ।

"कुर्सीमा बसेर तथा दिन प्रतिदिनका गतिविधिलाई अवलोकन गर्दै मैले के महसुस गरें भने यति हौसला तथा त्यागका साथ यति काम कसैले गर्न सक्ने थिएन जति प्रतिकूल स्वास्थ्यको बावजूद विशेषतः डा. अम्बेडकरले र मस्यौदा समितिका सदस्यहरूले गर्नु भयो । हामीले वहाँलाई मस्यौदा समितिमा राख्नु र त्यसको अध्यक्ष बनाउनु भन्दा उत्तम निर्णय अर्को हुन सक्ने थिएन । वहाँले आफ्नो कार्यको पुष्टि मात्र गर्नु भएको छैन बरू आफूले गरेको कार्यको चमक पनि बढाउनु भएको छ ।"

मस्यौदा संविधान बनाउने र मार्गदर्शन गर्ने कार्यमा बाबासाहेबले गर्नु भएको गहनतम् कार्यको प्रशंसा गर्दै अर्का सदस्य श्री पत्तामी सीतारामयले भन्नु भयो ।

"... यो भव्य एवं विकट कार्य संपादनमा वहाँले कति मेधावी बुद्धिको प्रयोग गर्नुभयो त्यो अनालोच्य, अजय तथा पहाड फोर्नु जस्तै कठिन थियो, जे कुरालाई वहाँले सही ठम्याउनु भयो त्यसप्रति जस्तोसुकै परिस्थितिमा पनि वहाँ दृढ रहनु भयो ।"

मजदूर विधानका पिताका रूपमा अम्बेडकर / एक मजदूर सदस्यका रूपमा अम्बेडकर

डा. अम्बेडकरको कानूनी दक्षता, प्राज्ञिक विशिष्टता, वार्ता गर्ने कुशलता तथा प्रशासनिक क्षमताको कदर गर्दै तत्कालिन भाइसरायरले वहाँलाई सन् १९४२ मा रक्षा परिषदको सदस्यहरूमध्ये एकमा नियुक्त गरे । त्यसपछि वहाँमाथि श्रम विभागको दायित्व समेत थप भयो । त्यो विभाग सन् १९४७ सम्म कायम रहयो । त्यो अवधि छोटै भए पनि देशको मजदूर विधान तथा मजदूर हितको इतिहासमा त्यसलाई एक निर्णायक मोडको रूपमा लिन सकिन्छ ।

मजदूर सदस्यको हैसियतले डा. अम्बेडकर केन्द्रीय सरकारमा ५ देखि ६ प्रतिशत पदहरू अछूतहरूका निम्ति आरक्षित गर्न सफल हुनुभयो । वहाँले विदेशमा प्राविधिक शिक्षा हासिल गर्न जान चाहने अछूत विद्यार्थीहरूलाई पनि सहयोग गर्नु भयो । वहाँ मजदूर सदस्य रहनु भएको यस अवधिमा रोजगारीका विनिमयहरू स्थापित भए जसले गर्दा दक्ष तथा अर्धदक्ष मजदूर र प्राविधिज्ञहरू - जो विभिन्न योजनाहरूबाट तालीम प्राप्त थिए - सडकमा फालिनु सट्टा उनीहरूले रोजगारीका नयाँ बाटाहरू फेला पार्न सहयोग पाए ।

मजदूर सदस्यको हैसियतले डा. अम्बेडकरले प्रजातन्त्रलाई सुदृढ गर्न तथा औद्योगिक क्षेत्रमा सहिष्णुता पैदा गर्न विविध उपायहरू अगाडि सारु भयो । वहाँले केही सामाजिक सुरक्षाका उपायहरू पनि लागु गर्नु भयो । पहिलो चोटी डा. अम्बेडकरले

रोजगारदाताहरू र रोजगारहरू बीचका सवालहरू दुङ्गो लगाउने त्रीपक्षीय पद्धति लागु गर्नु भयो। औद्योगिक विवादहरूलाई सुल्झाउन, केन्द्रीय तहमै उद्योगहरूमा असफल देखिएको मजदूर कानून लागू गर्न र मजदूर हितलाई अभिवृद्धि गर्न मजदूर प्रशासनको स्थापना भयो। वहाँको पालाको अन्त्यतिर सदनमा प्रस्तुत सबभन्दा महत्वपूर्ण मजदूर विधान न्यूनतम ज्यामा विधेयक नै थियो।

डा. अम्बेडकरका यी उत्सुकताहरू र विधान सम्बन्धी खोजहरूका कारण वहाँका कटू आलोचकहरूबाट पनि वहाँले प्रशंसा आर्जन गर्नु भयो। उनीहरूले समेत वहाँलाई एक योग्य तथा हितकारी प्रशासकको रूपमा अभिनन्दन गरे।

शिक्षाविद्का रूपमा अम्बेडकर

यो कटू सत्य हो कि भारतवर्षमा अछूतहरू सामान्य शिक्षा आर्जनबाट बंचित हुनें गर्दछन्। जीवनमा शिक्षाको महत्वलाई महशुस गर्दै डा. अम्बेडकरले आफ्ना समर्थकहरूसंग उनीहरूका बालबालिकाहरूलाई सुशिक्षित तुल्याउन आग्रह गर्नुभयो। वहाँले शिक्षामा पनि महत्व दिनु भयो। वहाँले आफ्ना तीन नारा "शिक्षित होऊ, संघर्ष गर र संगठित होऊ" मध्ये शिक्षालाई नै प्रथम चरणको नारा मान्नु भयो।

अछूत समूहका विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले डा. अम्बेडकरले छात्रावासको स्थापना गरेर उनीहरूका निम्ति निःशुल्क पुस्तकहरू र लत्ताकपडा उपलब्ध गराउनु भयो। ती छात्रावासहरूले उत्पीडित समुदायका मानिसहरूलाई प्राथमिक एवं माध्यमिक शिक्षा दिलाउन ठूलो सहयोग गरेका थिए।

सन् १९४५-४६ मा डा. अम्बेडकरले आफ्नै शैक्षिक संस्था "जन शिक्षा समाज" खोल्नु भयो। वहाँ त्यसबेला भायसरयको कार्यकारिणी परिषदको सदस्य रहनु भएकोले तीन लाख रूपैयाँको उपहार सहायता र निर्व्याजी ऋण पनि भारत सरकारबाट जुटाउन सक्षम हुनु भयो। त्यस समाज अन्तर्गतको पहिलो कलेज बंबईमा स्थापित भयो जसको नाम सिद्धार्थकला तथा विज्ञान कलेज राखियो।

डा. अम्बेडकर शिक्षणमा पनि गहिरो अभिरूची लिनु हुन्थ्यो। वहाँले बंबईको सिड्नेहम वाणिज्य कलेज र त्यहाँको "सरकार कानून कलेज" मा पनि पढाउनु भयो। पछि वहाँ सरकार कानून कलेजको प्राचार्य समेत हुनु भयो। वहाँका व्याख्यानहरू एकाग्रतापूर्वक ध्यान दिई सुनिन्थे र कक्षा कोठाहरू अन्य कलेजका विद्यार्थीहरू समेतले खचाखच भरिएका हुन्थे। यस्तो दृष्टान्तले पनि वहाँको पाण्डित्यपूर्ण व्याख्यानकुलाई विद्यार्थीहरूले छोड्न नचाहेको तथ्य प्रष्ट हुन्छ।

लेखकका रूपमा अम्बेडकर

डा. अम्बेडकर निर्तिसि पढ्ने मात्र नभई एक सृजनशील लेखक पनि हुनु हुन्थ्यो। वहाँका लेख रचनाहरूले मानव अभिरूचीका विविधतालाई समेटेका छन्। जस्तै प्रशासन, मानव शास्त्र, अर्थशास्त्र, वित्तीय शास्त्र, राजनीति शास्त्र, धर्म आदि आदि। चारदशकको समयभित्र वहाँले अंग्रेजीमा २० भन्दा बढी पुस्तक, पर्चा र लेखहरूको रचना गर्नु भयो। डा. अम्बेडकरले वहाँको पहिलो साप्ताहिक पत्रिका "मुकनायक" सन् १९२० मा शुरूमात गर्नुभएको थियो। त्यसको उद्देश्य भारतमा उत्पीडित वर्गको उत्पीडनमा पिसिनु पर्ने कारण प्रष्ट्याउनु थियो। तर त्यो साप्ताहिक पत्रिका धेरै समय टिक्न सकेन। डा. अम्बेडकरको सर्वप्रथम प्रकाशित कृति "भारतमा जातपात, उत्पत्ति र विकास" हो। जुन कोलम्बियामा सम्पन्न मानव शास्त्र गोष्ठीमा वहाँद्वारा वाचन गरिएको कार्यपत्र थियो। सन् १९२४ मा "वृटिश भारतमा प्रान्तीय अर्थव्यवस्थाको विकास" शीर्षकमा प्रकाशित वहाँको विद्यावारिधी शोधपत्र वहाँले बडौदाका महाराजाप्रति कृतज्ञता स्वरूप समर्पण गर्नु भएको थियो। सोही पुस्तक भारतीय विधायकहरूलाई बजेट छलफलका बखत उपयोगी सौतको रूपमा प्रमाणित भयो। वहाँका अन्य किताबहरूमध्ये मुख्य मुख्य यस प्रकार छन् - "कांग्रेस र गांधीजीबाट अछूतहरूका निम्ति के भएको छ ?", "शूद्रहरू को थिए र उनीहरू कसरी भारोपेली समाजमा चौथो वर्गमा पर्न आए ?", "माथिक राज्य बारे चिन्तनहरू", "पाकिस्तानबारे चिन्तनहरू", "रण्डे, गान्धी र जिन्ना", र "भारतमा जातिपातिको उच्छेद"।

बुद्ध र उनको शिक्षाका सच्चा भक्त हुनाले वहाँले सन् १९५२ मा एउटा बौद्ध प्रार्थना पुस्तक "बुद्ध उपासना पथ" को सम्पादन गर्नुभयो। वहाँको सन् १९५७ मा प्रकाशित "बुद्ध र वहाँको धर्म" नामक पुस्तक बौद्ध-बाइबलको रूपमा चिनिन्छ र यसले बुद्धको जीवन र व्यक्तित्वलाई कुशलतापूर्वक चित्रण गर्नुका साथै धर्म बारे विश्लेषणात्मक रूपमा प्रकाश पारेको छ।

डा. अम्बेडकर एक पुस्तक संग्रहकर्ता पनि हुनुहुन्थ्यो। वहाँले हज्जारौं हजार पुस्तकहरूको संग्रह गर्नु भयो र धेरै ठूलो व्यक्तिगत पुस्तकालयको स्थापना समेत गर्नुभयो।

बौद्धमार्गीका रूपमा अम्बेडकर

एक अछूत क्रेटो, वकिल एवं प्राध्यापकको रूपमा वहाँले भोग्नु भएका सामाजिक असमानताका अनुभवहरूले गर्दा डा. अम्बेडकरलाई हिन्दू समाज र यसका कट्टरताको धेरै आलोचक बनायो। बुद्ध धर्म अंगीकार गर्नु अगाडि सन् १९३५ मा डा. अम्बेडकरले घोषणा गरिसक्नु भएको थियो - "अछूतहरूले हिन्दू सम्प्रदाय छोडेर अरू कुनै धर्म ग्रहण गर्नेछन्। यसै अनुरूप पहिले (सन् १९४८-५० सम्म) वहाँ सिख धर्म तर्फ झुकिनु भयो। तर वहाँको प्रयास फलदायी भएन। अन्तमा सन् १९५६ मा आएर वहाँले बुद्ध धर्म अँगाल्नु भयो।

आफूलाई नै मोक्षदाताको दावी गर्ने अरू धर्मका संस्थापकहरूको विपरित बुद्धको धर्म नैतिक तथा समानताका लागि भएको अनि बुद्ध आफू पथप्रदर्शकको भूमिकामा सन्तुष्ट रहेको कुरा वहाँलाई महशुस भएपछि डा. अम्बेडकरको बुद्धप्रति आस्था बढ्यो।

विदेशमा सम्पन्न विभिन्न सम्मेलनहरूमा सक्रिय सहभागी हुनु भएजाट डा. अम्बेडकरको बुद्धप्रतिको अभिरूची प्रष्टिन्छ। वहाँले सन् १९४९ मा काठमाडौंमा सम्पन्न विश्व बौद्ध सम्मेलनलाई सम्बोधन गर्नु भयो र सन् १९५० मा श्रीलंकामा सम्पन्न विश्व बौद्ध कांग्रेस, सन् १९५४ मा बर्मामा अनि सन् १९५६ मा काठमाडौंमा सम्पन्न सम्मेलनहरूमा भाग लिनु भयो। भारतमा बुद्ध धर्मको ज्ञान प्रचार प्रसार गर्ने हेतुले सन् १९५५ मा वहाँले "भरतीय बुद्ध महासभा" को स्थापना गर्नुभयो। अन्तमा १४ अक्टोबर १९५६ मा नागपुरको विशाल जनसभामा वहाँले बुद्धधर्म अंगीकार गर्नुभयो अनि आफ्ना अनुयायीहरूलाई पनि त्यो नयाँ विश्वास स्वीकार गर्न सल्लाह दिनु भयो। वहाँ आफैंले नै लाखौंलाख अनुयायीहरूलाई दीक्षा दिनुभयो।

बुद्ध धर्म अंगीकार गर्नुभएको पुगन नयुग २ महिना मै ६ दिसम्बर १९५६ का दिन भारतका उत्कृष्ट सपूतले महानिर्वाण प्राप्त गर्नुभयो। डा. अम्बेडकरले देशका खातिर गर्नु भएको विशिष्ट सेवाको सम्मान गर्दै भारत सरकारले वहाँलाई राष्ट्रको सर्वोच्च सम्मान "भारत-रत्न" ले विभूषित गऱ्यो र सामाजिक न्यायको वर्षको रूपमा वहाँको सत वार्षिक उत्सव मनाउने घोषणा गऱ्यो।

श्रद्धाञ्जली तथा अभिनन्दन

सम्पूर्ण राष्ट्र, संसद, राज्य विधायिकाहरू, प्रेस, हर क्षेत्रका नेतागण, वहाँका लाखौं लाख अनुयायीहरू र प्रशंसकहरू र देश बाहिरका विशिष्ट महानुभावहरूले आधुनिक भारतको जग हाल्न सहयोग गर्ने ती महान व्यक्तित्वको दुःखद तथा आकस्मिक अवसानमा गहिरो शोक मनाए।

तत्कालीन लोकसभाध्यक्ष श्री अनन्तसयनम अयान्गरले डा. अम्बेडकर प्रति आभार सहित श्रद्धाञ्जली अर्पण गर्दै भन्नुभयो।

"डा. अम्बेडकर महान् तथा बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो। नम्र शुरूआतका साथ उठेर वहाँ अनुसूचित जातिहरूको नेता बन्नु भयो। वहाँ प्रकाण्ड विद्वान तथा लेखक हुनुहुन्थ्यो भने सबभन्दा बढी वहाँ एक सशक्त वक्ता हुनुहुन्थ्यो। वहाँले हाम्रो संविधानको गुरूयोजना तय गर्नुभयो। सामाजिक सुधारका क्षेत्रमा वहाँले बहुतै उपयोगी उपायहरू अगाडि बढाउनुभयो। वहाँको निधनबाट भारतले आफ्ना महान सपूतमध्ये एकलाई गुमाएको छ।"

भारतको संविधान निर्माण गर्नमा बाबासाहेबले खेल्नु भएको अहम भूमिकाको पुनस्मरण गर्दै तत्कालीन प्रधान मंत्री पं. जवाहरलाल नेहरूले भन्नुभयो।

"__ संसदमा वहाँलाई हामी अन्य धेरै कुराको लागि सेमन्छौं र अझ स्वास गरी वहाँले हाम्रो संविधान बनाउनमा धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको तथ्यलाई शायद वहाँका अरू गतिविधिहरू भन्दा पनि पछिसम्म स्मरण गरिनेछ।"

– अनु. पद्मलाल विश्वकर्मा
अध्यक्ष, नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज
(डा. भीमराव रामजी अम्बेडकर - संक्षिप्त जीवनी - लोकसभा सचिवालय, नयाँ दिल्ली)

स्वोटाङको यथार्थ

केही बिजुली बिनाको अँध्यारो, केही चेतना बिनाको अँध्यारो

स्थलगत रिपोर्ट – नरेश श्रेष्ठ

पूर्वी पहाडको सबभन्दा विकट जिल्ला स्वोटाङ चेतनाको हिसाबले पनि पिछडिएको छ। संचारको क्षेत्रमा आशवाणीमा भर पर्नु पर्ने स्थिति छ। वास्तवमै धेरै हदसम्म यो जिल्ला देश दुनियाँका समाचारहरूबाट टाढा छ। नेपालको पूर्वाञ्चलको १६ जिल्ला मध्ये विद्युतबाट यही जिल्ला मात्र वञ्चित छ। यसै जिल्ला हुँदै दुध कोशी बगीरहेको छ। तर अँध्यारो स्वोटाङको साथी जस्तै छ – विद्युतको अभावले श्रृजिएको अँध्यारो चेतनाको अभावले उब्जाएको अँध्यारो।

स्वोटाङ जिल्ला विकासको पूर्वाधारले मात्र पिछडिएको छैन जनताको निर्धनता, अशिक्षा, गरीबी प्रशासनको पक्षपात एवं सत्ता पक्षको राजनैतिक प्रतिशोध र पूर्वाग्रहले जिल्लाको हर वर्ग र पेशामा आवद्ध जनताको प्रजातन्त्र र मानव अधिकारको उल्लंघनले भएको छ। प्रजातन्त्र र मानवँ अधिकारको नारा सत्ताको ठाडै तावेदारी गर्ने प्रशासनको स्वेलौना भएको कुरा कतिपय घटनाले पुष्टि गरेका छन्। स्वोटाङ दिक्तेल क्याम्पसका प्रमुख बम थुलुङको विचारमा जनताको अशिक्षा र राजनैतिक दलका कार्यकर्ताहरूमा पनि मानव अधिकार सम्बन्धी धारणा स्पष्ट नभएकोले प्रशासनमा पुरानो संस्कार र धारणा यथावत रहेको छ। थुलुङका अनुसार स्वोटाङको प्रशासनमा सत्ता पक्षको दवाब छ, प्रतिपक्षको सुनवाई हुदैन र प्रशासनबाटै मानव अधिकारको हनन भइरहेको छ।

सरस्वती मा.वि. दिक्तेलका शिक्षक मोहन राजभण्डारी स्वोटाङमा पनि शिक्षा नियमावली–०४९ ले दुःख दिएको छ भन्ने तथ्यमाथि प्रकाश पार्नु हुन्छ। "मानव अधिकारको स्थिति चिन्ताजनक छ। मनोज जोशीको हत्याकाण्ड सत्ता पक्षबाट भयो। तर विपक्षी माथि उल्टै सार्वजनिक अपराध र ज्यान मुद्दामा विपिन्न व्यक्तिहरूलाई फसाइएको छ। प्रशासनले राजनैतिक पूर्वाग्रह राखी जनतालाई दुःख दिन्ने गरेको छ।" – वहाँ भन्नु हुन्छ। वहाँ संगठन पक्षधर शिक्षकहरूलाई अपायक ठाउँमा सरूवा गरी दुःख दिने गरिएको कुरा बताउनु हुन्छ।

स्वोटाङ क्याम्पसका राजनीति शास्त्रका उपप्राध्यापक चतुरभक्त राई भन्नु हुन्छ – "जिल्लामा मानव अधिकारको स्थिति सन्तोषजनक छैन। सरकारले हर क्षेत्रमा आफूसंग असहमत विचार राख्ने व्यक्तिहरूलाई दमन, उत्पीडन, शोषण, धुनछेक र झुठा मुद्दाद्वारा सताउने गरेको छ"। स्वोटाङ जिल्ला न्यायाधीश जगदीश शर्मा पौड्यालका विचारमा पंचायतकाल भन्दा हाल मानव अधिकारको स्थिति सन्तोषजनक छ। तर जनतामा चेतनाको अभाव छ। उनीहरू अशिक्षा र गरिबीका कारण आफ्नो हक र अधिकार प्रति सचेत हुन सकेका छैनन्। त्यसैले मानवअधिकारको स्थितिमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन।

०४८ सालको संसदीय चुनाव र ०४९ सालको स्थानीय चुनावमा वामपन्थी पक्षलाई सघाएको आरोपमा मिति ०४९ भदौ ३० गते स्वोटाङ जिल्ला शिक्षा कार्यालयले केही शिक्षकहरूमाथि वैचारिक विभेदका आधारमा कार्वाही गऱ्यो। नेपालको संविधान ०४७ को भाग ३ मौलिक हक धारा ११ को समानताको हकको उपदफा (३) बमोजिम राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, जातजाती या वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिनु हुँदैन।

तर स्वोटाङका शिक्षकहरूले त्यसपछि पनि प्रतिशोधात्मक कार्यवाहीको शिकार हुनु परेको छ। त्यस्तो कार्यवाहीको क्रम जारी छ। संगठन समर्थक अस्थायी शिक्षकलाई म्याद थप नगर्ने, पद घटुवा गर्ने, ग्रेड रोक्का गर्ने गरिएको देखिन्छ।

दिक्तेल जेलको कूल क्षमता ३५ जनाको रहेकोमा हाल त्यहाँ पुरूष, महिला र ३ नाबालक गरी ४६ जना बन्दीहरू रहेका छन्।

०४७ सालमा तत्कालीन अंचल अदालत वस्वलदुङ्गाका एकजना न्यायाधीसद्वारा निरिक्षण भएदेखि जेलमा सम्बन्धित निकायका कुनै अधिकारीले पाइलो टेकेका छैनन्। जेलर युवराज वजिमय बताउनु हुन्छ। – "जेलमा जडान भएको पानीको धारा ध्वस्त भएको छ एक इन्ची पोलिथिन पाइपको धाराबाट पानी साहै कम आउने हुँदा भात स्वानसम्मलाई जसोतसो टर्छ। लुगा धुन र नुहाउन समस्या छ।"

जनताका काम कारवाहीहरू अड्डा अदालतमा कत्तिको छिटोछरितो हुन्छ त भन्ने



प्रश्नमा दिक्तेल वडा नं. २ का जित ब. श्रेष्ठ, वडा नं. ६ का रत्न ब. थापा, कर्ण प्र. आचार्य, नारायण प्र. आचार्य, अग्नीधर आचार्य, दिक्तेलका हर्क ब. थापा र फनक ब. थापा मन्छन् – "पंचायतकाल र हाल केही फरक छैन, घुसखोरीमा झन वृद्धि भएको छ" । खोटाङ बतासे वडा नं. ६ ट्वाखोला निवासी ज्ञान ब. तामाङलाई तपाईको नानीहरू स्कूल आन्छन् ? भनि सोध्दा उनी संकोच मान्दै भन्दछन् – "शिक्षकहरू नियमित रूपमा विद्यालय आउँदैन त्यसकारण केटाकेटीहरू विद्यालयमा गएर पनि शिक्षकको अनुपस्थितिले गर्दा पढ्न पाउँदैनन् । केटाकेटीहरू खेलेर समय खेर फाल्छन्, के विद्यालय पठाउनु हजूर" ।

यस जिल्लामा सत्ताको नजिक हुँदा अपराध गरे पनि त्यस्ता व्यक्तिहरूलाई कानून नलागेको केही हृदय छुने घटनाहरू देखिएका छन् ।

०५८ वैशाख ६ गते वामपन्थीहरूले दिक्तेलमा गरेको आमसभाको कार्यक्रममा भाग लिई घर जाँदै गरेका ५/६ जना महिलाहरू मध्ये बोपी चिउरी डँडा गा.वि.स. वडा नं. ६ दोवेला भन्ने मूल बाटो भुनि राती ८ बजे खोटाङ वाफेक्यानडाडा वडा नं. २ बस्ने हिरा ब. गुरुङका २३ वर्षीया छोरी कृष्ण कुमारी गुरुङ लाई निर्मली डाँडाका वर्तमान गा.वि.स. अध्यक्ष देवराज राई भनिने देश ब. राई, दोर्फा चिउरीडाडाका सोही दलका उपाध्यक्ष नौराज राई, जुगजित राई लगायत ५/६ जनाको समूहले बलात्कार गरी बेहोश अवस्थामा पुऱ्याइ दिए । पछि ती गुरुङ केटीलाई दिक्तेलमा ल्याइयो र निज अभियुक्तहरूलाई आवश्यक कार्यवाहीको लागि अदालतमा मुद्दा दायर गरियो । जिल्ला अदालतले ०४८ पुष १६ गते देशराज राई र नौराज राई लगायतका अभियुक्तहरूलाई पक्राउ गरी दिक्तेल कारागारमा "ख" श्रेणीको सिटा दिई पूर्वधकको निमित्त थुनामा राख्ने आदेश दिइसकेको छ । तर हालसम्म गिरफ्तार नगरिएका अभियुक्तहरूमध्ये गा.वि.स. अध्यक्ष देश राज राई र उपाध्यक्ष नौराज राई अहिलेसम्म शपथ ग्रहण गर्न सक्नेको छैनन् । उनीहरूले ०४९ साल पुषको तेश्री हप्तामा सम्पन्न जिल्ला सभामा भने भाग लिएका थिए ।

त्यस्तै स्थानीय गा.वि.स. ५ निवासी श्री कृष्ण गा.वि. टेम्माको संघ समर्थक शिक्षक श्री दिनेश बस्नेतले ०४९ साल कार्तिकमा २८ वर्षिया श्री विजया कुमारी राईलाई करणी गर्न खोज्दा हल्ला भएपछि गाउँका महिलाहरूको सक्रियतामा दिनेशलाई जिल्ला प्रहरी कार्यालय दिक्तेलमा आवश्यक कार्यवाहीको लागि बुझाइयो । पीडित महिलाले जाहेरी दिंदा दर्ता समेत गर्न इन्कार गरियो र उनलाई जिल्ला स्तरीय नेताको दवावमा कुनै सजाय नगरी "आइन्दा यस्तो गर्ने छैन गरेमा सजायँ भोग्ने छु" भन्ने व्यहोराको कागज गराई तुरुन्त छोडियो । सत्ताको तावेदारी गर्नेलाई अपराध गर्दा पनि कानून नलागेको एक पछि अर्को घटना देखे पछि खोटाङका जनता त्रसित भएका छन् ।

श्री गंगोदय नि.मा.वि. दुवेकोलका शिक्षक पुण्य प्र. निरौलाले जि.शि.नि. संग आफ्नो म्याद थप नगरी विनाकारणअवकाश दिएकोमा आक्रोस व्यक्त गर्न रकसी पिई मनामन भएको घटनालाई जि.शि.नि.ले उनी विरुद्ध जिल्ला प्रहरी कार्यालय दिक्तेलमा उजूर गरे । पछि ०४९ मार्ग २६ गते उनलाई पक्राउ गरी विना पूर्जी ७२ घण्टा मन्दा बढी हिरासतमा राखी डि.एस.पी.ले उनको आधी दाढी, जुँगा र कपाल छुराले खौरी अमानवीय व्यवहार गरी मानसिक यातना दिन लगायो ।

नेपालका ७५ जिल्ला मध्येको एक खोटाङ पनि नेपालको संविधान–०४७ को सीमा भित्रै पर्दछ । तर संविधानले प्रत्याभूत गरेका मौलिक अनि नागरिक हकका सबै धाराहरूयहाँ उत्तिकै सक्रिय हुन पाएका छैनन् । यहाँ अझै अँध्यारो अँध्यारै छ, विद्युत विनाको अँध्यारो, मानवाधिकार र नागरिक चेतना विनाको अँध्यारो ।

अभियान

अगुवाको स्मृति, अगुवालाई श्रद्धान्जली

[illegible]

[illegible]

वादीहरूलाई विकल्प प्रदान गर्ने दायित्व पनि सरकारकै हो

स्थलगत रिपोर्ट - लता प्याकुरेल

"क" र "ख" नेपालीको मनाई अनुसार उनीहरूका पिता पुर्खा नाचगान गर्दै आफ्ना परिवारको भरण पोषण गर्ने गर्दथे । तर पछि गएर नाचगानको परम्परा लोप हुँदै गयो र उनीहरूको जातिका महिलाहरू शरीर बेच्ने पेशा गरेर जीविका चलाउन थाले ।

"क" र "ख" पनि वेश्यावृत्तिमा संलग्न हुन बाध्य पारिएका अन्य महिलाहरू झैं लघुताभाषबाट ग्रस्त देखिन्छन् । तर उनीहरू वेश्यावृत्तिलाई पेशा मन्दछन् र जिविकाको उपाय अरू केही नभएको कुरा टीठलाग्दो गरी बताउँछन् ।

कालन्तरमा वादी महिलाहरूले नाजायज सन्तानहरू जन्माउन थालेको कुरा "क" र "ख" पनि बताउँछन् । तर उनीहरू यस्तो पनि भन्दछन् । - "पिताहरूको नाम थाहा भएका बालकहरू पनि लावारिस ठहऱ्याइन थाले, हामी पनि केही बोल्न-भन्न डराउँछौं । कसैकसैले आँट गरेर भने पनि पिता हुनेले स्वीकार गर्दैन उसले तिनीहरूको पेशा नै यही हो भैरे हो भन्ने के प्रमाण छ भनेर घृणा गर्छ ।" यसरी वादी समुदायका महिलाहरू शरीर बेच्ने काम गरेर जीविका चलाइरहेकै छन् ।

"हाम्रो भविष्य त अन्धकार भयो भयो तर हाम्रा सन्तानहरूको भविष्य उज्वल होस् भन्नका लागि हामी यो पेशा छोड्न चाहन्छौं । तर यसको विकल्प त केही हुनु पऱ्यो । विकल्पकै निम्ति हामीले "हस्तकला केन्द्र" खोल्यौं र त्यहीं सिलाई वा सिपका कामहरू सिक्न थाल्यौं । ३ महिना जति भयो खोलेको । शुरूमा सिक्ने ३५ जना थिए । १ महिना जति भयो ३३ जना नआएको पुलिसको डरले । वादी समुदायका केटाहरू पनि सिक्दै छन् ।" केही महिना पहिले प्रशासनले अवसेध खडा गरेको कुरो बताउँदै उनीहरू भन्दछन् - "वादी समुदायका केटाहरूलाई पुलिसले समातेर टाढा टाढा पठाउने गरेको छ । गएको माघमा गगनगंजबाट प्रहरीले ७ जना महिलाहरूलाई एकैपटक समात्यो ।"

"२२ वर्षीया "ग" नेपालीलाई समातेको एक महिना भयो समातेको ३ दिन नेपालगंजको कष्टडीमा राखेर दाङ्ग देखि टाढा सुनारी भन्ने ठाउँमा पठायो । अब यता गगनगंज तिर आउँदैन भनेर कागज गराइयो ।" - वादी महिलाहरू बताउँछन् ।

२२ वर्षीया "घ" नेपाली सिलाई सिक्दै थिइन् र प्रौढ शिक्षामा पनि पढ्दै थिइन् तर उनलाई पेशा गरेको आरोप लगाएर सुनारी पठाएको थियो । त्यस्तै २५ वर्षीया "ङ" नेपाली र २२ वर्षया "च" नेपालीलाई पनि पक्राउ गरी सुनारी पठाएको थियो ।

२३ वर्षीया "छ" नेपाली र २० वर्षीया "ज" नेपालीलाई बर्दिया, राजापुर पठाइएको थियो । प्रहरीले पक्राउ गरेको एकजना महिलाको नाम उनीहरूलाई थाहा छैन । प्युठानबाट आफ्नो मान्छेलाई भेट गर्न भनी आएकी ती महिलालाई पुलिसले समातेर दुःख दिई फेरी प्युठान पठाएको थियो ।

"हामीले सिलाई, बुनाई गरेर, प्रौढ शिक्षाबाट केही पढेर आन्ने मौका पाएमा हामी पनि केही गरेर आफ्नो परिवारको जीवन धान्न सक्ने थियौं । त्यस्तो गर्छौं भन्दा पनि हामीलाई अनेक किसिमले पुलिस मार्फत प्रशासनले दुःख दिइरहेको छ ।" - गगनगंजका वादी महिलाहरूको गुनासो यस्तै छ । उनीहरू बताउँछन् - "हामीलाई पहिले परी भनिन्थ्यो" । सल्यान पहाडबाट आएकी ६५ वर्षीय महिला नातिनीलाई पेशा गर्न पठाउँछु भन्छिन् । उनी पेशामा लागेकोले भतिजी माला नेपालीलाई पुलिसले समातेर दाङ्गपठाएको गुनासो गर्छिन् । उनी भन्छिन् - "श्री ३ सरकारको पालामा हामी नाचगान गरेरै जीविकोपार्जन गर्दथ्यौं । तर अब नातिनी पेशामा लागेकी छ । छोरी बितेको १२ वर्ष भयो । पुलिसले यो घर खाली गर्न भनीरहेको छ । तर हामीले छोडेका छैनौं । यहाँ छोडेर हामी कहाँ जाने ।

४० वर्षीया ओकी घरकी बुहारी हुन् । त्यसैले उनले पेशामा संलग्न हुनु पर्दैन । तर पेशा गर्ने गरेकी भतिजीलाई पुलिसले समातेर लगेकोले उनीहरूको खाने माध्यम कैही नभएको कुरो ओकी बताउँछिन् ।

गगनगंजका महिलाहरूले विना बाबुको छोराछोरीलाई पनि पेशा गरेर पालेका छन् । यहाँ बुहारीहरूले पेशा नगर्ने चलन रहेकोछ । वादीहरूमा आफ्नै जातिमा बिहे गर्ने चलन रहेको छ । यहाँका कतिपय महिलाहरू सुत्केरी भएको एक डेढ महिनापछि नै पेशा शुरू गर्ने गर्दछन् । जसको घरमा छोरीहरू छैन । तिनीहरूको परिवारले - मादल बनाउने, माछा मार्ने, मजदूरी गर्ने, जागीर खाने जस्ता काम गर्ने गर्दछन् । पेशा गर्नेले कमाएको रूपैयाँबाट केही प्रतिशत दलाललाई बुझाउनु पर्दछ ।

"मान्छेहरू यहाँ आउँछन् हामीहरू बाहिर जाँदैनौं वूलवूला मान्छेहरू यहाँ आउँछन् मोटरसाईकल, गाडी, साईकलमा । उनीहरूको इच्छाले रूपैयाँ दिने जति दिन्छन् त्यतिमै सन्तोष गर्नु पर्छ । दया गर्नेले घैरे पनि दिन्छन् जति दिए पनि हामी लिन्छौं यसैबाट जीविका चलाउनु पर्छ अर्को केही उपाय छैन ।" - वादी महिलाहरूको मनाई यस्तो छ ।

उनीहरू भन्दछन् - "२ वर्ष जति भयो यहाँ डाक्टर पनि आउँछन् । उनीहरूले नै परिवार नियोजनको साधन दिएर जान्छन् हामी घैरेले त्यही उपाय गर्छौं ।" तर उनीहरू सबैको एउटै भनाई थियो - "भविष्यमा पछि हामी बुढो भएमा यो पेशा गरेर खान सक्दैनौं । अझ केही सिप जानेका छैनौं र पढेका पनि छैनौं तसर्थ हामी सन्तान जन्माउँछौं र हामीले जन्माएको सन्तान प्रति आशावादी छौं ।" बाबुको नाम थाहा हुँदा हुँदै पनि वा उसको मेरो हैन भनी अस्वीकार गर्दा गर्दै पनि तपाईहरूलाई यी बच्चाहरूको माया लाग्छ भनी सोध्दा उनीहरू सबैले एउटै जवाफ दिए - "असाध्य माया लाग्छ नत्र भए किन यसरी हामी पेशा गरेर आफुले नखाई नखाई भिनीहरूलाई खवाउँथ्यौं ।" कहिले रू.१० पनि नहुने कहिले १००, २०० सम्म पनि आम्दानी हुने कुरो उनीहरू स्पष्ट ढंगले बताउँछन् ।

२७ वर्षीया "झ" नेपाली भन्छिन् - "मलाई विवाह गरेर आफ्नो लोग्ने, छोरा छोरीसंग बस्ने साहै रहर छ तर कुन चाहीं राम्रो व्यक्तिले हामी जस्तोसंग विवाह गर्छर ?"

२१ वर्षीया "ञ" नेपालीको ३ वर्षको एउटा बच्चा छ । अहिले पेटमा फेरी अर्को बच्चा छ । हामी केही राम्रो काम गर्छौं भन्दा पनि पुलिसहरूले दुःख दिएको कुरोको गुनासो उनी पनि गर्दछिन् ।

उनीहरूका अनुसार सोसियल अवेरनेस फर एजुकेसनका दिलीप परियार मार्फत प्रौढ शिक्षा शुरू गरिएको थियो । त्यसको उद्घाटन सि.डि.ओ.ले गरेका थिए । तर डि.आई.जी.ले बन्द गर्न लगाए । "अहिले डि.एस.पी.कहाँ पनि हामी डेलिगेसन गएका थियौं तर केही पनि वास्ता गरिएन ।" उनीहरू भन्छन् । प्रशासनले उनीहरूलाई यो ठाउँबाट आफ्नो आफ्नो घर छोडेर जाउन भन्नका लागि यसरी दुःख दिइरहेको उनीहरूको धारणा छ । "प्रशासनका केही व्यक्तिहरू साँठगाँठ गरी २, ३ लाख बराबरको सम्पत्ती २०, २५ हजार सम्म बाध्य भएर बेचुन् भन्ने चाहन्छन् ।" - वादीहरू आरोप लगाउँछन् ।

गत वर्षको अन्त्यतिर प्रहरीको कारवाही कडा भएको बेला ५ जना शिक्षकहरूलाई नजरबन्दमा राखिएको थियो । राजकुमार, गुड्डु नेपाली, राजेश नेपाली, अनिल परियार, सुनिल परियार र वादीहरूलाई सचेत तुल्याउने प्रयास गरेको अभियोगमा थुनामा परेका थिए ।

सोसियल अवेरनेश फर एजुकेसन भन्ने संस्था ०४९ पुषमा खोलिएको थियो । उक्त संस्थाले एउटा होस्टलको व्यवस्था गरेको छ । वादी समुद्रायका बच्चीहरूलाई त्यहीं बस्ने, पढ्ने व्यवस्था मिलाइएको छ । हाल उनीहरूलाई घरबाटै खाजा लैजाने गरिएको छ । तर ती नानीहरूका परिवारजनहरू निकै सन्तोषजनक जवाफ दिन्छन् - "हाम्रो भविष्य त चौपट भयो भयो यी बच्चीहरूको नहोस् भन्ने हामी चाहन्छौं । यो संस्थाले यिनीहरूलाई पढाएर हाम्रो जस्तो रद्दी वातावरणबाट टाढा राखेर जुन सहयोग गरिरहेको छ त्यो गुण हामी कहिले बिसंने छैनौं ।" बच्चीहरूसंग कुरा गर्दा उनीहरू पनि भन्छन् - "हामीलाई घर जाने मन लाग्दैन यहीं बस्न मन लाग्छ यहाँ सबैले माया गर्नु हुन्छ हामी वर्षमा १, २ दिन दशैं, तिहारका लागि मात्र घर जान्छौं ।" होस्टलमा ७ वर्षदेखि १५ वर्षसम्मका बच्चीहरू बसेका छन् । हाल १४ जना बालिकाहरू त्यहाँ रहेका छन् ।

गत वर्ष फागुन १ गते का दिन नेपालगंजमा ८ वर्षकी बच्चीलाई ४० वर्षको शेरसिंह भन्ने व्यक्तिले मिठाई खान दिई फकाएर बलात्कार गरे । यस्तो घटना यहाँ बरोबर घट्ने गर्दछ । अहिले ती बालिका पनि त्यही होस्टलमा छिन् । अवोध बालिकालाई बलात्कार गर्नेलाई समातेर प्रहरीले राम्रो गऱ्यो । तर यथोचित विकल्प विना मुडेबलका भरमा वादीहरूलाई समात्दै जिल्ला कटाउने-प्रहरीहरूको उपाय भने समस्याको जरो पहिल्याउने दिशा तर्फ अभिमूख छैन । गगनगंजबाट लखेटिएका वादी महिलाहरू अन्यत्र पनि पेशामै लाग्न बाध्य छन् । अनि "क" र "ख" जस्ता अवोध युवतीहरू चाहीं कवि श्यामलेका यी पंक्तिहरूकै आशय मौन-मौन रूपमा अभिव्यक्त गरिरहेका छन् ।-

"प्रत्येक पल्ट लाजले शिर झुकाएको प्राचीन [illegible] आउँछे
अझै नशर्माएका कायर बुद्धसंग उभिएर
समय नपुग्दै, उमेर नबितेदै म पनि बुढिँदै छु
उता कोमलताबाट हट्दै कठोर बनिरहेछन् [illegible]
यतिका मानिसहरू छन् संसारमा संवेदना छैन कि कसो ?"

जारी प्रथा–नारी स्वतन्त्रताको मार्गमा गम्भीर वाधा

– जुम्लाबाट फर्केर मञ्जु थापा –

मुलुकी ऐन अनुसार जारीको परिभाषा यस्तो छ – "अर्काकी स्वास्नी हो मन्ने जानी जानी वा सो थाहा पाउने मंनासिव कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई निजको मञ्जुरीले करणी गरेमा वा स्वास्नी बनाउन भगाई लगेमा जारी गरेको ठहर्छ ।" तर आजको प्रचलन अनुसार "जारी" शब्दलाई जारीको रकम भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ ।

"ऊ त्यो घोडी बाँधेको घरमा त एकलास्व जति ल्याए होलान् । ४/५ वटीको जारी बुझि सके । अहिले पनि त्यस घरमा बुहारी छैनन् ।" लाम्रा गाउँको एउटा घरलाई देखाउँदै एक हुल गाउँलेहरूले यस पंक्तिकारलाई बताए । साँच्चै नै त्यति परिमाणमा रकम लिएको नस्वीकारे पनि १९ वर्षीय चन्द्र बहादुर डाँगीका तीनवटी श्रीमतीहरू एक एक गर्दै उसलाई छोडेर दोश्रो ठाउँमा गइसकेको कुरा उनी स्वीकार गर्दछन् । एक वर्षको अन्तरालमा उनले भुगाएर ल्याएका माइली र साइँली पनि अर्काकै पत्नीहरू थिए ।

यसरी कुनै विवाहिता महिलाले आफूखुसी वा करकापमा परी अर्को पुरुषसंग विवाह गर्ने चलन नेपालमा जतातत्तै देखिन्छ । तापनि यसको व्यापकता र महिलाले अर्को विहे गरे वापत पहिलो लोग्नेलाई अर्को लोग्नेले जरिवाना स्वरूप जारी रकम र जिन्सी तिर्नु पर्ने चलन पश्चिम नेपालमा बढी प्रचलित छ । महिलाहरूको मूल्य तोकिने जारी प्रथामा कुनै महिलाको दोश्रो, तेश्रो, चौथो विहेसंगै क्रमशः मूल्य घट्दै जान्छ । जारी तिर्न नसक्नेले जोई पनि ल्याउँदैन भन्ने जुम्लामा प्रचलित भनाइले वास्तवमा सिङ्गो कर्णाली क्षेत्रको मानसिकताको झल्को दिन्छ । भेरी, सेती र महाकालीका अन्य केही जिल्लाहरूमा पनि जारी प्रथाले जरो गाडिसकेको छ ।

शिक्षा, सुविधा र संचारको अभाव भएका दुर्गम ठाउँहरूमा नै यस प्रथाको व्यापकता देखिनुले जनताको असचेत अवस्था नै जारी प्रथाका निम्ति पनि राम्रो आधार भएको पुष्टी हुन्छ । विवाह व्यक्तिको अत्यन्त नीजि र संवेदनशील पक्ष हुँदाहुँदै पनि महिलाहरू अरू कुराहरूमा जस्तै यसमा पनि आफूखुसी निर्णय गर्न हाम्रो सम्पूर्ण समाजमा नै स्वतन्त्र छैनन् । जारी प्रथाको बाहुल्य भएको क्षेत्रमा नारी स्वतन्त्रताको झन ठाडो उल्लंघन भएको छ । यसरी असचेत जनताका बीचमा पनि सांस्कृतिक रूपले महिलाहरू थप उत्पीडित हुनु परेको एउटा प्रमाण यो प्रथा आफैं हो ।

नेपालमा जारी प्रथाको शुरुवात शताब्दीयौं अघिदेखि भएको हो । जैपनि शमाकाल पस प्रथाको उत्कर्ष अवधि रहयो । "साधुले वा पहिलो लोग्नेले जार वा नयाँ लोग्नेलाई काटून पनि पाउने कानूनी प्रावधान रहेको त्यसवेला पहिलो पति आयो भन्ने थाहा पाएपछि महिलाको नयाँ घरमा भागाभाग समेत हुने गर्दथ्यो ।" – जुम्ला निवासी ७४ वर्षीया शेरमाया बुढाथोकी आफ्नो स्मरण सुनाउँछिन् । अहिले आपसी सहमतिबाट निर्णय गरिएको रकम बुझाइसकेपछि कुनै डरत्रास हुँदैन । तर जारी प्रथा जनतालाई अनावश्यक आर्थिक भार बोकाउने एक किसिमले महिलाको बेचबिखन मराउने सामाजिक विकृति बनेर रहेको छ ।

जारी विवाहमा कानूनले बढीमा २ हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । तर व्यवहारमा ३ हजार भन्दा कम रकम जारी बुझेका घटनाहरू सायदै फेला पर्दछन् । जुम्लाको मालिकाठाटा गा.वि.स.मा नैपाली कांग्रेसबाट निर्वाचित अध्यक्षले आफ्नी बुहारी अरूले लगिदियो भनेर ४७ हजार रुपैयाँ जारी निर्णय गराउन ठूलावडालाई २ हजार घुस दिलाएको अझै एक वर्ष पनि पूरा भएको छैन । अध्ययन क्रममा अधिकांश जारी विवाहका पछाडि कानूनले स्पष्ट रूपमा संजाय गर्न नमिल्ने भनेर तोकेका अवस्थाहरू कारक रहेको फैला पऱ्यो । फेरि व्यवहारमा कानून मिचेर पनि जारी लिने दिने गरिएको पाइन्छ । लाम्रा का मान बहादुर डाँगीले आफ्ना माइली र साइँली श्रीमतीलाई आफैंले जारी गरी ल्याएका हुन् र उनीहरू फेरि अर्को ठाउँमा जाँदा पनि क्रमशः ८/८ हजार जारी बुझेको कुरा उनी आफैं बताउँछन् । प्रहरी हवल्दार समेत रहेका पहिलेका लोग्नेले सौता ल्याएर स्वान लगाउन नदिई हेला गरेको १२ वर्षपछि गत साल बाध्य भएर मालाबीरकी विष्णुमाया स्वत्रीले अर्को विहे गरिन् । तर अहिले नयाँ पति र उनको सम्पूर्ण तलव बुझाउँदा पनि जारी तिर्न लिएको २२ हजार चुक्ता गर्न सकेकी छैनन् । त्यस्तै बलिचौरकी साउनी दमाईले लोग्ने कुष्ठरोगी भएको हुँदा अर्को विहे गरेकी थिइन् भने नराकोट माइती भएकी कालिका न्यौपानेको बाह्रै वर्षको उमेरमा झुक्याएर विहे गराइएको थियो । ती दुबैले पछि अर्को विहे गरेपछि १२ र १५ हजार रकम महिला लोग्नेले जारी वापत असुल गरेका थिए एकवर्ष अघि लठेब्रोसंग झुक्याएर विहे गरिदिए पछि मस्वरै अर्को विहे गरेकी नानीबाबु क्षेत्रीका हालका लोग्नेले २५ हजार जारी तिर्नु परेको अझै

सतहमा देखिएका कुरा

२ महिना पनि पूरा भएको छैना ती महिलाहरूले अर्को विहे गर्नु परेका यी अवस्थाहरू कानूनी रूपमा जरिवाना गर्न नसकिने किसिमका छन्। तर जनस्तरमा कानूनी व्यवस्थाको ज्ञान नभएको र कानूनी व्यवस्थाका बारेमा जानकारी राख्ने नेतृत्व तहका व्यक्तिहरू स्वयं जारी रकम असुल्ने कुरामा मध्यस्थकर्ता हुने गरेकाले कानून यहाँ प्रभावहीन बन्न पुगेको छ। जारी विहेमा अधिकांशत साधु र जार पक्षका गाउँका "ठूलावडा र भलादमीहरू" ले नै जारीको रकम निर्णय गर्ने गरेको देखिन्छ। साहै कम घटनाहरूमा मात्रै सम्बन्धित दुई पक्ष मात्र बसेर रकमको टुङ्गो लगाउने गर्दछन्। गाउँका भलादमी भनिने मध्यस्थकर्तालाई जारीको रकम निर्णय गर्दा "पञ्चवली" भनेर स्पष्ट भाग छुट्याउने गरिन्छ। पत्तचवलीका रूपमा अनिवार्यत एउटा खसी र केही नगद छुट्याउनु पर्दछ। सौदावाजीमा कहिलेकाँही दुवै पक्षका मध्यस्थकर्ताहरू मिलेर साधुलाई समेत ठगी बढी रकम लिने गरेको कुरा कार्तिक स्वामीका पदमराज खत्री बताउँदछन्।

"कतै पित्तलको गहनालाई सुनको भनेर पनि बढी जारी रकम असुल्ने गरिन्छ। कहिले भगाएर लगेकी स्वास्नीको विहेमा पनि खर्च लाग्यो भनेर लिइन्छ। तर जारी माग्नेले यसरी झुठ बोल्दा पनि गाउँका "भलादमीहरू" ले उनीहरूकै पक्ष लिन्छन्। र अर्को पक्षलाई सो रकम तिर्न दवाव दिन्छन्। किनकी त्यसो गर्दा उनीहरूलाई पनि केही आइहाल्छ। यसरी मान्छेहरू जारी प्रथा हटाउन पनि चाहदैनन्।" श्रीमती बुढाथोकीको ५० वर्षे जुम्ला बसाइको यो अनुभवले जारी प्रथा टिकाउन केही टाठाबाठाहरूको निहीत स्वार्थ कति जिम्मेवार छ भन्ने तथ्यलाई प्रष्ट गरिदिन्छ।

"इण्डिया गएको लोग्नेलाई २-४ वर्ष कुर्न नसकेर अर्को लोग्ने खोजी हिड्ने आइमाईहरूले नै जारीको चलनलाई बढाएका छन्।" आफूले लगभग व्यवसाय जस्तै गरेर धेरै पटक जारी बुझेको प्रसङ्गलाई लुकाउन चाहने चन्द्र डाँगीका बाबुको यो आरोपको पुष्टि हुन सकेको देखिएन। किनभने "लोग्ने फेर्दै हिड्न कसलाई राम्रो लाग्छ र म त सौता व्यहोर्न पनि तैयार भएकी हुँ। तर लोग्ने र सौता दुबै मिलेर अत्याचार गरेपछि अर्को विहे गर्नु पर्यो।" भन्ने बेलकोशा शाहीको अवस्था जस्तै निश्चित कारणहरूले नै महिलालाई दोश्रो विहे गर्न उत्प्रेरित गर्दछन्।

विवाह, दाम्पत्य जीवन र यौन सम्बन्ध वारेमा कुनै चासो र जानकारी नहुँदै अभिभावकका इच्छा अनुसार केटाकेटीको बालविवाह गरिदिने, श्रम शोषणको चाहनाले अनमेल उमेर र जीउडालका केटाकेटीको विहे गराइदिने, जवर्जस्ती विहे गराउने आदि गर्दा उनीहरू समझदार र आत्मनिर्णय गर्न सक्ने भएपछि पहिलेका सम्बन्धहरू टुट्ने गरेको भेटियो। त्यस्तै २२ बर्षिया श्रीमती उमकली न्यौपाने, पुन्चा कामीले जस्तै लोग्ने, सासू, अमाजू वा घरका अन्य सदस्यहरूको बुहार्तन र यातना स्वप्न नसकेर अर्को विहे गर्नु पर्ने बाध्यता भएका महिलाहरू पनि प्रशस्त छन्। विहे हुने वित्तिकै विदेश गएर कुनै खवर नपठाउने लोग्नेको अनिश्चिततालाई कुर्दै जिन्दगी वर्वाद गर्नु उचित

जारी प्रथाबाट प्रभावित जुम्लाका केही महिलाहरू

(१) श्रीमती कालिका न्यौपाने (२४)
कार्तिकस्वामी गा.वि.स. माइती- सिंजा
नराकोट

अशिक्षित श्रीमती न्यौपानेको पहिलो विहे १२ वर्षको उमेरमा आफू भन्दा उमेर र जीउ ज्यानमा पनि सानो केटासंग भएको थियो। काम गर्दै गर्दा पनि सासूले निकै कुट्ने, दुःख दिने गर्थिन्। पछि अलि ठूली भएपछि लोग्नेले पनि बुढी भई भनेर हेप्ने, घृणा गर्ने, काम गरेको देखे थुक्ने, गिज्याउने गर्न थाल्यो। यसरी लोग्नेले नै हेला गर्न थालेपछि मन भाँचियो र उनी माइति गएर करिव ५-६ वर्ष बसिन्। पछि मन मिल्दो मान्छे पाएकोले उनले अर्को कुमार केटासंग विहा गरिन्। नयाँ पति वामपन्थी बिचारका थिए। उनले जारी तिर्न मानेका थिएनन् र विहेमा पनि त्यति खर्च भएन। तर रातदिन उनको पहिलेको लोग्नेले कालिकाको माइतिलाई हप्काउने, धम्काउने गरे। त्यो सन्त्रासको स्थितिबाट मुक्त हुन कालिकाको नयाँ पतिले १० हजारको घोडा र जगद ५ हजार जारी तिरे। हाल कालिका माधव राज न्यौपानेका साथ ६ जनाको परिवार बीच जीवन निर्वाह गरिरहेकी छन्।

(२) श्रीमती विष्णुमाया खत्री (२६)
चन्दननाथ गा.वि.स. मालाविर

साक्षर श्रीमती खत्रीको पहिलो विहे १४ वर्षको उमेरमा भएको थियो। विवाहको भएको केही वर्ष पश्चात नै उनको एउटा छोरो पनि जन्म्यो। बच्चा नजन्मिउन्जेल खत्रीका पति उनीसंग राम्रै व्यवहार गर्दथे। तर उनी शारीरिक रूपले केही दुर्वल हुने वित्तिकै उनका तत्कालीन प्रहरी हवल्दार पतिले सौता ल्याए। उनको त्यस बेलाका लोग्ने उनी भन्दा लगभग १४ बर्ष कान्छा थिए।

हवल्दार पतिबाट परितक्त्य भएकी खत्री करिव ११ बर्ष जति उनी माइतमै बसिन् र त्यहींबाट जागिर गर्न थालिन्। त्यहीं काम गर्ने क्रममा सोही अफिसमा काम गर्ने मान बहादुर खत्रीसंग उनले २०४८ माघमा अर्को विहे गरिन्। मान बहादुरले २०४९ साउनमा उनको पहिलेका पतिलाई २२ हजार नगद तिर्नु पर्यो। उनको पहिलेको छोरा अहिले उनकै माइतिमा नै छ। अहिलेको पति पनि उनी भन्दा करिव ४ बर्ष कान्छा छन्। उनका नयाँ पति मान बहादुरका जेठी पत्नी र उनीबाट जन्मिएका दुई बच्चाहरू छन्। कर्णाली प्राविधिक विद्यालयकी पियन श्रीमती खत्री बताउँछिन् - "पतिको व्यवहार अति नै राम्रो छ। खेतीबाट खान पुग्ने अवस्था छ।"

(३) श्रीमति बेलकोशा शाही (२३)
कार्तिक स्वामी गा.वि.स. वारकोटेवाडा

अशिक्षित बेलकोशाको पहिलो विहे ९ वर्षकै उमेरमा भएको थियो। सानी हुनाले काम गर्न नसकेर उनी माइतमा बस्ने र कहिलेकाँही घर आउने जाने गर्न थालिन्। यसै बीच उनको लोग्नेले अर्को सौता ल्याए। तापनि उनी घर गर्छु भनेर त्यही गइन् तर लोग्ने र सौता दुवैजना मिलेर उनीमाथि दुर्व्यवहार गर्न थाले। उनको लोग्नेले आशिको चुच्चोले हिर्काएर बनाएको घाउको दाग अझै पनि छ। चरम अत्याचार सहन नसकेर उनले १९ वर्षको उमेरमा आज भन्दा ४ वर्ष अघि अर्को ठाउँमा विहे गरिन्। त्यसै साल उनको पछिल्ला पतिले १० हजार नगद र एउटा खसी जारीमा तिर्नु पर्यो। "अहिलेको घरमा पति लगायत सबैको व्यवहार राम्रो छ। तर कुटपिट र देउताको डरले गर्दा जारी तिरेका हौं।" - उनी भन्दछिन्।

(४) उमकली सार्की (२२)
चन्दननाथ गा.वि.स. सिंहचौर

अशिक्षित उमकलीलाई उनका अभिभावकले १४ वर्षकै उमेरमा झुक्याएर विहे गरिदिएका थिए। तर त्यसपछि उनले १ वर्ष जति मात्र घरमा निर्वाह गर्न सकिन्। घरबाट निस्किएपछि उनी २ वर्ष जति माइतमै बसिन्। उनले लोग्नेको अत्याचार सहन नसकी घरलाई त्यागेकी थिइन्। "नयाँ ठाउँमा विहे गरेको ६ वर्ष भयो र जारी तिरेको ५ वर्ष। नगद ९ हजार जारी तिर्नु पर्यो। रकम निर्णय गर्ने ठुलावडाहरूले छुट्टै १२ सय खाए।" हाल लाल बहादुर सार्कीकी पत्नी भएर रहेकी उमकली बताउँछिन्। अहिलेको घरमा काम गर्नु पर्छ तर मानसिक सन्तुष्टी छ भन्ने उमकली आफ्नो परिवारको आर्थिक अवस्था भने कमजोर भएको बताउँछिन्।

सतहमा देखिएका कुरा

नलागेर पनि टीउकी सार्की, मुन्दरी कामी जस्ता अनगिन्ती महिलाहरूले अर्को विवाह गरेका छन् । यसरी अधिकांश घटनाहरूमा तुलनात्मक रूपले सुखी जिन्दगी र निश्चितताको खोजीमा नै महिलाहरूले पहिलो लोग्ने छोड्ने गरेको देखियो । तर अरूको उत्साहटमा लागेर पहिलो घर छाडेको कुरा स्वीकार गर्ने मनभुजा दमाःका जस्ता एकाध घटनाहरू पनि छँदैछन् ।

कहिलेकाहीं युवायुवतीहरूबीच राती गीत गाउने वा रमाइलो गर्ने क्रममै भएका सम्बन्धहरूबाट पनि जारी विवाह हुने गर्दछ । "यस्तो चलन त साहै गलत हो । माइतीको दाइजो पनि तिनकै घरमा छ । आफूलाई चाहिने जीवन विताउने घर एकातिर छ । अर्कातिर धन तिर्नु के राम्रो हुन्थ्यो ।" - टीउकीले व्यक्त गरेको यो भावनाले जारी प्रथा विरूद्ध यहाँका आइमाईहरूको प्रकट हुन नसकेको आक्रोश तर्फ संकेत गर्दछ । "पैसा तिरेर श्रीमती किने जस्तो भयो, तर के गर्ने चलि आएको परम्परा तोड्न साथ नपाएर हिम्मत आएन ।" - नानी बाबुलाई विहे गरेकोमा भस्वैरै जारी तिर्ने मारमा परेका दत्तबहादुर क्षेत्रीको भनाई यस्तो छ ।

"२२ हजारको माने नै छैन, त्यसले मेरो यत्रो रूपियाँ लियो । उसको घरमा दुःख दिएकोले टिक्न नसकेर अर्को ठाउँ खोजेर जानु छ, अझ उल्टै त्यसलाई पैसा तिर्नु पर्ने चलन राम्रो त हुँदै होइन ।" आक्रोशित विष्णु मायाका यी भनाइहरू वास्तवमा जारी पिडीत सम्पूर्ण महिलाहरूको प्रतिनिधी अभिव्यक्ति हो । यसरी जारीको रकमलाई यहाँका मानिसले पनि अनावश्यक र बेकार लगानी हो भन्ने सोच्न थालेका छन् । तर फेरी पनि जारी लिनेदिने चलनले निरन्तरता भने पाइरहेकै छ । जारी बुझाउन लिएको ऋणका कारण कतिका घरवारी अझै पनि साहुकहाँ बन्धकमा परेका छन् र पर्दैछन् । जारी तिर्न सम्पूर्ण सम्पति साहुको जिम्मा लगाएर विदेशिएका थुप्रै युवाहरू अझै फर्कन सकेका न् ।

अध्ययनको सिलसिलामा भेटिएका मध्ये कुनै पनि व्यक्तिले जारी प्रथा ठीक भनेको सुनिएन तर "आफूलाई पर्दा लिई छोड्दछन्, त्यसैले मैले पनि छाड्ने कुरा भएन" भन्ने झिनो तर्क भने धेरैले अघि सारेको पाइयो । मान बहादुर डाँगीले पनि तीन वटी स्वास्नीको जारी बुझेको तथ्यलाई औचित्यपूर्ण बनाउन कोशिश गरे । जुम्लामा प्रचलित जारी तिरेन भने पहिलो लोग्नेले देउता छुन्छ र पछिल्लो घरजममा धनजनको नोक्सानी हुन्छ भन्ने परम्परागत विश्वासले गर्दा पनि धरैजसोले जारी तिर्ने गरेका छन् । तर चल्ली महतले दुःखी हुँदै बताए - "जारी तिरेर पनि मलाई देउता लाग्यो । मेरा चारजना छोरा छोरी मरे ।"

"मेरा माइतीले कोसेली समेत खाया छैनन् । एउटा कलश राखेर कानाकौडी खर्च नगरी विहे गऱ्या हो । जारी भने लिइ छाड्यो" - कालिका न्यौपाने यसो भन्छिन् । उनलाई जारी तिर्ने मन पनि थिएन । तर नजिक रहेका माइतीलाई सधैं धम्क्याउने तर्साउने गर्दा त्यो मानसिक सन्त्रासबाट मुक्त हुन उनीहरूले जारी तिरे । "जारी बुझाएन भने बाटो बाटोमा ढुकेर बस्ने, धम्क्याउने, फेला पारे कुट्ने पनि गर्छन् । काममा वा आफन्तकहाँ कतै जान पनि सकिदैन र जतिखेर पनि डरै डरमा बस्नु पर्छ । सधैं

(६) टीउकी सार्की (२५)
(प्रौढ कक्षा पढ्दै) चन्दननाथ ९ सिंहचौर

आयश्रोत भरपर्दो छैन । अशिक्षित टीउकीको विहे १२ वर्षकै उमेरमा भएको थियो । विवाह भएको तत्कालै भारत तर्फ लागेका पति २ वर्षसम्म पनि नफर्किए पश्चात उनी माइतीतिर लागिन् । ५ वर्षसम्म माइतमा बस्दा पनि उनको लोग्ने नआएकपछि टीउकीले अर्को ठाउँमा विहे गरेकी थिइन् । "जारी तिरेको ७ वर्ष भइसक्यो । त्यतिबेला नगद १३ हजार तिर्नु परेको थियो । बचत केही थिएन ऋन खोजेर तिरेका थियौं ।" हाल प्रौढ कक्षाकी छात्रा बनेकी टीउकी बताउँछिन् । उनी अहिलेको घरमा राम्रो सम्बन्ध रहेको दावी गर्दछिन् ।

(७) साउनी दमाइ (४६)
चन्दननाथ गा.वि.स. तलिचौर १.

अशिक्षित साउनीका पछिल्ला पति सूर्यमणी दमाइले उनको विवाह पश्चात आजसम्म ३२ वर्ष अघि १२ हजार रूपैया जारी तिरेका थिए । पहिलेका पतिलाई कुष्ठरोग भएपछि साउनी विवाह भएको २ वर्ष बसेपछि घर त्याग गरेकी थिइन् । उनी लुगा सिएर जीवीकोपार्जन गर्ने अहिलेको पतिको व्यवहार राम्रो भएको बताउँछिन् ।

(७) पुन्चा कामी (३६)

अशिक्षित पुन्चाको विवाह १४ वर्षकै उमेरमा भएको थियो । सासू र पतिको दुर्व्यवहार सहन नसकी विवाह गरेको २ वर्ष पछि नै अर्को विहे गरेको कुरा बताउने पुन्चा भन्दछिन् - "ज्यामी काम गरेर १ हजार जारी तिरेका थियौं ।" हाल अमृत कामीकी पत्नी भएर रहेकी पुन्चा बताउँछिन् - "खेतीले खान पुग्ने अवस्था छैन ।"

(८) नानीबाबु क्षेत्री (१९)
लामरा गा.वि.स.

अशिक्षित नानीबाबुका अभिभावकले उनको विवाह पोहर साल लठेब्बोसंग झुक्याएर गरिदिएका थिए । हाल दत्त बहादुर क्षेत्रीकी पत्नी भएर रहेकी नानीबाबु भन्दछिन् - "विवाह भएपछि एकपटक मात्रै घर गएकी थिएँ । दोश्रो विहे गरेको गत माघको पहिलो हप्तामा मात्रै हो र त्यसपछि लगभग २० हजार जारी तिर्नु पऱ्यो ।"

(९) मनु सार्की
सिंहचौर

पहिलो लोग्ने विदेश गएकोले अर्को विवाह गरेको कुरा बताउने मनुका पछिल्ला पतिले १५०० जारी तिर्नु परेको थियो ।

(१०) चौदशी सार्की (४६)
महत गा.वि.स.

निरक्षर चौदशीको पहिलो विवाह १२ वर्षकै उमेरमा भएको थियो । हाल पूर्ण बहादुर महतकी पत्नी भएर रहेकी चौदशी बताउँछिन् - पहिलो पतिको घरमा २ वर्ष मात्र बसें । अर्को ठाउँमा गएपछि नगद १४०० तिर्नु पऱ्यो ।"

(१२) सत्यादेवी स्त्री (२४)
कार्तिकस्वामी गा.वि.स.

सत्यादेवीले अर्को विवाह गरेपछि उनका नयाँ पतिले १० हजार जारी तिर्नु परेको थियो ।

(१३) कुहिरी सार्की

सिंहचौर, निरक्षर कुहिरीका पहिलो पतिले सीता ल्याएपछि उनले दोश्रो विहे गरेकी थिइन् । कुहिरीको पहिलो विवाह १२ वर्षकै उमेरमा भएको थियो र घर छोडेको ११ वर्षपछि उनले दोश्रो विवाह गरेकी थिइन् । अर्को विवाह गरेपछि उनका नयाँ पतिले १५ हजार जारी तिर्नु परेको थियो ।

(१४) कुहिरी स्त्री (३०)

कुहिरी बताउँछिन् - "उनको पछिल्लो पतिले १५ हजार जारी तिर्नुपरेको थियो ।"

रमसी साँदै नयाँ घरमा आएर हल्ला गरिदिंदा घरका मानिसलाई पनि शान्ति हुँदैनथ्यो र गाउँका अरूलाई पनि झन्झट हुने हुँदा बाध्य भएर रुपियाँ पनि तिरें।" – उनी भन्छन्। यथार्थमा सहाँ कुटपिट गरेर डरत्रास देखाएर भए पनि जारी असुल गरी छाड्ने चलन छ। [illegible] देउता लाग्ने अन्धविश्वास र डरत्रास आदिबाट नडराउने शिक्षित युवाहरूले प्रतिष्ठा वा इज्जत गुम्ने डरले जारी तिर्ने गरेको देखियो। "फलानाले जारी पनि तिर्न सकेन भनेर बेइज्जती हुने पीका दिनु राम्रो लागेन र ९ हजार बुझाएँ।" – बदमराज स्वत्री बताउँछन्।

यसरी प्रचलित गलत संस्कारसंग जुध्न यहाँ अहिलेसम्म कुनै तह र तप्काका जनताले पहल गरेका छैनन्। चलि आएको छ र चल्दै जान्छ भन्ने सहज मान्यतामा हुर्किएको यो प्रथा हटाउन कसैले कुनै ठोस अभियान चाल्न सकेको छैन। "तर विभिन्न आमसभाहरूमा राजनेताहरूले यस प्रथालाई गलत हो भनेर भाषण भने गर्दै आएका छन्।" – जुम्ला निवासी नेपाल मजदूर किसान पार्टीका केन्द्रीय सदस्य रामकृष्ण बुढाथोकी भन्दछन्। महत गा.वि.स. का अध्यक्षका अनुसार उक्त प्रथा नराम्रो हो भनेर जान्दा जान्दै पनि विरोध गर्ने तर्फ लाग्न त्यति सजिलो छैन। यति व्यापक प्रथाका विरुद्ध संगठित रूपले लागिहाल्ने मनस्थितिमा बहाँहरू हुनुहुन्न।

बड्की गा.वि.स. का नेपाली कांग्रेसका तर्फबाट निर्वाचित अध्यक्ष लड्डू ब. शाहीको पनि यस्तै भनाइलाई ध्यान दिंदा कुनै राजनीतिक संगठन र जनप्रतिनिधि पनि दीर्घकालिन दूरदर्शितालाई निम्त्याएर जारी प्रथा हटाउनेतर्फ गम्भीर भएको देखिएन। कसैले पनि जिम्मेवारी बोध गरेको भेटिएन। तर हाम्रो जिन्दगी यत्तिकै बिते पनि पछिल्लो पुस्ताले त मुक्ति पाउला, जारी प्रथा हटाउने पर्छ भन्ने समाजसेवीहरू पनि यहाँ नदेखिएका भने होलान्। सिता महत पनि त्यस्तै समाजसेवी हुन्।

व्यक्तिको मानसिकता र संस्कारसंग बढी नजिक रहेर प्रत्यक्षतः आर्थिक अवस्थामा असर पुऱ्याउने यस प्रथाको उन्मूलनको प्रश्न पनि यो हरसम्म व्यक्तिको विचारसंग जोडिएको छ। तसर्थ विभिन्न सम्पालिकाको कुनै कार्यक्रम मात्र यस प्रथाको उन्मूलनका लागि पर्याप्त हुँदैन। जनतामा सुसंस्कृत चेतनाको विकास गराउने किसिमका प्रयत्नहरू निरन्तर गरिनु पर्दछ।

एउटा साँग्रिला

जहाँ मान्छेको मुखमा ताल्चा मारिएको छ



"भूटानमा भइरहेको मानवअधिकार उल्लंघनको परिमाण बर्मा र बोस्नीयाको भन्दा रत्तिभर कम छैन।" – एशोसिएसन अफ ह्युमन राइट्स एक्टिभिट्स – आहुरा भूटानद्वारा प्रकाशित भूटानी सत्ताको ज्यादतीको ज्यूँदो तस्वीर उतार्ने पुस्तक – भूटान ए साँग्रिला वीदाउट ह्युमन राइट्सको पहिलो पंक्ति यस्तो छ।

भूटानी राजनीतिक अधिकारका साथै मानवअधिकार बहाली आन्दोलनका बारेमा प्रकाशित सबभन्दा पछिल्लो तर प्रामाणिक उक्त पुस्तकका १५६ पृष्ठहरूमा समाहित तथ्यहरू जिग्मेका ज्यादतिको बारेम बताउन पर्याप्त छन्।

"भूटान जस्तो अति सानो मुलुकलाई विभाजित तुल्याउन असंभव छ। त्यसैले हामीले धेरै वर्षसम्म दक्षिणी भूटानका जनतालाई आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक रूपमा मूलधारमा ल्याउने प्रयत्न गऱ्यौं। एक राष्ट्र एक जनताको सोच भूटानको अस्तित्वका लागि अत्यावश्यक छ।" कलकत्ताको सण्डे म्यागेजिनमा १९९० अक्टोबर नोभेम्बरमा प्रकाशित राजा जिग्मेको अन्तरवार्ताबाट प्रस्तुत अंश उधृत गरी आहुराले भूटानी आन्दोलनको अपरिहार्यता दर्शाएको छ।

भूटानका सुरक्षाकर्मीहरूद्वारा दिइने यातनाहरूमध्ये पाँच थरिका यातनाहरूको सचित्र व्याख्या गरिएको उक्त पुस्तकमा सन् ९३ को ३ मईसम्म भूटानभित्र रहेका दुई सय जनाको नाम ठेगाना र गिरफ्तार मिति पनि उल्लेख गरिएको छ। सन् ९० देखि ९१ सम्म भूटानभित्र हिरासतमा मारिएका ४९ जनाको नाम ठेगाना र मृत्युको मिति समेत पुस्तकमा उलल्लेख गरिएको छ। त्यसै आन्दोलनकै क्रममा भूटानी सुरक्षाकर्मीद्वारा बलात्कार गरी मारिएका आठ जनाको नाम ठेगाना पनि पुस्तकमा उल्लेखित छ। पुसतकमा एम्नेष्टी इन्टरनेशनलद्वारा सन् ९० र १९९१ मा तयार पारिएको भूटान सम्बन्धी प्रतिवेदन पनि समाविष्ट गरिएको छ। भूटानी शरणार्थीहरूको नेपालका विभिन्न भागमा रहेको संख्या सन् ९२ देखि उनीहरूको नेपाल प्रवेशको चापको चार्ट आदि समावेश गरी पुस्तकलाई निकै सूचनामूलक बनाइएको छ।

भूटानको संक्षिप्त इतिहास, राजनीतिक इतिहास र दक्षिणी भूटानका जनतामाथिको ज्यादतिको सुरूवात सम्बन्धी सरल वर्णन समाहित प्रस्तुत पुस्तकमा राष्ट्रिय सभामा १९७३ मा ल्याइउको गो र कीराको अनिवार्यता सम्बन्धी निर्णय जस्ता कुराहरू देखि नेपाल र भूटानको पुरानो सम्बन्धका बारेमा समेत लेखिएको छ। भारतीय र भारतलाई औपनिवेश बनाउने बेलाइतीहरूको भूटान प्रतिको दृष्टिकोण समेतका बारेमा उल्लेख गरिएको छ।

१९८८ को ९ अप्रिलमा टेकनाथ रिजाल र विधापति मण्डारीद्वारा राजामा चढाइएको परिवर्तनकामी निवेदनलाई चौथो अनुच्छेदमा समावेश गरिएको छ। आधुनिक भूटानमा आन्दोलनको सूत्रपात गर्ने उक्त निवेदनका साथै पुस्तकमा टेकनाथ रिजालको "पेन-पोट्रेट" पनि राखिएको छ।

पुस्तकको अनुसूची १, २ र ३ मा आन्दोलनको विउ छर्ने भूटानको नागरिकता सम्बन्धी कानून – १९५८, नागरिकता सम्बन्धी संशोधित कानून – १९५८, नागरिकता सम्बन्धी कानून – १९८५ समावेश गरिउका छन् भने अनुसूची ४ मा भूटानी कानून छापिएको छ।

पुस्तकमा आहुरा भूटानले भूटानी सरकारसमक्ष आफ्ना १२ सूत्रीय मागहरू प्रस्तुत गरको छ। दक्षिणी भूटानबाट सैनिक कानून हटाइनु पर्ने भूटानबाट निकालिएका सबै नागरिकलाई फिर्ता गरिनु पर्ने र सबै राजबन्दीहरू रिहा गरिनु पर्ने देखि संसदको व्यवस्था हुनु पर्ने, एक राष्ट्र एकथरिका मानिसको नीतिको अन्त्य गरिनु पर्ने, लिखित संविधानको व्यवस्था हुनु पर्ने स्वतन्त्र न्यायपालिकाको व्यवस्था हुनु पर्ने नागरिकता सम्बन्धी कानून र तथ्यांक नीति सम्बन्धमा पूरै समीक्षा हुनु पर्ने र भूटानी जनतालाई संयुक्त राष्ट्रको घोषणा पत्र अनुसार राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा नागरिक अधिकारहरू प्रदान गरिनु पर्ने सम्मका मागहरू आहुराले अघि सारेको छ। समष्टिमा, पुस्तक पठनीय मात्र होइन संग्रहणीय छ। पुस्तक अनुसार मूल्य रू २०० ठीकै हो।

कलहको झर्रो यथार्थ सलह

- राजव -

आफ्नू घरको माता बाहेक हिन्दूहरूको अन्य धेरै माताहरू छन् । यहाँ ती सबै माताहरूको नाम लिएर साह्रै छैन । मलाई पनि केही प्रचलित माताहरूको मात्र नाम कंठ छ । ती मध्ये पनि केहीको मात्र यहाँ नाम लिए पुग्ला । किनभने हाल ती नै धेरै पूज्य माताहरू हुन जसमाथि हिन्दूहरूको धेरै गुण छ ।

दुर्गामाता, लक्ष्मीमाता, सरस्वतीमाता, पार्वतीमाता, संतोषीमाता आदि मैले जानेका माताहरूका नाम हुन् । यी माताहरूको अन्य सहस्र उपनाम पनि छन् । तर मलाई उपनाम थाहा नभएको संतोषी माताको मात्र हो र यहाँ मैले भजन गाउन खोजेको पनि उनै माताको हो । किनभने उनै माताको भजनले गर्दा अल्लाह परवरदिगारको निन्द्रा केही दिन अगाडि कतै बिथोलिएको थियो ।

"कतै भन्या कहाँको ?"

"जहाँको भए पनि अल्लाह परवरदिगार त एउटै हुनुहुन्छ" मैले भने ।

"तै पनि कहाँको ?" अदृश्य मियाँले फेरि सोध्नु भयो ।

मैले भने -

"मस्जिदको"

"अल्लाह थोडै मस्जिदमा बस्नु हुन्छ, वहाँ त तपाईको राम जस्तै जतातते बस्नु हुन्छ, वहाँ कहिल्यै निदाउनु हुन्न, सधैं जाग्रत भएर यो संसार चलाउनु हुन्छ, त्यसकारण वहाँको निन्द्रा विथोलियो भन्ने कुरै फिजुलको हो ।"

अदृश्य मियाँको कुरो सुनेर म अलमलिएँ । त्यसो भए सन्तोषीमाताको भजनले कसको निन्द्रा विथोलियो त ? निन्द्रा नविथोली झगडा अवश्य भएन । झगडा नभै त्यसै हल्ला भएको हैन । हल्ला नभै त्यसै दङ्गा फैलिएन । एकदम अलमलिएर मैले अदृश्य मियाँसंग सोधें -

"मस्जिदमा अल्लाह बाहेक अरू को हुन्छ ?"

"मौलवी बस्नु हुन्छ, नमाज पढ्ने हामी जस्ता हुन्छन् ....."

"तिनीहरू त्यहाँ तास खेल्छन् कि भोज खान्छन् ....."

"न SS न ..... न ..... नमाज पढ्छन् .... अल्लाहको, भगवानको ध्यान गर्छन् ...."

"अनि भगवानको ध्यान गर्नेलाई भगवानको भजनले के डिस्टर्व त ? तपाईहरूले पनि ध्यान अल्लाहतिरै लगाएको भए हुन्थ्यो ... सन्तोषी माताजीको

भजनतिर किन लगाएको त ?"

"अरे ध्यान गर्न एकान्त शान्त चाहिन्छ नि हजुर ..."

"सन्तोषीमाताको भजन नबजाएर "मैने प्यार किया" को गीत बजाएको भए एकान्त शान्त हुन्थ्यो कि ? डिस्टर्व हुँदैनथ्यो कि ?"

अदृश्य मियाँले अनुहारमा लज्जा तुहाएर भन्नु भयो -

"हैन सो हैन हजुर ..."

"सो हैन भने हिजो अस्तिन त्यसले "मैले प्यार किया" "साजन" "सडक" "दिल" आदिको क्यासेट खुब घन्काउँथ्यो केही भन्नु भएन, आनन्द मानेर नमाज पढ्नु भयो तर आज सन्तोषीमाताको भजनले विच्कनु भयो किन नि ... ?"

"न ... न न न .. हजुर नमाजमा वाधा भएरै हो ..."

"यसरी वाधा हुनेले मस्जिद जंगलतिरै बनाए हुन्थ्यो कि ... ?" मैले सुझाव जाहेर गरें । वहाँ स्याल झैं मुस्काउनु भयो । कुटिल हुनु भएको हुँदा ठुस्कनु चाहिं भएन ।

कुरोको इतिहास बुझ्दा त्यस दिन झगडा अदृश्य हिन्दूले गर्दा नै शुरू भएको रहेछ । वास्तवमा उसले क्यासेट सन्तोषीमाताको नभएर "दिल" "साजन" "घायल" "कान्छी" र "झुमा" को बजाएको भए रोमाण्टिक धारामा भक्तहरू नमाज पढ्थे । यो मेरो अन्दाज हो । जसको जवाफ मैले माथि पाइसकें ।

यसरी सरसर्ती हेर्दा झगडाको बिउ अदृश्य हिन्दूको नै हो भन्ने प्रमाणित हुन्छ । त्यसकारण उसंग सोधें -

"तपाईले क्यासेट "झुमा" वा "साजन" वा "दिल" को सुनेको भए हुन्थ्यो, किन सन्तोषीमाताको सुनेको ? त्यस किसिमको क्यासेटको स्वरले अर्काको धार्मिक कानमा विझ्छ भन्ने तपाईलाई थाहा थिएन ... ?"

"मैले पनि त धर्म गर्नु पर्‍यो हजुर ...." अदृश्य हिन्दूले जवाफ दियो ।

"क्यासेट सुनेर .... ?" मैले सोधें ।

"सो त मेरी श्रीमतीको इच्छा थियो हजुर ...."

"श्रीमतीको इच्छामा मस्जिदलाई डिस्टर्व गर्न, अर्काको धार्मिक भावना विच्काउन पाइन्छ ?"

"त्यसो हैन हजुर, मैले आफ्नू कोठामा बजाएको थिएँ, उनले नसुने मैहाल्थ्यो ...."

"ठीक छ, तर पितृको कानको जाली पनि फुट्ने गरी किन त्यसरी बजाउनु भएको त ... ?"

अदृश्य हिन्दूले पनि यसको जवाफ दिनु भएन । दुबै तर्फको जवाफ मौन भएपछि मैले कलहको झर्रो यथार्थ बुझें । र मलाई खल्लो लाग्यो । लाग्ने नै भयो । किनभने धर्मिक कलह अन्य कलह जस्तो हुँदैन । यो सलह जस्तो झेलिन्छ । र सलह कस्तो हुन्छ र यसले के काम गर्छ भन्ने जान्न पंछी वा किट विज्ञानी वा अन्य यसै धाराका ज्ञानीसंग सोध्नु पर्छ । त्यसकारण त्यसै गर्नु होला ।

अब भने बुझ्नै पर्छ मानवअधिकार

"प्रजातन्त्र आयो अब बोल्न पायौ की
पार्टी-संघ र संगठन खोल्न पायौ की
एक पेट खान एक जोर लाउन तिमीले पायौ की
छैन भने तिमीमाथि भयो अत्याचार
बुझ्दै अब जानुपर्छ मानव अधिकार
अब भने बुझ्नै पर्छ मानव अधिकार"

छयालीसको जनआन्दोलनको एउटा मूल नारा देशमा मानवअधिकारको स्थापना थियो । र आज हामीले मानवअधिकारको स्पष्ट प्रत्याभूति गरिएको संविधान एवं प्रजातान्त्रिक शासन प्रणाली पाएका छौं । तर ख्याल गर्नु पर्ने कुरो के छ भने मानवअधिकार जनताको चेतनासंग प्रत्यक्ष रूपले सम्बन्धित बिषय हो । जनताको चेतना एउटा खास तहमा नपुगुन्जेल कागजमा दिइएको मानवअधिकार व्यवहारमा अनुवाद हुन सक्दैन ।

मानवअधिकार हाम्रो नैसर्गिक अधिकार हो र यो अधिकार विना हामी मानवोचित जीवन यापन गर्न सक्दैनौं । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जनतालाई यही कुरा बुझाउने अभियानमा लागेको छ । र इन्सेकको त्यसै श्रृंखलाको एउटा कडी हो प्रस्तुत गीती क्यासेट । "अब भने बुझ्नै पर्छ - मानवअधिकार"

प्रस्तुत क्यासेट इन्सेक अभियानको जग राख्ने र यस अभियानलाई एउटा सशक्त स्थितिसम्म पुऱ्याउने स्व. प्रकाश काफ्लेमा समर्पण गरिएको छ ।

मूल्य रू. ३५/-

स्वर : रमेश वानियाँ / श्याम के.सी. / सिमा पोखरेल
संगीत : श्याम के.सी. / रमेश वानियाँ
संगीत संयोजन : प्रविण गुरूङ